अंक २०, श्रावण २०८० (August 2023)

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन









## कोभिड-१९ महामारी र मानव बेचबिखन

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

अंक ३० साउन २०८० (August 2023)

**सल्लाहकार**
सीता पौड्याल

**सम्पादक मण्डल**
हिरा दाहाल
बिमला ज्ञवाली
सोम कुमार राई
अनिल अधिकारी
बेनु माया गुरूङ

**संयोजक**
करूणा महर्जन
अर्जिता पौडेल

**व्यवस्थापन**
शर्मिला महर्जन

**आवरण/ले-आउट**
सचिन महर्जन

**मुद्रण**
कर्ल्लबर्ग, ललितपुर
९८५१२३४४२७

यस बुलेटिनमा प्रकाशित लेखहरूमा व्यक्त विचारहरू लेखकका निजी हुन् ।

## विषयसूची


- **अध्यक्षको कलमबाट** — २

**लेख**

- कोरोना महामारी, मानव बेचबिखन र बेचबिखनका प्रभावितहरूमा पारेको असरहरू — अनिल अधिकारी — ३
- कोभिड-१९ को महामारीमा मानव बेचबिखनबाट पीडित प्रभावितहरूको उद्धार, फिर्ती, पुनर्स्थापना र पुनर्एकीकरणका चुनौतीहरू — चरीमाया तामाङ — ८
- कोभिड-१९ र मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूको सामाजिक तथा आर्थिक अवस्था — हिरा दाहाल — १०
- पार्लेमो प्रोटोकल र मानव बेचबिखन पीडितका सवालहरू — बुद्धिकुमार श्रेष्ठ — १२
- कोभिड-१९ महामारीमा सीमापार बेचबिखनबाट पीडित प्रभावितहरूको उद्धार र स्वदेशफिर्तीका चुनौती र समस्या — उषा गुरुङ — १५
- कोभिड-१९ महामारीको असर र मानव बेचबिखनका आयामहरू — नानीमाया थापा — १८
- कोभिड जस्तो विश्वमहामारीबाट बालबालिकालाई जोगाउनुपर्ने आवश्यकता — प्रकाश खतिवडा — २१

**अन्तरवार्ता**

- मानव बेचबिखन अनुसन्धान व्यूरोसँग अन्तरवार्ता — २५
- लकडाउनले एचआईभी/एड्स संक्रमितले खाने औषधि प्रभावित भएको थियो — २८

**ऐन दस्तावेज**

- बालबालिका सम्बन्धी नियमावली, २०७८ — २९

**एटविन गतिविधि**

- महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन) संक्षिप्त प्रगति प्रतिवेदन — ३२

**सदस्य संस्था परिचय**

- मकवानपुर महिला समूह, मकवानपुर — ४१
- आवाज, सुर्खेत — ४२

**संचारमा एटविन** — ४३

**समाचारमा मानव बेचबिखन** — ४४


**प्रकाशकः**

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**
पो.ब.नं. : २४९६०, फोन नं. ५३२९७८७, ५३२०४७८
इमेलः aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np
Facebook Page : facebook.com/AATWIN.org

**प्रकाशन सहयोगीः**

Women's Fund Asia



# नीति निर्माणमा ढिलासुस्ती एवं कार्यान्वयनमा चुनौति

मानव बेचबिखन जघन्य अपराध हो यसको नियन्त्रणका लागि नेपालमा पनि सामाजिक तथा नागरिक समाजको अगुवाइमा करिब ४ दशकदेखि निरन्तर प्रयास हुँदै आयो । अन्तर्राष्ट्रिय क्षेत्रमा भएका बहस, पैरवी र सन्धि तथा सम्झौताहरूले समेत नेपाललाई प्रभाव पार्‍यो । सन् १९९६ मा भारतको यौनबजारबाट १२८ जना किशोरीहरूलाई नेपाल फर्काउन सफल भएको घटनाबाट अग्रज सामाजिक अभियान्ताहरूको प्रयासले एउटा मानव बेचबिखन विरुद्धको आन्दोलनको उपलब्धीको रुपमा सन् १९९७ मा एटविन संस्थाको स्थापना भए पश्चात यो मानव बेचबिखन विरुद्धको अभियानले नेपालमा मूर्तरुप लियो । फलतः निरन्तर प्रयासले नेपाल सरकारले सन् २०११ जुन १४ मा संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित सपराध विरुद्धको महासन्धि अनुमोदन गर्‍यो । त्यसैगरी सन् २००२ देखि एटविनको निरन्तर प्रयासमा सन् २०२० जुन १६ मा पार्लेमो प्रोटोकल नेपालको संघीय संसदले अनुमोदन गरे पश्चात हाल कार्यान्वयनको चरणमा रहेको छ ।

विश्व नै आर्थिक मन्दिको चपेटामा परेको बेला विकाशोन्मुख मुलुक त्यसबाट अछुतो रहने त कुरै भएन। देशमा विद्यमान बेरोजगारी, राजनैतिक अस्थिरता, अराजकता, भ्रष्टचार, कालोवजारी, वैदेशिक शिक्षामा आकर्षण, बढ्दो आधुनिकता, विश्वव्यापारीकरण जस्ता कारणले देशमा अवसर न देखी विदेश जानेहरूको संख्या दिनानुदिन बढ्दो छ । ठूलो संख्यामा युवाहरू पलायन हुने दरले वृद्धावृद्धा, अशक्त र अपाङ्गता भएको व्यक्तिको हेरचाह, रेखदेखको समस्या छ । नयाँ प्रविधिसँगै मानव बेचबिखन र मानव तस्करीका आयामहरूमा व्यापकता आएको छ। जसकारण भिजिट भिसा, मानव बेचबिखन, श्रमशोषण र आधुनिक दासताका रुपमा छिमेकी मुलुक भारत, खाडि मुलुकहरूमा नेपालीहरू बेचिएका घटनाहरू बाहिर आइरहेका छन् । कतिपय त एकपटक बेचिएको उद्धारपछि पुनः बेचिएका घटना पनि छन् । नेपाल मानव बेचबिखन र मानव तस्करीको ‘हब’ को रुपमा विकसित हुदै आएको यथार्थ लुकेको छैन । नेपाल हँदै अन्य मूलुक लैजाने गन्तव्य स्थलको रुपमा तस्करहरूले नेपाली भूमि प्रयोग गर्दै आएका छन् । नेपालमा मानव तस्करी नियन्त्रण ऐन नभएका कारण मानव तस्करी बढ्दै गएको तर कानुनको अभावमा कानुनको दायरामा ल्याएर कारवाही गर्न नसकेको दुखेसो मानव बेचबिखन ब्यूरोको छ । यसर्थ पनि यथाशिघ्र मानव तस्करी नियन्त्रण ऐन निर्माण गरी  कार्यान्वयनमा ल्याउन सरकारको ध्यान जानु जरुरी छ । साथै, सात वटै प्रदेशहरूमा मानव बेचबिखन ब्यूरो स्थापना गर्न जरुरी छ ।

विद्यमान ऐन, कानुनहरूको प्रभावकारी कार्यान्वयन नभएको अहिलेको परिप्रेक्ष्यमा पीडकहरूको धाकधम्की, डर त्रासले, पीडितहरू झन् लुकेर हिड्नुपर्ने, डराएर बस्नुपर्ने र पीडक खुलेआम हिड्ने अवस्थाले समाज भयभीत बनेको छ भने अर्कोतिर पीडितलाई सहयोग र संरक्षण गर्ने संघसंस्था तथा व्यक्तिलाई उल्टो आरोप प्रत्यारोप लगाई मुद्दामामिलाको चपेटामा झेलिनु परेको तितो यर्थाथ हामीसँग छ ।

मुलुक २०७२ सालको महाभूकम्पको प्रकोपबाट तैरिन खोज्दै गर्दा विश्वमहामारीको रुपमा फैलिएको कोभिड-१९ को कहरले नेपाललाई पुनः थला पार्‍यो । देशमा व्याप्त नैराश्यता र उचित रोजगारीको कमी, आर्थिक मन्दीबाट बच्न अवसरको खोजीमा अत्तालिएर भौतारिदा कहाँ फन्दा वा जोखिममा परिने हो भन्ने हेक्का नराखी हामफाल्दा हाम्रा दाजुभाई तथा दिदीबहिनीहरू बेचबिखन वा तस्करी जस्तो जघन्य समस्या भोग्न बाध्य भएका छन् । तसर्थ देशमा विद्यमान ऐन, कानुन नीति कार्ययोजना र अनुमोदित अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकता वा समय सापेक्ष कानुनको संशोधन गर्ने, नभएका ऐन कानुन निर्माण गर्ने जिम्मेवारी नेपाल सरकारको हो । चेलिबेटी बेचबिखन त्यसमा पनि यौनशोषणका लागि मात्र हुने बेचबिखन भन्ने आमबुझाईमा अब फरकपन आई पुरुष तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक पनि बेचिन्छन् भन्ने कुरा बुझ्नु जरुरी छ । देशमा रोजगारी एवं शान्ति सुव्यवस्था कायम गरी ठूलो संख्यामा विदेशिइरहेको जनशक्तिलाई यथोचित सम्बोधन गर्न र मानवबेचविखन जस्तो जघन्य अपराधलाई नियन्त्रण गर्न नेपाल सरकारले अग्रगामि कदम चाल्न अब ढिलो नगरी यस बारेमा लागेको धब्बा हटाउन नेपाल सरकारलाई आग्रह गर्दछौं ।

सीता पौड्याल
अध्यक्ष, एटविन

# कोरोना महामारी, मानव बेचबिखन र बेचबिखनका प्रभावितहरूमा पारेको असरहरू



✍ अनिल अधिकारी

२०७६ सालको मंसिर महिना अर्थात् सन् २०१९ को डिसेम्बरको शुरुतिर चीनको वुआन राज्यमा पहिलो पटक कोरोना महामारीको संक्रमण अर्थात् कोभिड-१९ देखापऱ्यो । मानिसको संसर्गबाट मानिसमा छिट्टै फैलिने उक्त संक्रमण क्रमशः आगोसरि संसारका अधिकांशत मुलुकभरि फैलिन थाल्यो । विश्वभरि उक्त संक्रमणबाट ६५,९२,९८९ जना मानिसहरूले ज्यान गुमाए। नेपालपनि सो संक्रमणबाट अछुतो रहने कुरै रहेन । नेपालमा सो संक्रमणबाट मर्नेको संख्या १२,०१९ रह्यो । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले कोभिड संक्रमणको गम्भिरतालाई 'इतिहासकै खतरनाक महामारी'को संज्ञा दिँदै २०७६ फागुन २८ गते विश्वव्यापी महामारी' भनी घोषणा गऱ्यो । त्यस लगत्तै विश्वका अधिकाश राष्ट्रहरूले देशभित्र र बाहिर यात्रा गर्न प्रतिबन्ध लगाउँदै लकडाउन गर्ने घोषणा गरे । कोरोना संक्रमण एक मानिसबाट अर्कोमा सहजै सर्ने भएकोले मानव साङ्गलो तोड्न लकडाउन गरिएको थियो । नेपाल पनि त्यस महामारीको उच्च चपेटामा पर्न थालेपछि सरकारले पहिलो पटक मिति २०७६ साल चैत्र ८ बाट देशभित्र हिंडडुल गर्न प्रतिबन्ध लगाउँदै लकडाउन गर्ने घोषणा गऱ्यो ।

कोभिड कहरले संसारको गति नै ठप्पै झैं पारिदियो । मानिसलाई संक्रमणबाट बच्न जो जहाँ छ त्यहीं बस्ने र मानव मानव बीच भौतिक दुरी कायम राख्ने र मानिसले समाजसँग सामाजिक दुरी कायम गर्ने नियम अनिवार्य गरियो । घरबाट काम गर्ने र इन्टर नेटको प्रयोग गरी विद्यालयका कक्षा सञ्चालन गर्ने परिपाटी विकास भयो । संक्रमणबाट बच्न मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गरियो । सभा, वैठक, छलफल, प्रस्तुतिहरू सामाजिक सञ्जालबाट सञ्चालन हुनथाले । यात्राहरूमा प्रतिबन्ध लागेकाले संसारभरि लाखौं मानिस देश-विदेशमा अलपत्र परे । रोजगारीका लागि देशभित्रकै ठूला शहरहरू पसेका नेपालीहरू हिंडेरै गाउँघर र जिल्ला पुगे । कामका लागि छिमेकी मुलुक भारत पसेका लाखौं नेपालीहरू कोभिडकै क्रममा घर फर्के र यहाँ कामकाज ठप्प भएकोले पुनः भारत फर्कन बाध्य भए । सो बखत कैयन बालबालिका र महिलाहरू जोखिमको अवस्थाबाट गुज्रे ।

### कोभिडको तथ्याङ्क

| विश्वव्यापी |
|---|
| व्यक्तिगत घटना दर्ताः ६३,५१,६८,२४३ |
| मृत्यु भएकोः ६५,९२,९८९ |
| निको भएकोः ६१,४१,२०,७०० |
| **नेपाल** |
| व्यक्तिगत घटना दर्ताः १०००५३८ |
| मृत्यु भएकोः १२,०१९ |
| निको भएकोः ९,८७,९७९ |
| अहिले लागेकोः ६०५ |

स्रोतः *disease.sh-Open Disease Data API Dise*

कोभिड-१९ ले सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यटन, वातावरण, मनोरञ्जन, औद्योगिक क्षेत्रमा प्रतिकूल र दिर्घकालिन प्रभाव पाऱ्यो । ठूला ठूला उद्योग, कलकारखाना बन्द भए । नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययन्ले कोभिडको कारण नेपालमा १५ लाख ६४ हजारको रोजगारी गुमेको थियो । नेपालमा १२ लाख १५ हजार अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू रहेको राष्ट्रिय मानव अधिकार आयोगले गरेको 'मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९' ले जनाउँदछ । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू मानव बेचबिखनको जोखिम समूहभित्र पर्ने अनुमान प्रतिवेदनले गरेको छ । विपन्न समुदायका लाखौं मानिसहरूले दैनिकी धान्ने आधार गुमाउन पुग्दा जीवन कष्टकर भएको थियो । प्रतिवेदनले लकडाउनका बेला

दुध, तरकारी तथा अन्य दैनिक उपभोग्य सामानहरू बोक्ने ट्रिपर, जीपहरूबाट रोजगारीका लागि भनी गाउँघरहरूबाट युवती तथा किशोरीहरूलाई लग्दै गरेको, बैंकको नक्कली कार्ड बोकेर मोटरसाइकलमा भारततर्फ लैजाँदै गरेको समाचारहरू बाहिर आएको जनाइएको छ। त्यस्तै, नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोले लकडाउनका बेला मानव बेचबिखन तथा ओसारपसारका २० वटा घटना दर्ता भएको जनाएको छ।

कोभिडको बेला मानिसहरू आ-आफ्नै परिवारसँग घरघरमा बस्न बाध्य भए । बन्दकोठाभित्र मानिसहरू बढीभन्दा बढी सामाजिक सञ्जालको आदतमा पर्न थाले। यसबाट मानिसमा नैराश्यता, मनोरोगहरू देखिन थाले। यात्रामा प्रतिबन्ध भएपनि विदेश र छिमेकी मुलुकहरूबाट आउनेहरू क्वारेन्टाइनमा बस्नुपर्ने अवस्था सिर्जना भयो जस क्रममा महिलामाथि यौनजन्य हिंसाका घटनाहरू सार्वजनिक भए । अरु पेशाझैं कोभिडको संक्रमणले विश्वभर यौनकर्मीहरू मारमा परे । मानव बेचबिखन र एचआईभी/एड्सबाट प्रभावित एवं मनोरञ्जन क्षेत्र जस्तैः डान्सबार, रेस्टुरेन्ट, गजल, दोहरी, मसाज पार्लरमा कार्यरत श्रमिक महिलाहरूको दैनिकीमा ठूलो प्रभाव पर्न गयो। यसको परिणामस्वरुप समाजमा आत्महत्या, महिला तथा बालबालिकाका हिंसाका थुप्रै घटनाहरू सार्वजनिक हुनथाल्यो।

कोभिडको समयमा लैंगिक हिंसा, आन्तरिक तथा बाह्य मानव बेचबिखन तथा ओसारपसार, घरेलु हिंसा, बलात्कार, अवैधानिक रुपमा सञ्चालित बालसुधार गृह, असुरक्षित स्थानागमन, एसिड आक्रमण, छाउपडी, हत्या, आत्महत्या, बोक्सीको आरोप, यौन दुर्व्यवहार, बेपत्ता, साइबर क्राइम, बालविवाह, कुटपिट जस्ता घटनाहरू बढेको प्रशस्तै समाचारहरू सार्वजनिक भए जसको प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध कोरोना महामारीसँग रहेको थियो *(पौडेल.वि., २०२०, 'कोविड-१९ र संचार माध्यम (छापा र अनलाइन) मा प्रकाशित लैंगिक हिंसा सम्बन्धी सञ्चार सामाग्रीको अध्ययन तथा विश्लेषण प्रतिवेदन', एट्विन, काठमाण्डौं, नेपाल।)*



'विश्वास नेपालसँग मनोरञ्जन क्षेत्रका झण्डै १० हजार महिला दिदीबहिनीहरू आवद्द हुनुहुन्छ । कोभिडको बेला ३२० जना सदस्यहरूले रोजगारी गुमाउनु भयो', **तारा भण्डारी,** अध्यक्ष, विश्वास नेपाल तथा उपाध्यक्ष, एटविन



'कोभिड-१९ को समयमा नेपालमा बलात्कार र हिंसाका घटना एकदमै धेरै भएका छन्', **विजय पौडेल,** विश्लेषक एवं संचारकर्मी



'कोभिडको कारण शक्ति समूका धेरै कर्मचारीहरू कोभिडको संक्रमणमा समेत पर्नुभयो । दुर्भाग्यवस् एकजना सेवाग्राहीको उपचारको क्रममा ज्यान समेत गयो', **बालकुमारी दर्लामी,** कार्यकारी निर्देशक, शक्ति समूह



'हामीले पाउने करिब २५% अनुदान रकम कटौति भयो जसले संस्थाको नियमित कार्यक्रमलाई प्रभाव पारेको थियो', **राजेन्द्र शाक्य,** अध्यक्ष, आशा नेपाल

विश्वास नेपालले मनोरञ्जन क्षेत्रका १६ सय जना महिला दिदी बहिनीहरूलाई कोभिडको समयमा राहत र स्वास्थ्य सामग्रीहरू वितरण गरेको त्यस संस्थाका अध्यक्ष तारा भण्डारी बताउँछिन् । विश्वास नेपाल मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरूको हक अधिकार संरक्षण गर्न जीविकोपार्जन सुनिश्चित गर्न क्रियाशिल संस्था हो । 'कोभिडको बेला लामो समयसम्म मनोरञ्जन क्षेत्र जस्तैः डान्सबार, दोहरी र गजल रेष्टुरेन्ट, खाजाघर बन्द रह्यो जसले दिदी बहिनीहरूको दैनिक गुजारामा संकट देखियो । जागिर नभएर आर्थिक संकट र कोठा भाडा तिर्न नसक्ने, घरधनीको धम्की र गालीगलौज आदि कारणले हाम्रा सदस्यहरूमा मानसिक समस्या र आत्महत्याको घटना समेत वृद्धि भएको थियो', भण्डारी भन्छिन्, 'हाम्रा कतिपय श्रमिक साथीहरू घरपेटीले निकालिदिएको र कतिपय त सडकमै आउनु पर्ने बाध्यता थियो । कति दिदीबहिनी वैदेशिक रोजगारीमा जान बाध्य भएको, केटाकेटीहरूलाई अनलाइन कक्षा दिनुपर्ने भएकोले कम्प्यूटर, ल्यापटप, मोबाइल दिन नसक्ने घरमा केटाकेटीहरूको पढाई अवरुद्ध भएको, स्थानीय सरकारले वितरण गरेको राहतमा पहुँच नपुग्नाले र सरकारी परिचय पत्रको अभावले भोकभोकै पर्न बाध्य भएको जस्ता समस्याहरू थिए ।'

शक्ति समूहका कार्यकारी निर्देशक बालकुमारी दर्लामी कोभिडको समयमा आश्रय गृहका कर्मचारी र सेवाग्राहीहरूमा मनोसामाजिक समस्याहरू देखिएको बताउँछिन् । 'वहाँहरूमा अनावश्यक त्रास, आत्तिने, निरास हुने, रिसाउने, झर्कोफर्को गर्ने, रुने, एक्लोपन महसुस भएको अनुभूति हुने समस्या थियो किनकी लकडाउनले संस्थाभित्रै बस्नुपर्ने अवस्था थियो', दर्लामी भन्छिन् । दोस्रो चरणमा कर्मचारी र सेवाग्राहीहरू पनि संक्रमणमा परेका र दुर्भाग्यवस् एकजना सेवाग्राहीको उपचारको क्रममा ज्यान गएकोले अरुहरूमा आत्मबलमा कमी आएको महशुस आफूले गरेको उनी बताउँछिन् । 'संस्थाको नियमित कार्यक्रमहरू प्रभावित बनेको थियो', उनी भन्छिन्, 'कर्मचारीहरू घरबाट नै काम गर्ने भए पनि पहिलो चरणमा प्रविधिको ज्ञानको कमी भएकोले काम प्रभावकारी भएन र कोभिडको दोस्रो कहरमा आइपुग्दा प्रविधिको विकाससँग अनुकूलन रहन गई केही कार्य सहज भए पनि प्रत्यक्ष रुपमा कार्यालय, सेल्टर होम र फिल्डमा उपस्थित भएर गर्नुपर्ने कार्यमा भने नकारात्मक असर पारिराखेको थियो ।'

त्यस्तै, आशा नेपालका अध्यक्ष राजेन्द्र शाक्य आफ्नो संस्थाले कोभिडको समयमा यथेस्ट खाद्यान्न जम्मा गरेकोले आफ्नो संस्था अन्तर्गत सञ्चालित आश्रयस्थलका २५ जना बालबालिकाहरूले करिब ६ महिना खाद्यान्नको संकट भोग्नु नपरेको बताउँछन् । आशा नेपालले मानव बेचबिखनको प्रभावितहरूलाई आश्रय र जीविकोपार्जनमा सहयोग गर्ने एवं प्रभावितहरूका केटाकेटीहरूको आश्रय, बसोबास र शैक्षिक सहयोगमा काम गर्दै आइरहेको छ । 'संस्थालाई आउने अनुदानमा कटौति त भयो किनकी दाताको प्राथमिकता कोभिडमा डाइभर्ट भयो', शाक्य भन्छन्, 'काठमाण्डौं भित्र आवत जावत गर्न, कर्मचारीहरूलाई निकै मर्का पर्‍यो । विद्यालय बन्द भयो । अनलाइन पढाउने भन्ने सरकारको निर्णय हुनासाथ हामीले दातालाई प्रस्ताव पठाएर केटाकेटीहरूका लागि ट्याबलेटको व्यवस्था गरेका थियौं ।'

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)ले गरेको 'कोभिड-१९ र संचार माध्यम (छापा र अनलाइन) मा प्रकाशित लैंगिक हिंसा सम्बन्धी सञ्चार सामाग्रीको अध्ययन तथा विश्लेषण प्रतिवेदन' तयार गर्ने क्रममा २०७६ साल चैत्र १५ गते देखि २०७७ साल मंसिर १५ गते सम्म प्रकाशित लैंगिक हिंसा विरुद्धका चारसय ९३ वटा घटनाहरूको अध्ययन् गरिएको थियो । 'कोरोना महामारीका समयमा यतिधेरै घटना हुनु भनेको लैंगिक हिंसा विरुद्ध एकदमै धेरै हो', प्रतिवेदन निर्माणमा संलग्न विश्लेषक एवं सञ्चारकर्मी विजय पौडेल भन्छन् ।

सो अध्ययन्को क्रममा भारतबाट सामान लिएर आएका कन्टेनर फर्केर जाँदा दलालले बेचबिखनका लागि पठाएका महिला र बालबालिका भेटिएको समाचार सार्वजनिक भएको थियो । त्यस्तै, क्वारेन्टाइनमा यौन दुर्व्यवहारका ६ सय २४ घटनाहरू छापा माध्यमहरूमा सार्वजनिक भएको थियो । त्यस्तै, समाचार अनुसार कोभिडको समयमा शिक्षक, चिकित्सक, सुरक्षाकर्मी, जनप्रतिनिधि समेत बलात्कारीका रुपमा देखिए । सरकारले विदेशबाट फर्कनेहरूलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था गरेको थियो । तर ती क्वारेन्टाइनहरू पर्याप्त सुविधा सम्पन्न र

सुरक्षित नरहेको आवाज उठिरहेको थियो जसका कारण क्वारेन्टाइनहरूमा यौन हिंसाका निकै घटनाहरू भएको सार्वजनिक भए । "क्वारेन्टाइनमै स्वयंम सेवक समेत मिली सामूहिक बलात्कार गरेको" लगायतका समाचार नै सार्वजनिक भएको अध्ययनले देखायो । 'ती मध्ये २ वटा आन्तरिक बेचबिखन कोभिडको समयमा भएको समाचार विश्लेषण गरिएको थियो', पौडेल भन्छन् ।

बालिका माथि भर्चुअल यौन हिंसा भएको, यौनसम्बन्धी अश्लील सन्देश र तस्वीर पठाउने पक्राउ परेको समाचार समेत सो अवधिमा सार्वजनिक भएको थियो । फेसबुक मार्फत विश्वासमा लिएर नग्न फोटो, भिडियो हात पार्ने, सार्वजनिक गर्ने धम्की दिएर शोषण गर्ने र त्यस्ता सामाग्रि अरुलाई वितरण गर्नेसम्मको धम्की दिएको घटना अध्ययनमा परेको पौडेल बताउँछन् ।

'कोभिडकै समयमा देखिएको अर्को डरलाग्दो रुप बलात्कार जस्तो घटनामा नागरिक समाज, जनप्रतिनिधी, प्रहरी प्रशासन मिलेर मिलापत्र गराउने, नगदी वा जिन्सी दिएर मिलाउन खोज्ने, जबरजस्ती बलात्कारीसँगै विवाह गराइदिने जस्ता समस्या देखिए', पौडेल भन्छन्, 'यसको परिणामस्वरुप कतिको हत्या, आत्महत्या भयो कति पीडकले फेरी अर्को बलात्कार गरे । यसकारण यसतर्फ सचेत भएर जसरी सरकारले मिलापत्रमा कडा सजायको व्यवस्थासहित कानूनमा संशोधन गरेको छ त्यसैगरी यसको पूर्णपालनाको पनि आवश्यकता छ ।'

कोभिडको समयमा 'छोरी संस्था' ले मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको सामाजिक-आर्थिक अवस्थामा कोभिडले पारेको असर विषयमा सो क्षेत्रका १५० जना श्रमिक महिलाहरूसँग अन्तर्वार्ता लिएर गरेको

### कोभिडको मारमा बेचबिखनमा परिन् उर्मिला

उर्मिला (नाम परिवर्तन) ठमेलको स्पा (मसाज पार्लर) मा काम गर्थिन् । त्यसै क्रममा एकजना पुरुषसँग उनको माया बस्यो । ऊसँग बिहे गरिन् र एउटी छोरी जन्माइन् । श्रीमान्सँग पहाड घर गइन् । सासुको दुर्व्यवहारबाट आजित भई श्रीमान् छाडेर फेरि मसाजमा काम गर्न थालिन् र अर्को लोग्नेमानिससँग उनको सम्बन्ध रहन गयो र फेरि अर्को छोरी जन्माईन् । उनको परिवारले पनि दुख दिन थालेपछि उर्मिला फेरि अलगिइन् । त्यसपछि एकजना भारतीय पुरुषसँग माया बस्यो र उसबाट नि एउटी छोरी भयो । त्यसै बेला कोभिड उत्कर्षमा पुगेको कारण मसाज पार्लर बन्द भएकोले कमाई केही थिएन र कोठाभाडा तिर्ने पैसा थिएन । तीन-तीनजना श्रीमान्बाट तीनवटी छोरीहरू थिए । तिनीहरूले राम्ररी खान पाएका थिएनन् । चिनेजानेकाले खाद्यान्न दिन्थे, त्यही खान्थिन् । आफ्नो कोठाभाडा सम्म तिर्न नसकेपछि कोठा छोडेर कहिले बहिनीकोमा त कहिले आफन्तकोमा बस्थिन् । बहिनी तथा उनको आफन्तले पनि उनी आएको र बसेको मन पराउन छाडे । हालसम्म पनि मसाज पार्लरले गति लिन नसकेको, पर्यटकहरू खासै सन्तोषजनक नरहेको र मसाजमा ग्राहक नभएकोले उर्मिलाको आफुलाई बांच्न पुग्ने तथा छोरीहरूलाई पढाउन पुग्ने जागिर नि थिएन । उनी यदाकदा स्पामा जान्थिन् । फाट्टफुट्ट ग्राहक आउँथे । काम गरेर मासु र अलि मिठा खानेकुरा लगेको दिन आफन्तले मायां गर्थे हैन भने उनि आएको रीस गर्थे । बिस्तारै उर्मिला नानीहरू लिएर स्पामा नै सुत्न थालिन । समस्यै समस्याले घेरिएपछि उनी रक्सीको लतमा परिन् । उनका नानीहरू स्पामा झनै खतरामा परे किनकी त्यहाँ मसाज गर्न कम बढी यौन तृष्णा मेटाइन पाइन्छ भन्ने मनसायले आउँथे । 'छोरी' संस्थाको प्रयासमा उर्मिलाका दुईवटी नानीहरू ८ र १३ वर्षकालाई उद्दार गरेर आफ्नो आश्रय गृहमा राख्न सफल भयो । 'उनीहरू केही समय हामीकहाँ सुरक्षित बसेर हाल अर्कै आश्रयगृहमा रहेका छन्', छोरीका कार्यकारी निर्देशक हिरा दाहाल भन्छिन्, 'त्यहाँ सुरक्षित आवास र पढ्ने अवसर पाइरहेकाछन् ।' २०७९ श्रावणतिर एकजना महिलाले 'यहाँ कोभिडले काम छैन, भारतमा डान्सबारमा काम गरेर मालामाल हुन्छ' भनेर उर्मिलाालाई फकाईन् र उनीसहित ८-१० महिलाको एउटा समूह तयार पारिन् । हामी लगायतका सरोकारवाला संस्थाहरूले सूचनाको आधारमा उनीहरूलाई रोक्ने प्रयास गर्दागर्दै पनि उर्मिला सहित उक्त समूह भारत ओसार पसार भए । कान्छी छोरी लिएर उर्मिला बेपत्ता भइन् । 'हिंसा तथा शोषणबाट प्रताडित उर्मिलालाई कोभिडले गर्दा काममा असर मात्र पुर्‍याएन उनलाई बेचविखनको अवस्थामा समेत धकेलिदियो', दाहाल भन्छिन् ।

अनुसन्धानले सरकारले गरेको लकडाउनका कारण होटल, दोहोरी र रेष्टुरेन्ट, डान्सबार, मसाज पार्लरहरू बन्द भएका कारण रोजगारी बन्द भएपछि कठिन जीवनयापन, अभाव, शारिरीक शोषण, लाच्छनाका कारण श्रमिक महिलाहरूमा चिढचिढापन, जीवनप्रति निराशापन, आत्महत्याको सोंच, प्रतिशोध, अनिद्रा, अनावश्यक र क्षणिक आक्रोसको भावना रहेको पाइयो छोरीकी कार्यकारी निर्देशक हिरा दाहाल बताउँछिन् । ‘अध्ययनमा कूल उत्तरदाता पूर्व श्रमिक महिलामध्ये ४६% ले कामको अभावमा जीवन धान्नकै लागि यौनपेशा अपनाउन परेको बताए’, दाहाल भन्छिन् ।

प्राकृतिक विपद र महामारीहरू अनपेक्षित हुन्छन् र यिनले निम्त्याउने परिणाम कल्पनाभन्दा बाहिरको हुन्छ । २०७२ सालको महा-भूकम्प र कोभिड-१९ को परिणाम पनि त्यस्तै रह्यो, दुवै विनासकारी । र यी दुवै विपदहरू समय अन्तरकालमा दोहरिन सक्छन् । यसका लागि सरोकारवाला निकाय नेपाल सरकार र सम्वद्ध संघसंस्थाहरूले पूर्व तयारी गर्नु अत्यावश्यक छ । सम्भावित जोखिम न्यूनीकरण गर्न सरकारी संयन्त्रहरूलाई तयारी अवस्थामा राख्नु जरुरी छ । कोभिडको बेला संसारभरि अस्पतालमा बेड, अक्सिजन, भेन्टिलेटरजस्ता अत्यावश्यक सेवा र सामग्रीको अभाव देखियो । विकसित मुलुक भनिएका अमेरिका र यूरोपका कतिपय मुलुकहरूसमेत विपदको पूर्व तयारीमा नरहेको प्रमाणित भयो । विकासिल हाम्रो मुलुकले भौतिक पूर्वाधार र विपद व्यवस्थापनमा अझ धेरै गर्नु बाँकि छ । विपद र महामारीको परिणामस्वरुप खासगरि महिला तथा बालबालिकाहरूमा पर्न सक्ने जोखिमतर्फ खासै अध्ययन, अनुसन्धान र विश्लेषण गरिएकै छैन । यसमा संघीय सरकारको मात्रै मुख ताकेर बस्न पनि मिल्दैन, स्थानीय र प्रदेश सरकार, समुदाय, समुदायका हरेक व्यक्ति बेलैमा सचेत र सावधान हुनु जरुरी छ । स्थानीय सरकार र सरोकारवाला दातृ संघसंस्थाहरूको सहयोगमा आकस्मिक कोष स्थापना गर्न पहल गर्ने तथा आफ्ना लाभग्राहीहरूको बीमाको योजनामा पनि सम्भव भएसम्म ध्यान पुऱ्याउन सके सम्भावित विपदबाट केहीहदसम्म राहत हुनसक्ने कुरालाई नकार्न सकिंदैन ।

*(लेखक टेका समूह नेपालका कार्यकारी निर्देशक एवं स्वतन्त्र पत्रकार हुन् ।)*

**बधाई ज्ञापन !**

**एटविनका निवर्तमान अध्यक्ष, सदस्य संस्था शक्ति समूहका संस्थापक, शक्ति मिलन समाजका संस्थापक तथा कार्यकारी निर्देशक**

**श्री नातिसरा राईज्यूलाई पहिलो कमला भासिन (दक्षिण एसिया) अवार्ड- Driving the World Towards Gender Equality, 2022 बाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।**



**सीता पौड्याल**
**अध्यक्ष तथा एटविन परिवार**

# कोभिड -१९ को महामारीमा मानव बेचबिखनबाट पीडित प्रभावितहरूको उद्धार, फिर्ती, पुनर्स्थापना र पुनर्एकीकरणका चुनौतीहरू



✍ चरीमाया तामाङ

शक्ति समूह मानव बेचबिखनका प्रभावितहरूले सन् १९९६ मा स्थापना गरी सञ्चालन गरेको विश्वको पहिलो संस्था हो । यसले विभिन्न आरोह-अवरोहका बीच पनि मानव बेचबिखन बिरुद्धमा केन्द्रित रहेर रोकथाम, प्रभावितहरूको संरक्षण एवं जीविकोपार्जन, नीतिगत वकालत तथा पैरवी गर्दै मानव बेचबिखन बिरुद्धको अभियान सञ्चालन गर्दै आइरहेको छ ।

मानव बेचबिखनको सुरुवात महिला तथा किशोरीहरूको यौन शोषण गर्ने प्रयोजनका लागि भए पनि हाल आएर यसको स्वरुप र गन्तव्यहरू पनि परिवर्तित हुँदै गइरहेको छ । यसमा स्वरुप परिवर्तन भई सिर्जना हुँदै गइरहेका नयाँ आयामहरूले अवस्था थप जटिल पार्दै गइरहेको छ जस्तै-वैदेशिक रोजगारी, विवाह, अंग प्रत्यारोपण, उच्च शिक्षा हासिल गर्ने नाममा, भाडाको कोखका लागि, मनोरञ्जन क्षेत्रमा विभिन्न बहानामा हुने बेचबिखन लगायतका बेचबिखनका नयाँ नयाँ स्परुपहरू आएका छन् भने विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ जस्ता महामारी, देशमा विद्यमान राजनैतिक तरलता, रोजगारीको अवसरको अभाव, विकासमा विविधता हुनु, भौगोलिक विकटता, प्रविधिहरूको विकाससँगै अनलाइन तथा सामाजिक सञ्जालहरूको सही सदुपयोग हुन नसक्नु, दिनानुदिन दैनिक उपभोगका सामाग्रीमा मुल्य अभिवृद्धि जस्ता कारणहरूले मानव बेचबिखन विरुद्ध काम गर्न थप चुनौतिहरू सिर्जना गरिरहेको छ ।

शक्ति समूहले मानव मानव बेचबिखन विरुद्धको अभियान सञ्चालन गर्ने क्रममा बेचबिखनबाट प्रभावित तथा यसको उच्च जोखिममा रहेको महिला तथा किशोरीहरूको संरक्षण गराउने उद्देश्यले काठमाण्डौ जिल्लामा २, सिन्धुपाल्चोकमा १, कास्कीमा १ र बाँकेमा १ गरी जम्मा पाँचवटा सेल्टर होमहरू सञ्चालन गरिरहेको छ । यी पाँचवटा सेल्टर होमहरूमा हाल मानव बेचबिखन प्रभावित तथा यसको उच्च जोखिममा रहेका जम्मा ६१ जना महिला तथा बालिकाहरूले सेवा लिइराखेका छन् ।

सन् २०१९ को डिसेम्वर ३१ को दिन चिनको युआनबाट कोभिड-१९ शुरु भएर विश्वव्यापी फैलिन थालेपछि विश्व स्वास्थ्य संगठनले ११ मार्च २०२० मा विश्वव्यापी महामारी भनी घोषणा गऱ्यो । नेपाल पनि यस महामारीको उच्च चपेटामा पर्ने देखेपछि नेपाल सरकारले पहिलो चोटी मिति २०७७ साल चैत्र ११ बाट लकडाउनको घोषणा गरे सँगै शक्ति समूहले पनि नेपाल सरकारको नियमानुसार सेल्टरमा आवासीय कर्मचारीहरू र सेल्टरमा रहेका सेवाग्राहीसँगैलाई सेवा प्रदान गऱ्यो । कम्तिमा ३ महिनाको दैनिक अत्यावश्यक समाग्रीको व्यवस्थापन गरेको थियो । तर बाहिरबाट आउने र अन्य सेवाहरू तत्काल स्थगित गरी नेपाल सरकारको नियमानुसार शक्ति समूहले पनि आफ्नो कार्यालय बन्द गरेको थियो । यसको कारण संस्थाले प्रत्यक्ष गर्ने कामहरूलाई निरन्तर दिन सकिएन । कर्मचारीहरू घरबाट नै काम गर्ने भए पनि कोभिडको पहिलो चरणमा प्रविधिको ज्ञानको कमी भएको हुँदा काम प्रभावकारी नभएकोले पूर्व निर्धारित तथा परियोजनामा उल्लेख भएका योजना अनुसारका काम गर्नमा कठिनाई भएको थियो । दोस्रो चरणबाट प्रविधिको विकाससँगै केही कार्य गर्न सहज भए पनि प्रत्यक्ष रुपमा फिल्डमा र कार्यालयमा अनि सेल्टर होममा उपस्थित भएर गर्नुपर्ने कार्यमा भने नकारात्मक असर पारेको थियो ।

त्यसैगरी, शक्ति समूहले सञ्चालन गरेको आश्रय (सेल्टर होम) का आवासीय कर्मचारी र सेवाग्राहीहरूको बाहिर आवत जावत हुन नपाएकोले उनीहरूमा मानोसामाजिक समस्याहरू जस्तै डराउने, आत्तिने, निरास हुने, रिसाउने, झर्किने, रुने, एक्लोपनाको महसुस गर्ने जस्ता समस्या देखिएको थियो । कोभिडको दोस्रो चरण फैलिएको अवस्थामा सेल्टरका आवासीय कर्मचारी र सेवाग्राहीहरू पनि कोभिडबाट संक्रमित भएका थिए । यसको कारण अन्य सेवाग्राही र कर्मचारीहरूको आत्मबलमा कमी भएको, पूरानै झ-झल्को आउने जस्ता समस्या देखिएको थियो । पहिलो फेजको तुलनामा दोस्रो फेज अधिक अप्ठेरो महसुस भएको थियो । मानव बेचबिखन पीडित/प्रभावितको उद्धार कार्यमा सहयोग गर्नमा चुनौती लामो समय लकडाउन भएको र भौतिक रुपमा प्रत्यक्ष उपस्थित हुन नसक्ने अवस्था रहेकोले विभिन्न ठाउँमा समस्यामा परेका व्यक्तिहरूलाई तत्काल उद्धारमा सहयोग गर्नका लागि आएका सूचनाको आधारमा पहिचान भएका केसहरूको समेत उद्धारमा सहयोग गर्नका लागि चुनौतिहरू भोग्नुपरेको थियो । मानव बेचबिखन पीडित/प्रभावितहरूको स्वदेश फिर्तिमा चुनौती कोभिड विश्वव्यापी फैलिएको हुँदा विश्वभरि नै लकडाउन भएको कारण आवत जावत बन्द भएको थियो । भौतिक दूरी कायम गर्नुपर्ने जस्ता कारणले गर्दा यस समयमा स्वदेश

फिर्तिमा पनि ठूलो चुनौतिको सामना गर्नुपरेको थियो ।

मानव बेचबिखन पीडित/प्रभावितहरूको पुनर्स्थापनामा चुनौति - कोभिड -१९ को महामारीको बेला नेपालमा लकडाउनको अवस्थामा विभिन्न निकायबाट पुनर्स्थापना गराउन सिफारिस भएर आएका केसहरूलाई नेपाल सरकारको मापदण्ड अनुसार संक्रमण नफैलियोस भनेर कम्तिमा पनि बाहिरबाट आएका व्यक्तिहरू १५ दिन आइसोलेसनमा राख्नुपर्ने भएको हुँदा शक्ति समूहले सञ्चालन गरेको सेफ होमहरूमा कोठाहरू सिमित भएको र तत्काल कोठाहरू थप गर्न नसक्ने अवस्थामा पनि समूहले केही केसहरू व्यवस्थापन गरेको थियो । त्यसैगरी, लामो समयसम्म लकडाउन भएको कारण सेफ होमहरूमा कम्तिमा ३ महिनाको लागि गरिएको खाद्यान्न, लत्ताकपडा, औषधी लगायत दैनिक उपभोग्यका सामाग्रीहरू अपुग भएकोले कठिनाइ भएको थियो भने प्रत्यक्ष रुपमा आवासमा पुऱ्याउनुपर्ने सेवाहरू जस्तै मनोविमर्श, अनौपचारिक शिक्षा, मनोरञ्जन लगायत भर्चुअल मार्फत गर्न परेको थियो । त्यस्ता सेवाहरू प्रत्यक्ष रुपमा गरेजस्तो भर्चुअल त्यति प्रभावकारी नहुने हाम्रो सिकाई रह्यो ।

मानव बेचबिखन पीडित/प्रभावितहरूको पुनर्एकीकरणमा चुनौति - कोभिड -१९ को महामारीको समयमा पुनर्स्थापना सेवा लिइरहेका कतिपय केसहरू महामारीको डरका कारण घर परिवारमा नै जान खोज्ने र लामो समयसम्म पुनर्स्थापनाको सेवा लिएका र शक्ति समूहको नियमानुसार घर परिवारमा पुनर्एकीकरण गर्नपर्ने केसहरू बाटो बन्द भएको कारण गर्न सकिएन ।

यी माथि उल्लेखित समस्या र चुनौतिको समाना गर्दै कोभिड- १९ द्रुत गतिमा फैलिएको र लकडाउन पनि लामो समयसम्म चलिरहेको अवस्थामा शक्ति समूहका सदस्य तथा यसका सेवाग्राही लगायत शक्ति समूहको लक्षित समूह मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको दैनिकीमा ठूलो समस्या सिर्जना हुन गएको थियो । शक्ति समूहले स्थानीय सरकार र दातृ निकायसँग सहकार्य गरी खाद्यान्न, स्वास्थ्यका सामाग्री, मास्क, स्यानीटाइजर लगायतका राहत वितरण गरेको थियो । लकडाउन कै समयमा नेपाल सरकारको सहयोगमा भाडाको कोख (सरोगेसी मदर) का लागि बेचबिखनमा परेकी एकजना किशोरी र उच्च शिक्षा हासिल गर्ने नाममा बेचबिखनमा परेका एकजना पुरुषको उद्धार गर्न समेत सफल भएको थियो । त्यस्तै, नेपाल सरकारले वैदेशिक रोजगारका नाममा खाडीका विभिन्न मुलकहरूबाट उद्धार गरी ल्याएका घटनाहरूलाई नेपाल सरकारको समन्वयमा पुनर्स्थापना गराई पारिवारीक पुनर्एकीकरणमा शक्ति समूहले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । उक्त कार्यमा स्थानीय र संघीय सरकारको सहयोग रहेको थियो । त्यसैगरी, प्रदेश सरकारबाट पनि सेल्टरमा रहेका सेवाग्राहीहरूको लागि शैक्षिक सहयोग, रासन पानीको सहयोग लगायत आपत्कालिन सहयोग उपलब्ध गराउनका लागि पहल गरिएका थिए । शक्ति समूहको अनुरोधमा महामारीका बेला हुन सक्ने मानव बेचबिखनको न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम गर्नका लागि पनि स्थानीय निकायको समन्वय र सहकार्य भएको थियो भने, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँगको सहकार्यमा मानव बेचबिखन न्यूनीकरणका लागि सन्देसमूलक सूचनाहरू नेपाल टेलिभिजनबाट प्रसारण गरिएको थियो र स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा कोभिडको परिक्षण गराउन संस्थाले महत्वपूर्ण भूमिका खेलेको थियो ।

कोभिड -१९ महामारीमा शक्ति समूहले नेपाल सरकारको नीति नियमको पालनासँगै प्रत्यक्ष रुपमा भौतिक उपस्थित भएर गर्नुपर्ने कार्यक्रमहरूको समय तालिका पछि सारेर, तत्काल गरिनुपर्ने कार्यक्रमहरू जस्तै तालिम, सेमिनार, वैठक, मनोविमर्श सेवाहरू भर्चुअलको माध्यमबाट गरेर र सेल्टर होमहरूमा अत्यावश्यक सामाग्रीहरू रासन पानी, औषधी, स्यानीटरीका सामानहरू कम्तिमा ३ महिनाको लागि जगेडा राखेर गरिएको थियो भने तत्काल सामग्रीहरू व्यवस्थापन गर्नका लागि समिति बनाई व्यवस्थापन गर्न आपत्कालिन रणनैतिक योजना समेत बनाएर गरेको, दातृ निकाय, संघीय प्रदेश र स्थानीय सरकारहरूसँग निरन्तर समन्वय र सहकार्य गरेर शक्ति समूहले कोभिड महामारीको सामना गरेको थियो ।

कोभिड-१९ जस्ता महामारी दोहोरिएमा शक्ति समूहले त्यस्ता अफ्ठयारो अवस्थाको सामना गर्नका लागि आपत्कालिन रेस्पोन्स टिम तथा आपत्कालिन रणनैतिक योजना बनाउने, नेपाल सरकार, तथा दातृ निकाय, स्वास्थ्य सेवा प्रदायकहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने र विपद सामना गर्ने योजना निर्माणका साथै शक्ति समूहलाई मानव बेचबिखन विरुद्धको अभियान सञ्चालन गर्नका लागि सिकाई समेत भएको छ ।

कोभिड- १९ जस्तो विश्व महामारीको रुपमा फैलिएका विपद्को अवस्थामा प्रभावितहरूको हक हितको लागि नेपाल सरकारले निशुल्क स्वास्थ्य सेवा, शिक्षा सेवा, तत्कालको लागि आधारभुत आवश्कताका सामाग्रीहरू तुरुन्त व्यवस्थापन गर्ने वा आवश्यकता र क्षमताको पहिचान गरी आवश्यकता अनुसार गोपनीयता कायम गर्दै सहयोग प्राथमिकीकरण गरी उपलब्ध गराउनुका साथै प्रभावितहरूको दीर्घकालिन जीविकोपार्जनको योजना जस्ता क्रियाकलापमा नेपाल सरकारले सहयोग गर्न जरुरी छ ।

*(लेखक शक्ति समूहको संस्थापक तथा अध्यक्ष हुनुहुन्छ ।)*

# कोभिड-१९ र मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूको सामाजिक तथा आर्थिक अवस्था



✍ *हिरा दाहाल*

सरिता (नाम परिवर्तन) ले मसाज पार्लरमा काम गर्न थालेको पनि १० बर्ष भयो । सो कामले बिहान बेलुकाको छाक टार्न र आफ्ना दुई छोराछोरीहरू हुर्काउन, तिनलाई पढाउन मुश्किल नै थियो । कोभिड-१९ को प्रभावले जब देशभरि लकडाउन शुरु भयो सरिताको हात मुख जाड्ने उपायहरू सकिए । उनीले जेनतेन दुई महिनाको लागि पुग्ने खाद्यान्नको जोहो त गर्न सकिन् तर त्यसपछिको समय भने निकै कष्टपूर्ण बित्न थाल्यो ।

सरिता जस्तै मनोरञ्जन क्षेत्रमा कार्यरत हजारौं महिला तथा किशोरी श्रमिकहरूको दैनिकी अत्यन्तै दयनीय, कष्टपूर्ण र सम्हाल्नै नसकिने अवस्थामा पुगेको हेर्न बाध्य सरोकारवालाहरू मध्ये छोरी पनि एक हो । छोरीले विगतको दशकदेखि नै मनोरञ्जन क्षेत्रमा कार्यरत महिला श्रमिकहरूका लागि मनोविमर्श, पुनर्स्थापना सहयोग एवं रोजगारमा सहयोग लगायतका सेवाहरू उपलब्ध गराउँदै आइरहेको छ भने मनोञ्जन क्षेत्रमा कार्यरत झण्डै ५,००० महिला तथा किशोरीहरूलाई कोभिडको समयमा छोरीले राहत वितरण गरेको थियो । राहत सँगै आवश्यकता अनुरुप व्यक्तिगत परामर्श समेत दिएको थियो ।

कोभिडको समयमा मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरूले भोग्नुपरेको अप्ठेरोलाई मध्यनजर गर्दै छोरीले सन् २०२१ मा एउटा अध्ययन गरेको थियो । मिश्रित अध्ययन विधि मार्फत गरिएको त्यस अध्ययनमा मनोरञ्जन क्षेत्रमा कार्यरत १५० जना किशोरी तथा महिलाहरू सहभागी भएका थिए ।

सो अध्ययनको मुख्य उद्देश्य कोभिड-१९ मा महिला श्रमिकहरूको जीवनमा पारेको असरको पहिचान गर्नु थियो । खासगरी उनिहरूको आर्थिक अवस्था पहिचान गर्ने, काम गर्ने ठाउँको अवस्था बुझ्ने, लकडाउनको समयमा उनीहरूको उनीहरूले के कस्ता आर्थिक, सामाजिक र मनोसामाजिक अवस्थाबाट गुज्रनु पऱ्यो सो को विश्लेषण गर्नु रहेको थियो ।

उक्त, अध्ययनमा सहभागी मध्ये ४६ प्रतिशतले लकडाउन पछिको समयमा आफूहरूले बाँच्नका लागि यौन व्यवसाय सुरु गर्नुपरेको तितो यथार्थ सुनाएका थिए । अध्ययनमा सहभागिहरू मध्ये ५२ प्रतिशतको आम्दानीको अवस्था हेर्दा कोभिड अगाडि प्रति महिना २०,००० वा त्यो भन्दा माथि कमाई हुनेहरूको आम्दानी लकडाउनमा शून्य मै झरेको देखियो भने लकडाउन खुलेपछि पनि उनीहरूको कमाई १०,००० भन्दा कममा नै झरेको पाइयो । त्यस्तै, लकडाउन पछि व्यवसायहरू संचालन भएको अवस्थामा पनि उनीहरूको आम्दानीमा पहिले जस्तो सुधार हुन नसकेको अध्ययनले देखाएको थियो । त्यसो हुनुको मुख्य कारण मनोरञ्जन क्षेत्रमा ग्राहकहरूको कमिले नै हो भन्ने तर्क सहभागिहरूको रहेको छ । कोभिडले गर्दा समग्र देश र विश्वकै अर्थतन्त्रमा पारेको असर र जसको कारणले मनोरञ्जन क्षेत्रमा जाने ग्राहहरूको कमिले गर्दा उनीहरूको रोजगार तथा आर्थिक जीवनमा प्रत्यक्ष असर परेको देखिन्छ ।

लकडाउनको समयमा महिला श्रमिकहरूले कसरी गुजारा गरेका थिए भन्ने पक्षलाई हेर्दा अध्ययनमा सहभागि ९९.३ प्रतिशतले एकदमै थोरै पैसाले आफ्नो जिवीकीपोर्जन चलेको अनुभव सुनाएका थिए ।

मिना (नाम परिवर्तन) ले आफूले कसरी सकसपूर्ण तरिकाले जीवन निर्वाह गरें भनेर सुनाउने क्रममा भनेकी थिइन्, 'म एकछाक मात्र खाना खान्थे । अनि मेरो ३ बर्षको छोरालाई जाउलो खुवाउँथे । छोराले मासु खान मन लाग्यो ममी भनेर रुँदा आफुले छोराको ईच्छा पूरा गर्न नसकेको अवस्था सम्झींदा मन नै कुंडीएर आउँछ ।'

अध्ययन्को क्रममा केही सहभागिहरूले आफूहरूले अलिअलि बचत गरेको हुनाले त्यसबाटै पुऱ्याएर खाएको अनुभव पनि सुनाएका थिए । तर ३६.७ प्रतिशतको कुनै पनि बचत थिएन । त्यसैले उनीहरूलाई त्यस समयमा दैनिक जीविका चलाउनको लाीग निकै कठिन भएको

पाइयो । त्यो कठिन परिस्थिति पनि यति सम्म थियो कि अध्ययनमा सहभागि मध्ये ८७.३ प्रतिशतमा आत्महत्याको सोच आएको उनीहरूले उल्लेख गरेका थिए । जीवनमा आएका बाधाहरू तथा कठिन परिस्थितिहरूलाई सामाना गर्ने क्रममा उनीहरूमा मनोसामाजिक असर पनि धेरै परेको देखिन्छ । अध्ययनमा सहभागीहरू मध्ये ५५.३ प्रतिशतले जीवनप्रति पूर्ण निराशा बनेको कुरा सुनाएका थिए भने ५५.३ प्रतिशतले आफू जतिखेर पनि एक्लोपनको महशुस मात्र गर्न थालेको बताएका थिए । त्यसैगरी, ६८ प्रतिशतमा निन्द्रा नलाग्ने समस्या बढेको पाइएको थियो भने ७४ प्रतिशतमा रिस उठ्ने र ८.७ प्रतिशतमा बदलाको भावना बढेको पाइएको थियो । त्यसैगरी ९२ प्रतिशतमा चिन्ता बढेको कारण अस्थिरताको भावना बढेको पाइएको थियो ।

यति हुँदाहुँदै पनि भविष्य प्रतिको आश गर्न छाडिहाल्नु हुँदैन भन्ने सकारात्मक सोच भएका सहभागिहरू पनि नभएका हैनन् । ५४.७ प्रतिशत सहभागीहरूले भविष्यमा राम्रो जीवन होला, कोरोनाको डरलाग्दो अवस्थाबाट बाहिर निस्कन सकिएला भनेर आशापूर्ण तर्क गरेका थिए भने ६० प्रतिशतले जीवन यस्तै असहज रहिनरहने र कुनै न कुनै दिन यी कहालीलाग्दो अवस्थाबाट छुटकारा पाइएला र राम्रो दिनको सुरुवात हुने कुराको अपेक्षा गरेका थिए ।

समग्रमा कोभिड-१९ को प्रभाव स्वरुप मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिकहरूले आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू भोग्नुपरेको देखिन्छ । रोजगारदाताहरूले चासो नराख्ने, भएको रोजगारी गुमाउनु परेको अवस्था, आम्दानीको विकल्पहरू सीमित भएको पाइयो । केही बचत गरेकाहरूले सोही रकम प्रयोग गरेको, सापटी र उधारोमा सामानहरूको व्यवस्था गरेको देखियो ।

अन्त्यमा, उल्लेखित अध्ययनको निष्कर्षलाई मनोरञ्जन क्षेत्रसँग सरोकार राख्ने सरकारी तथा गैरसरकारी संघ संस्था र सरोकारवाला व्यक्तिहरूले एउटा महत्वपूर्ण सिकाई एवं पाठको रुपमा गम्भिरतापूर्वक लिइदिनु आवश्यक छ । कोभिड जस्तो भयावह महामारी र त्यसले यस क्षेत्रमा पार्न सक्ने दिर्घकालिन असरको निवारणका उपायहरू खोज्दै सरोकारवालाहरू सतर्क रहिरहन आवश्यक छ ।

(प्रस्तुत लेख छोरीले कोभिड-१९ र मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूको सामाजिक तथा आर्थिक अवस्था विषयक अध्ययनको सार हो ।)

*(लेखक छोरी संस्थाको संस्थापक एवं कार्यकारी निर्देशक हुनुहुन्छ ।)*


## बधाई ज्ञापन !

एटविनका सदस्य संस्था शक्ति समूहलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०, २०२१) को उपलक्ष्यमा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनमा क्रियाशिल रही मानव बेचबिखन विरुद्धको कार्य गरेको तथा पीडितको उद्धार, स्वदेश फिर्ता, सुरक्षित आवास, जीविकोपार्जनमा सहयोग लगायतका कार्य गरी महिला तथा बालअधिकारको मानव अधिकार संरक्षणको क्षेत्रमा पुऱ्याउनु भएको विशिष्ट योगदानको कदर तथा सम्मानस्वरुप कानुन, न्याय तथा संसदीय मामिला मन्त्रलायबाट **मानव अधिकार पुरस्कार, २०७८** ले सम्मानित गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।




**सीता पौड्याल**
**अध्यक्ष तथा एटविन परिवार**

# पार्लेमो प्रोटोकल र मानव बेचबिखन पीडितका सवालहरू



✍ बुद्धिकुमार श्रेष्ठ

**पृष्ठभूमी**

सन् २००० नोभेम्बर १५ मा राष्ट्रसंघले मानव बेचबिखन विरुद्ध सयुंक्तरुपमा मुकाबिला गर्नका लागि सदस्य राष्टहरूबीच सहकार्य वृद्धि गर्ने अभिप्रायले अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्धको अभिसन्धि पारित गऱ्यो । सोही अभिसन्धिका ३ वटा इच्छाधिन आलेखहरूमध्यको पहिलो आलेख मानव बेचबिखन (विशेषत महिला तथा बालबालिका) रोकथाम, नियन्त्रण र सँजाय सम्बन्धी आलेख हो । यस आलेखलाई सदस्य राष्ट्रहरू बीच हस्ताक्षरको लागि सन् २००० को डिसेम्बर १२ देखि १५ सम्म इटालीको पाार्लेमोमा खुल्ला राखिएको थियो । उक्त इच्छाधिन आलेख नै मानव बेचबिखन विरुद्धको अभियन्ता र अधिकारकर्मीहरू बीच पार्लेमो प्रोटोकलको रुपमा परिचित छ जसलाई मानव बेचबिखन विशेषगरि महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख पनि भनेर चिनिन्छ । पार्लेमो प्रोटोकलका तीनवटा उद्देश्यहरू रहेका छन् :

१) मानव बेचबिखन बिशेषत महिला तथा बालबालिकाको रोकथाम र यसको विरुद्धमा लड्ने ।
२) बेचबिखन पीडितको मानव अधिकारको पूर्ण सम्मान गर्दै संरक्षण र सहयोग गर्ने ।
३) उल्लेखित उद्देश्यहरू पूरा गर्न सदस्य राष्ट्रहरू बीच सहकार्य अभिवृद्धि गर्ने ।

नेपाल सरकारले पार्लेमो प्रोटोकललाई मार्च २०२० मा अनुमोदन गरिसकेको छ । यसैको सन्दर्भमा उल्लिखित दोश्रो उद्देश्यको सेरोफेरोमा रहेर यस लेखमा छलफल गर्ने प्रयास गरिएको छ ।

**मानव बेचबिखनको बुझाइको सम्बन्धमा**

पार्लेमो प्रोटोकल मानव बेचबिखन विरुद्धको अभियानमा महत्वपूर्ण संस्थागत प्रयास हो । यसले मानव बेचबिखनलाई बृहत्त रुपमा परिभाषित गर्न र महिला तथा बालबालिकाहरूको सवालमा अझ गम्भीर रुपमा सोच्नुपर्ने भन्ने सन्देश दिएको छ । यस प्रोटोकलका अनुसार 'मानव बेचबिखन भन्नाले शोषण (शोषण भन्नाले अरुको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी बनाउने वा मानव अङ्ग झिक्ने कार्य समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर फुक्याएर, शक्तिको दुरुपयोग गरेर, नाजुक स्थितिमा ओहदाको दुरुपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्ति माथि नियन्त्रण कायम गरी एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ ।' यसरी मानव बेचबिखनलाई एउटा जटिल प्रक्रिया जसमा उद्देश्य, माध्यम र कार्य गरी तीन तत्वहरूको उपस्थिति रहने कुरा औंल्याएको छ । यसका साथै पूर्वस्वीकृति लिएको भएता पनि परिस्थितिजन्य बाध्यतमा लिइने वा शोषणका लागि नभनी अन्य प्रयोजनका लागि भनेर बताइएको हुन्छ । यसले नेपालको सन्दर्भमा पनि सोही अनुसार मानव बेचबिखनलाई पुनपरिभाषित गर्नुपर्दछ जसमा आन्तरिक बेचबिखन लगायतका नवीनतम प्रवृत्ति (ट्रेन्ड) हरू समावेश गर्न आवश्यक छ ।

यसमा कानुनी व्यवस्थाको अलावा आम बुझाई र त्यसको कार्यान्वयन अझै महत्वूर्ण पाटो रहन्छ । कानुनी प्रबन्ध अत्यन्त शसक्त पक्ष हुँदाहुँदै पनि शब्दमा सीमित हुँदासम्म यो मृतप्राय: नै हुन्छ । यसमा प्राण भर्ने कार्य सरोकारवाला (एक्टर) हरूको कार्य मार्फत हो । त्यस्ता कार्य वा कर्महरू आफ्नो सोंच, चिन्तन र वैचारिक पक्षले निर्धारण गर्दछ । वर्तमान परिप्रेक्षलाई नियाल्दा जिम्मेवार अधिकारीहरूको चिन्तन पक्षमा अझै पनि केन्द्रिकृत र पित्तृसत्तात्मक सोंच हाबी भएको, कर्मचारीतान्त्रिक आचरण, जागिरे मानसिकता र केही हदसम्म सामन्ती रुढीग्रस्त बिचारहरू छैन

भन्न सकिदैन । तसर्थ, पार्लेमो प्रोटोकलको अनुमोदन पश्चात हाम्रा कर्महरूमा यान्त्रिक परिवर्तन आइहाल्ने सम्भावना देखिदैन । यसका लागि चिन्तन पक्षमा नै रुपान्तरण ल्याउनु जरुरी छ जसका लागि यस क्षेत्रमा सक्रिय नागरिक समाजको पहलले अर्थपूर्ण महत्व राख्दछ र आगामी दिनमा यसको आवश्यकता झन् टडकारो देखिन्छ । मानव बेचबिखनका सवालहरूमा आम मानिसहरूको बुझाई, नीति निर्माण एवं कानुन कार्यान्वयनकर्मीहरूमा रहेको बुझाई र कानुनी प्रबन्धमा रहेको बुझाइमा केही अन्तरविरोधहरू रहेको पाइन्छ । यसले परिवर्तित सन्दर्भ, मानव बेचबिखनको नवीनतम प्रवृत्ति र घटनाक्रमहरूलाई सम्बोधन गर्न सकेको छैन । समयक्रममा विकसित ज्ञान र प्रविधि एवं तिनको दुरुपयोग हुने गरी गरेका मानव बेचबिखन सम्बन्धी अपराधकर्म, आन्तरिक बेचबिखन लगायत बेचबिखनका नविनतम प्रवृत्तिहरू, बालबालिकाको सवालहरू लगायतलाई समावेश गरी पार्लेमो प्रोटोकलको मर्म अनुरुप मानव बेचबिखनको पुनर्परिभाषा आवश्यक छ । अनि त्यसैलाई आधार बनाएर बृहत्त छलफल गर्ने सम्बन्धित अधिकारीहरूलाई अभिमूखिकरण गर्ने र आम जनमानसमा सचेतनामूलक अभियान चलाउँदा बुझाइमा एकरुपता निर्माण गर्न र कार्यान्वयनमा रुपान्तरण गर्दै जाने पृष्ठभूमी तयार हुन सक्दछ ।

**पार्लेमो प्रोटोकल र पीडित लक्षित सहयोग र संरक्षण**

मानव बेचबिखन पीडितहरूको संरक्षण यस प्रोटोकलको अर्को उल्लेखनीय पाटो हो । प्रोटोकलको दोश्रो खण्डमा मानव बेचबिखनका पीडितहरूको संरक्षण सम्बन्धमा व्यवस्था गरिएको छ जसमा पीडितहरूको सुरक्षा, संरक्षण, कानुनी सहायता, स्वदेश फिर्ती, सामाजिक अन्तर्घुलन लगायतका मुद्दाहरू उल्लेख गरिएका छन् ।

पीडितको पहिचान एवं गोपनीयता मानव बेचबिखनको सन्दर्भमा गम्भीर सवाल हो । यसको सुनिश्चितताको लागि पक्ष राष्ट्रहरूले आवश्यक कानुन बनाई कार्यान्वयन गर्नुपर्ने भनी प्रोटोकलमा उल्लेख गरिएको छ । आफ्नो प्रशासनिक तथा कानुनी व्यवस्थामा पीडितहरूले अपनाउनुपर्ने कानुनी तथा प्रशासनिक प्रक्रिया सम्बन्धी सूचनाहरू, अभियोजकको प्रष्टिकरण दिने हकलाई सुनिश्चित गर्दै न्याय प्रक्रियामा पीडितका सवालहरू सम्बोधन हुने गरी उपर्युक्त तरीकाले व्यक्त गर्न आवश्यक सहयोगको व्यवस्था गर्नुपर्ने हुन्छ । हरेक पक्षराष्ट्रहरूले विशेषत आवश्यक आवास तथा पीडितले बुझ्ने भाषामा विद्यमान कानुनी अधिकार समेत जानकारी हुने गरी परामर्श र सूचनाको व्यवस्था गर्नुपर्ने, आवश्यक भौतिक, मनोसामाजिक र स्वास्थ्य सामग्रीको सहयोग गर्ने, रोजगारी, शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्ने गरी आवश्यकता अनुसार नागरिक समाज, गैससरकारी संस्था वा अन्य सरोकारवाला संघसस्थाहरूसँगको सहयोगमा पीडितहरूको शारिरीक, मानसिक र सामाजिक अवस्था पुनर्प्राप्तिका लागि कार्यान्वयन मापदण्ड बनाउन जोड दिइएको छ । यस मापदण्डको कार्यान्वयन गर्ने क्रममा पीडितको उमेर, लिङ्ग र बालबालिकाहरूको हकमा उपयुक्त शिक्षा, हेरचाह र आवास सम्बन्धी व्यवस्थालाई ध्यान दिनुपर्ने उल्लेख गरिएको छ । आफ्नो सीमाभित्र पीडितहरूको सुरक्षामा सम्बन्धित राष्ट्रलाई नै जिम्मेवार बनाउन खोजिएको छ । साथै, पीडितहरूलाई क्षतिपूर्तिको व्यवस्था घरेलु कानुनले सम्बोधन गर्ने गरी व्यवस्था गनुपर्ने छ । साथै, अर्को महत्वपूर्ण सवाल पीडितहरूको स्वदेश फिर्तीको रहेको छ । प्रोटोकलले पीडितहरूको आफ्नो देशमा फर्कन पाउने हकलाई जोड दिंदै स्वदेश फिर्ती सम्बन्धमा सम्बन्धित राष्ट्रले आवश्यक व्यवस्था गनुपर्ने व्यवस्था गरिएको छ । यस सम्बन्धमा पक्ष राष्ट्रले द्विपक्षीय र बहुपक्षीय सम्झौता गर्नुपर्ने, फर्कन आवश्यक परिचय पत्र जारी गर्ने, आवश्यक सुरक्षा तथा कानुनी सेवा निशुल्क प्रदान गर्ने, फिर्ता ल्याउन आवश्यक सहजीकरण गर्नुपर्ने भनी उल्लेख गरिएको छ। नेपालको सन्दर्भमा स्वदेश फिर्ती सम्बन्धी आवश्यक कानुनी व्यवस्था, सहजीकरण र स्रोतहरूको व्यवस्था अहिलेको टड्कारो आवश्यकता देखिन्छ ।

मानव बेचबिखनका पीडितहरूलाई सहयोग र संरक्षणको सवालमा कुरा गर्दा पीडितहरूको पहिचान र अभियुक्तहरूलाई कानुनी दायरामा ल्याउनु शुरुवाती प्रक्रिया हुन आउँछ । नेपालमा मात्रै नभएर मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको संख्या विश्वव्यापी रुपमा नै अधिक रहेको मानिन्छ तर कारवाहीको हिसावले हेर्दा त्यसको आंकडा निकै कम देखिन्छ । यसका लागि सरोकारवाला निकायहरूको सक्रियता अति आवश्यक छ। ध्यान दिनुपर्ने पक्ष त समग्र सरोकारवालाहरूप्रति अझै विशेषतः न्याय पद्धति र प्रहरी

प्रशासन प्रति पीडितहरू वा जोखिममा रहेकाहरूको भरोसा र विश्वास नै मुख्य आधार हो जसमा टेकेर आवश्यक सूचना संकलन गर्दै सम्बन्धित अपराधीसम्म कानुनको प्रभाव फैलाउन सकिन्छ । मानव बेचबिखन यस्तो संगठित अपराध हो कि त्यसको अनुसन्धान तथा कानुनी कारवाहीमा ल्याउने कुरा निकै जटिल हुन्छ । हाम्रो सरकारको शुसासन र स्वच्छ प्रशासकीय छवि एवं न्यायप्रणालीमा समेत गम्भीर प्रश्न उठ्ने गरेको अवस्थामा मानव बेचबिखनको आपराधिक संजाललाई छिचोलेर साङ्गोपाङ्गो लगाउने गरी अनुसन्धानलाई अगाडि बढाउने कार्य सहज छैन । जे हुनु भै गयो भन्ने, किन झमेला बेहोर्नु भन्ने मानसिकतालाई हटाएर पीडितहरूमा न्याय प्राप्त हुन्छ भन्ने कुराको सुनिश्चिता दिलाउन सक्नु पर्छ । त्यसका अलावा कानुनी प्रक्रिया शुरुवाती चरणमा चुनौतिपूर्ण भएतापनि मेरो आगामी दिनहरू सहज हुनेछन्, संरक्षणको सुनिश्चितता हुनेछ । कानुनी प्रक्रिया झमेला हैन, नागरिक दायीत्व हो र यस वापत राज्यले पर्याप्त रेखदेख दिन्छ भन्ने विश्वास पीडितहरूमा दिलाउन सक्नुपर्दछ । जसका लागि सम्बन्धित सरोकारवाला निकायहरूले धेरै नै प्रयास गर्नु पर्ने देखिन्छ ।

पीडितहरूको राज्य संयन्त्रप्रतिको मनोविज्ञान भनेको समग्र पद्धति र व्यवहारको प्रतिरुप हो । त्यसमाथि पीडितहरूको मनोसामाजिक अवस्थाका कारण पनि सूचनाहरूमा फेरबदल भइरहनु मनोवैज्ञानिकहरूले स्वभाविक प्रक्रियाको रुपमा लिने गरेका हुन्छन् । यसको मुख्य आधार भनेको पीडितहरूबाट प्राप्त गरिने अविच्छिन्न सहयोग र प्रतिवद्धता हो । पीडितहरूलाई विश्वासमा लिन सक्नु उनीहरूको न्यायप्राप्तिको बाटोको एउटा महत्वपूर्ण आधार हो । मुद्दा पैरवीका क्रममा प्रहरी प्रशासनले पीडितलाई विश्वासको वातावरण सिर्जना गरिदिनुपर्दछ । यसका अलावा मुद्दालाई शसक्त ढंगले अगाडि बढाई न्यायिक प्रक्रियालाई अगाडि बढाउनु जरुरी छ । साथै, अनुसन्धान प्रक्रियालाई अझै वैज्ञानिक, समय सान्दर्भिक बनाउन अनुसन्धानमा अर्धन्यायिक निकायको संलग्नता गर्न र संयुक्त अनुसन्धान पद्धतिको विकास तर्फ अग्रसर हुन जरुरी छ ।

पीडितहरूले आफ्नो पहिचान खुल्ला गर्नु, घटनाको फेहरिस्त बताउनु, सम्बन्धित दलालहरूलाई सार्वजनिक गर्नु भनेको समुदाय र राज्यको लागि ठूलो योगदान हो जसले गर्दा सबैले सुसुचित हुने र अझै सुरक्षाका उपायहरू अवलम्बन गर्ने सिकाई प्राप्त हुन्छ । यसका लागि हाम्रो समाजको सोंच र पीडितहरूप्रति गरिने व्यवहार मैत्रीपूर्ण छैन, न त राज्य र यसका संयन्त्रहरू नै पीडितमैत्री रहेको छ । विगतमा गरिएका कतिपय पहलकदमी र नीतिगत व्यवस्थाहरू सकारात्मकतातर्फ उन्मुख भएतापनि पनि यसको कार्यान्वयन पाटो कमजोर रहेको छ । पीडितहरूको क्षतिपूर्ति मापनका आधारहरू तय नगरिनु, क्षतिपूर्तिका लागि निकै कम स्रोतहरू छुट्याइनु र क्षतिपूर्ति सम्बन्धमा राज्यलाई कम जिम्मेवार बनाउनुले अलि प्राथमिकता नपुगेको आभास हुन्छ । एण्टीबायोटिक महत्वपूर्ण औषधि हुँदाहुँदै पनि अपूर्ण डोज हानिकारक हुन्छ भनिन्छ त्यसैगरी क्षतिपूर्ति र आवश्यक सहयोग अपर्याप्त हुँदा प्रभावितहरूको भौतिक, सामाजिक र मनोवैज्ञानिक पुनर्स्थापना बीचमा नै असफलतामा टुंगिने र पीडित पुनः बेचबिखनको जोखिममा पर्ने सम्भावना यथावत रहन्छ । यसले पीडित एवं जोखिममा रहेका समूहहरूमा नकारात्मक सन्देश प्रवाह गर्दछ। साथै, सम्पूर्ण पहलकदमीहरू र प्रयासहरूको सार्थकता अपूर्ण हुन आउँदछ । तसर्थ मानव बेचबिखन सम्बन्धी कानुन, नीति तथा नियमहरू पीडितमैत्री हुनुका साथै यसबाट माथि उठेर पीडित केन्द्रीत नीतिगत व्यवस्था र कार्यान्वयन आजको आवश्यकता रहेको छ । यसर्थ राज्यले पार्लेमो प्रोटोकललाई अनुमोदन गरेको खुशीयालीमा जुन उत्साह र उमंग पैदा गरेको छ त्यसलाई प्रोटोकलको मर्म अनुरुप पीडितहरूले प्रत्यक्ष अनुभूत गर्ने गरी सम्बन्धित ऐन, नियमावली, नीति र कार्यक्रमहरू निर्माण र परिमार्जन गर्दै अगाडि वढ्नु सम्बन्धित सबै सरोकारवालाहरूको दायित्व र कार्यभार हो भन्ने बुझ्नु जरुरी छ ।

*(लेखक प्लानेट इन्फ्यान्ट्स एण्ड डेभलप्मेन्टका कार्यक्रम सल्लाहकार हुनुहुन्छ ।)*

# कोभिड-१९ महामारीमा सीमापार बेचबिखनबाट पीडित प्रभावितहरूको उद्धार र स्वदेशफिर्तीका चुनौती र समस्या



✍ उषा गुरुङ

कोभिड-१९ को पहिलो र दोस्रो लहरसँगै उद्योग, व्यापार, व्यवसाय प्रायः ठप्प र आंशिक मात्र सञ्चालन भएको अवस्थामा नेपालमा बेरोजगारीसँगै आर्थिक अभावको समस्या दिनप्रतिदिन बढ्दै गएको हामी सबैको प्रत्यक्ष अनुभव छ। प्रत्येक नागरिक, त्यसमा पनि दैनिक ज्याला मजदुरी गर्नेहरू, जागिर छुटेकाहरू, व्यापार व्यवसाय बन्द भई स्वःरोजगार गुमेकाहरू लगायत हरेक तह र वर्गका आम नेपालीले जीवनमरणको दोसाँध भोगेको सो अवस्थामा विपद व्यवस्थापनका लागि कूटनैतिक स्तरका साथै अन्तर्राष्ट्रिय निकायहरू, राज्य तथा स्थानीय प्रशासनसँगै गैरसरकारी एवं व्यक्तिगत तवरमा भएका राहत तथा सहयोगका प्रयासहरूको सूची लामै छ । महामारीको त्यो विषम परिस्थितिलाई भने आपराधिक तत्वहरूले अवसरको रुपमा प्रयोग गरेको विभिन्न तथ्यांकहरूले देखाउँछन् । कोभिड-१९ को महामारीको कारण सिर्जित विभिन्न बाध्यात्मक अवस्थाहरूमा लैङ्गिक हिंसाका घटना ८२% ले वृद्धि हुने जोखिम बढेको छ *('कोभिड-१९ चायोलेन्ज ड्यासबोर्ड सोज नेपाल्स स्याडो पेन्डामिक' द एशिया फाउण्डेसन)* । त्यसै गरि २०२१ मा संयुक्त राष्ट्र संघको लागू पदार्थ तथा अपराध कार्यालयले गरेको एक अध्ययन प्रतिवेदनमा कोभिड-१९ को संक्रमणले उब्जाएको अवस्थाले मानव बेचबिखन र विविध हिंसा तथा दुर्व्यवहारमा वृद्धि हुने उच्च जोखिम रहेको तर त्यसलाई प्रत्यक्ष निगरानी गर्न अप्ठेरो भएको निष्कर्ष निकालेको थियो ।

यी सबै आंकलन तथा निर्क्यौलहरूको माझमा दैनिक जीवन यापनको सवाल निकै जल्दोबल्दो भएपछि नेपालीहरू आफ्नो जीउज्यानको ख्याल नगरी कामको खोजिमा घर छाडेर जाने र विशेष गरि भारततर्फ जाने क्रम कम भएपनि रोकिएन । त्यही पूर्वानुमान गरी आफन्त नेपालले सीमानाका निगरानी, उद्धार, परामर्श, आकस्मिक आवास सेवा, पारिवारिक पुनर्मिलन, घटना व्यवस्थापन, कानुनी सहायता तथा आवधिक सुरक्षा गृह सेवाहरूलाई निरन्तरता दिइरह्यौं । नेपाल भारत सीमा वारि र पारिबाट नेपाली चेलीहरूको उद्धार र रोकथाम गर्न हामी सफल पनि भयौं । जसका कारण हामी कोभिड-१९ महामारीमा सीमापार मानव बेचबिखन तथा ओसारपसार बाट पीडित प्रभावितहरूको उद्धार र स्वदेशफिर्तीका चुनौतीहरूको हामी साक्षी हुनसक्यौं । परिस्थितिको विषमताले प्रत्यक्ष अनुभव गराएका चुनौतीहरू प्रशस्त थिए । आफन्त नेपाल (किन् नेपाल) सँग समन्वयमा रहेको भारत पश्चिम बंगाल राज्य, सिलीगुडीस्थित डुअर्स एक्प्रेसका प्रमुख राजु नेपालीका अनुसार कोभिड-१९ संक्रमणको समयमा सबै जिम्मेवार निकायहरू समेत मानसिक र शारीरिकरुपमा प्रभावित भएका, आवश्यक संख्यामा जनशक्ति परिचालन हुन नसकेको, मानव ओसारपसारका लागि एम्बुलेन्स जस्तो माध्यम समेत प्रयोग गरिएको, कागजी प्रक्रिया निकै लामो हुँदा स्वदेश फिर्तीमा समय लाग्ने आदि जस्ता चुनौतीहरू रहेको थियो ।

नेपालको पूर्व देखि पश्चिममा आफन्त नेपाल तथा छिमेकी देश भारतको दिल्लीमा कार्यक्षेत्रमा अग्रपंक्तिमा खट्नुभएका आफन्त भारतका सहकर्मीहरूको भोगाईको आधारमा ती चुनौती तथा समस्याहरूलाई केलाउँदा देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।

१) विशेषतः भारतको दिल्ली लगायतका ठाउँहरूमा उद्धार भएकाहरूलाई आकस्मिक सुरक्षित सेवागृहको अभाव भोग्नु परेको थियो । दूतावासमा कुनै सुरक्षित आवास सुविधा नहुनाले तत्काल आश्रय दिन नसकिने भएकोले पनि कोभिड-१९ को समयमा स्वदेश फिर्ता गराउने प्रक्रिया झनै असहज भयो । विशेषतः भारत सरकार तथा नेपाल सरकार बीच नीतिगत रुपमा कुन प्रक्रियाबाट जाने भन्ने यकिन कानुन नरहेको, भारतका विभिन्न

राज्यहरूमा फरक फरक कानुनहरू र प्रक्रियाहरू हुनु, एजेन्सीहरू पनि फरक फरक हुनुले अन्य समय साथै कोभिड-१९ को महामारीको समयमा पनि उद्धार तथा स्वदेश फिर्तीलाई नकारात्मक प्रभाव पारेको छ ।

२) सीमापार उद्धार भएकाहरूलाई स्वदेश फिर्ता गराउने क्रममा स्वास्थ्य सेवा परिक्षण र पी.सी.आर. परिक्षण जस्ता सेवाहरू सुलभ थिएनन् जसले गर्दा देशफिर्ताको प्रक्रिया अत्यन्तै झण्झटिलो र लम्बिएको थियो । अनिश्चितकालिन् निषेधाज्ञा साथै अत्यावश्यक सेवा वाहेक सबै ठप्प हुँदा उद्धार भएका महिला तथा किशोरीहरूको सामान्य स्वास्थ्य परिक्षण लगायत सामान्य स्वास्थ्य समस्याको लागि चाहिएको औषधि समयमा उपलब्ध नहुँदा संक्रमणको जोखिममै आश्रय र अन्य सेवा प्रदान गर्नुपरेको थियो । संक्रमणको संभावित जोखिममा रहेका चेलीहरूलाई दिनुपर्ने, सेवा सरकारी निकायको क्षमताले नभ्याउँदा र सामाजिक संघसंस्थाहरूको क्वारेन्टाइनलाई सरकारी निकायको मान्यता नदिंदा, अन्य संघसस्थाहरूले आफ्नो सेवा स्थगित गरेको हुँदा क्षमता भन्दा धेरै चेलीहरूलाई एकै पटक सेवा दिनुपरेको अवस्था थियो भने परिक्षण नगरी सेवा दिंदा भोलि गएर केही हुने हो कि ! ज्यान नै गयो भने त्यसको जिम्मेवारी को हुने ? जस्ता गम्भीर प्रश्नहरू भएता पनि सेवाप्रवाह गरिएको थियो ।

३) निषेधाज्ञा लगायत सीमित आवत जावतका कारण सार्वजनिक यातायात प्रभावित भएको थियो । दिदिबहीनीहरूलाई अनुसन्धानका लागि प्रहरी तथा अदालतमा लैजान कठिन भयो । न सरकारी, न गैरसरकारी, कसैबाट पनि शुलभ यातायातको सेवाको प्रबन्ध नभएको र केही चलेका सवारी साधनहरूले महँगो भाडा लिने गरेकोले उद्धार भएका र रोकथाम गरिएकाहरू पारिवारिक पुनर्मिलन हुन आर्थिक कठिनाई पनि भयो ।

४) कोभिड-१९ को महामारीको समयमा सबै निकायहरूले सीमित जनशक्तिमा काम गर्नुपर्ने, भौतिक दूरी कायम गर्नुपर्ने, व्यक्ति स्वयंमा संक्रमणको त्रासका कारण उद्धार, स्वदेश फिर्ती कार्य प्रभावित भयो । कतिपय अलपत्र अवस्थामा उद्धार गरिएका चेलिहरूको परिवार खोजतलास गर्न सरोकारवालाहरूसँग सम्पर्क गरेतापनि तत्काल सहयोग हुन सक्ने अवस्था थिएन जसले गर्दा पारिवारिक पुनर्मिलन गराउन कठिन भएको थियो ।

५) सबै देश लगायत नेपाल सरकारले पनि कोभिड-१९ को महामारीको समयमा मुख्य सीमा नाकाहरू बन्द गरेको र नियन्त्रित ढंगले सञ्चालन गरेको बेला ट्रक तथा ट्रिपरहरूले वैकल्पिक नाका प्रयोग गरेको पाइयो जसले ती नाकाहरूबाट समेत मानव ओसारपसार अनुगमन गर्नुपर्ने खाँचो भयो । यद्यपि कर्मचारीहरू संक्रमित हुनु, सुरक्षा निकायको सीमित जनशक्ति आदिका कारण ती नाकाहरूमा निरन्तर निगरानी गर्न नसकिएको पाइयो ।

६) कोभिड-१९ को संक्रमणको परिप्रेक्ष्यमा उद्धार भएकाहरूका लागि मनोसामाजिक परामर्श तथा कानुनी उपचारको पहुँचमा असहजता भयो । डिजीटल प्रविधि मार्फत भर्च्युल ढाँचामा सेवा आदानप्रदान गर्ने व्यवस्था र मान्यता तथा यसको प्रभावकारिता स्वीकार्य हुन निकै समय लागेकोले पनि यो समस्यासंग जम्काभेट भई नै रह्यो ।

७) सीमावारि ल्याउने क्रममा स्थानीय सरकार र प्रहरी प्रशासनले हाम्रो संस्थाकै आवधिक गृहमा राख्नका लागि स्वीकृति नदिने र उद्धार गरिएकाहरूको जिल्लामा स्थानीय प्रशासनले समेत अनुमति नदिंदा पारिवारिक पुनर्मिलन तथा घरफिर्तीमा निकै चुनौती भएको थियो । आकस्मिक आवासगृहमा उद्धार गरिएका बालिकाहरू राख्दा घरधनीले संक्रमणको डर मानी निकै हच्किनु भएको र डेरा सर्न सल्लाह समेत दिनुहुँदा निकै मानसिक तनाव पनि झेल्नुपरेको अनुभव रह्यो ।

८) उद्धार गरेका किशोरी तथा महिलाहरूका लागि आश्रयको व्यवस्थापन भएपनि पुरुषहरूका लागि त्यस्तो प्रबन्ध भएको पाइएन । कोभिड-१९ को महामारीको समयमा पुरुषहरू प्रत्यक्ष प्रभावित भएको पाइयो ।

९) सार्वजनिक निकाय, सेवा प्रदायक निकाय, प्रशासन सबैतिर कोभिड-१९ को भाइरसको संक्रमण द्रुत गतिले प्रसार भएको थियो । त्यसरी सेवामा खटिएकाहरू नै संक्रमित हुँदा सेवा दिने काम स्थगन हुनुका साथै सीमित पनि भयो । धेरैजसोसँग आवश्यक कागजपत्र नै नहुने र ती सबै जुटाउँदा प्रशासनिक प्रक्रियामा अति लामो समय लाग्नु पनि एक चुनौति नै थियो ।

१०) सेवा प्रदान गर्ने क्रममा खाद्यान्न तथा अन्य सेवाहरू सर्वसुलभ नहुँदा उपलब्ध भएका सेवाहरू धेरै महङ्गो भए जस्तो कि गाडीभाडा, खाद्यान्न सामाग्री आदि जसको कारण सेवा प्रवाहको लागत अनुमानित र तर्जुमा गरिएको भन्दा बढी हुनपुग्यो । वित्तीय सेवा प्रदायकहरूले पनि सीमित मात्र सेवा प्रदान गर्नुपर्ने भएकोले आवश्यक परेको बेला चाहिएको रुपिया पैसा व्यवस्था गर्न निकै कठिन भयो थियो । त्यसको कारण तत्काल सेवा प्रवाह र वा प्राप्तिमा असर परेको थियो ।

आफन्त नेपालको अनुभवमा पनि कोभिड-१९ को महामारीको समयमा काम र रोजगार ठप्प भएको, विद्यालय लगायत अन्यत्रको संलग्नता पनि स्थगित भएपछि सबै उमेर र वर्गका मानिसहरूले इन्टरनेट तथा सामाजिक सञ्जालको अत्यधिक मात्रामा प्रयोग गरेका थिए । यी सामाजिक सञ्जालहरू मार्फत सम्पर्कमा आउने र विविध एप तथा लिंकहरूमा जोडिने क्रम अत्यधिक भएको देखियो । अतः त्यसको आडमा टिकटक, फेसबुक, ईमो, भाइबर, भिडियो गेमको प्रयोग गरी माया प्रेम लगायत विभिन्न प्रलोभनमा परेर घर छोड्नेहरूको संख्या उल्लेख्य पाइयो ।

यी सबै चुनौतीहरू तथा मानव बेचबिखनको पृष्ठभूमिमा रहेर हेर्दा त्यस्ता महामारी तथा विपद र सो बेला मानव ओसारपसार वा बेचबिखनको विषयमा सर्वसाधरण सबैमा द्रुतस्तरमा सचेतना अत्यावश्यक देखिन्छ । सँगसँगै जीवीकोपार्जनको दीगो र वैकल्पिक उपायहरू अपनाउन आवश्यक छ जसका लागि स्थानीय तथा प्रदेश स्तरमा गहन अध्ययन सहित दीगो विकास लक्ष्य निर्धारण गरी प्रभावकारी योजनाहरूको कार्यान्वयनको खाँचो झनै प्रष्टिएको छ ।

सो समयदेखि नै वैकल्पिक सीमा-नाकाहरू सल्बलाउने क्रम बढेकोले त्यस्ता वैकल्पिक सीमा-नाकाहरू, खेतको बाटाहरू समेतमा सशस्त्र प्रहरी, नेपाल प्रहरी तैनात गर्नु, तत्काल कार्यवाही गर्नुका साथै तारबार भएमा सेवाप्रदायकको सुरक्षामा सहयोग हुने र मानव बेचविखनमा समेत कमी आउने सम्भावनालाई नकार्न सकिंदैन ।

कोभिड-१९ को संक्रमणको महामारीको समयमा मात्र नभई अरु समयमा पनि उद्धार भएका पुरुषहरू वा अन्यका लागि पनि लैंगिकमैत्री सुरक्षित आवासगृहको प्रबन्ध अत्यन्त सान्दर्भिक हुनेछ । अनुसन्धानको क्रममा केही दिनको लागि शंकास्पद व्यक्तिहरूलाई सीमा-नाकामा भएको प्रहरी चौकीमा राख्ने व्यवस्था भएमा संभावित अपराधी उम्कने जोखिम नियन्त्रण गर्न सकिन्छ ।

मानव बेचबिखन एक संगठित अपराध भएकोले यसको नियन्त्रण र सामना पनि संगठित भई गर्नु आवश्यक छ जसमा नेपाल र सम्बन्धित देशको सुरक्षाकर्मी, अधिकारकर्मीको साथै कानुनी निकाय पनि संगठित हुनुपर्छ । विपदका बेला राज्य प्रशासन, सुरक्षा निकाय, स्वास्थ्य क्षेत्र तथा सामाजिक सेवा प्रदायकहरूको साझा कार्ययोजना र संयुक्त कार्यान्वयनको रणनीतिले पनि प्रभावितहरूलाई आवश्यक सेवा प्रदान गर्ने क्रममा बाधाहरू कम हुने अपेक्षा गर्न सकिन्छ ।

*(लेखक आफन्त नेपालका कार्यक्रम संयोजक हुनुहुन्छ ।)*

# कोभिड–१९ महामारीको असर र मानव बेचबिखनका आयामहरू



✍ नानीमाया थापा

मानव बेचबिखन एक विश्वव्यापी र बहुआयामिक समस्या हो । कुनै पनि व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा लैजानु, उक्त व्यक्तिको आवत जावत गराउन पैसाको कारोबार हुनु र मानिसको वस्तु सरह ओसार पसार हुने अवस्था सिर्जना गर्नुलाई मानव बेचबिखन भनिन्छ । मानव बेचबिखन तथा ओसारपसार महिला र बालबालिकाहरूमाथि हुने यौन तथा श्रम शोषण, निकृष्ट प्रकारका बालश्रम, व्यक्ति माथि हुने दासता र दासत्व समानको व्यवहारहरू हुन् । संसारका ठूला अवैध संगठित अपराधहरू मध्ये दोस्रो ठूलो अपराधको रुपमा गणना हुने यस अपराधलाई विश्वको सबैभन्दा बढी नाफामूलक व्यवसायको रुपमा रहेको मान्ने गरिन्छ । यस अपराधको चपेटामा पर्ने वा यस अपराधको शिकार हुने व्यक्तिहरू खासगरि महिला र बालबालिकाहरू जसमध्ये पनि विपन्न वर्ग सामाजिक रुपमा विभिन्न खाले अवसर हरूबाट बञ्चितमा परेका समुदाय र सामाजिक रुपमा अपहेलित वर्गहरूका पुरुषहरू पनि रहेको पाइन्छ । आजको आधुनिक युगमा पनि मानिसले मानिसलाई बेचबिखन गर्ने जस्तो घृणित एवं निन्दनीय कार्य गर्नु भनेको कथित सभ्य समाजकै कलंक हो र यो आधुनिक युगको दासता पनि हो । मानव बेचबिखन एउटा यस्तो अपराध हो जसले महिला, पुरुष तथा बालबालिकाहरूको मानव अधिकारलाई कुण्ठित गरी उनीहरूलाई नारकीय जीवनमा धकेल्दै यौन लगायत श्रम शोषणमा बाँच्न बाध्य तुल्याउँदछ । मानव बेचबिखन व्यक्ति विरुद्ध हुने एक अपराध मात्र नभई यो मानव अधिकार र मानव मर्यादा तथा मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको गम्भिर हनन् तथा उल्लंघन पनि हो ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय बजारहरूमा अन्य आपराधिक क्रियाकलापहरूको तुलनामा कम जोखिम तर धेरै नाफा आर्जन हुने कालो धन्दाको रूपमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधले व्यापकता पाउँदै गएको अवस्था छ । शहर बजारमा व्यवसायिक यौन धन्दा, सस्तो श्रम, आरामको जीवन शैली, नक्कल गर्ने प्रवृत्ति बेचबिखनका लागि 'तान्ने शक्ति (Pull factor)' बनेका छन् भने स्थानीय परिवेशमा गरिबी, गुणस्तीय शिक्षाको कमी, बेरोजगारी, आय आर्जनको अवसरमा कमी, सामाजिक असुरक्षा र महामारी जस्ता भैपरि आउने प्राकृतिक विपत्तिहरूको कारण मानीसहरूले रोजगारको अवसर गुमाउने समस्या मानव बेचबिखनलाई 'घचेट्ने शक्ति (Push factor)' बनेका छन् । विश्वका कुनै भागमा यो सम्पन्नता र विलाशिताको जीवन शैलीका लागि बढ्दो माग पक्षसँग केन्द्रित समस्या बनेको छ भने कुनै भागमा जीवन निर्वाहका अन्य विकल्प नपाएर आफ्नो नजिकका व्यक्तिहरूको ढाँटछल र ललाइफकाईमा परी रोजगारी वा व्यवसायमा लगाई दिने बहानामा गाउँघरहरूबाट शहर केन्द्रित श्रम, यौन तथा अन्य प्रकारका शोषणसंग जोडिएको बढ्दो आपूर्ति पक्षको समस्याका रूपमा देखापरिरहेको छ ।

बढ्दो आधुनिकीकरण, विश्वव्यापीकरण र बजारीकरणसँगै असिमिति चाहना र आवश्यकताहरूले गाँसिएको उपभोक्तावादले मानव बेचबिखनको समस्यालाई झन् बढाएको देखिन्छ । नेपाल मानव बेचबिखन तथा ओसार पसारका दृष्टिले मूलतः श्रोत मुलुकका रूपमा चिनिएता पनि काठमाण्डौं उपत्यका लगायत अन्य सीमावर्ती एवं ठूला शहरहरू समेत पारवहन तथा मार्गस्थल र आन्तरिक बेचबिखनका लागि गन्तव्य स्थानका रूपमा पनि विकास हुन थालेका छन् । न्यून सामाजिक–आर्थिक अवस्थाका कारण उत्पन्न गरिबी, गुणस्तरिय शिक्षाको कमी, अज्ञानता र बेरोजगारी, कमजोर सामाजिक सुरक्षा प्रणाली, घरेलु हिंसा र पारिवारिक विखण्डन, आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारमा यौन व्यवसायको फैलावट, सस्तो श्रमको बढ्दो माग, असुरक्षित बसाइसराई, संगठित आपराधिक गिरोह तथा दलालहरूको चलखेल

लगायत विभिन्न समस्याका कारण नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या जटिल बन्दै गइरहेको छ ।

विश्वमा दिनानुदिन नविनतम समस्याहरूको सिर्जना भइराखेका छन् । त्यसै मध्येको एक समस्या कोभिड-१९ अर्थात कोरोना भाइरसको संक्रमण पनि हो । यसको असरबाट विश्वका सबै चाहे पुँजीवादी मुलुक हुन वा समाजवादी, सबै प्रभावित बन्न पुगे चाहे त्यो अमेरिका, बेलायत जस्ता अति विकशित देश होस् या विकाशील नेपाल जस्तो मुलुक कोभिडको प्रभावमा परिरहे । एकातिर कोभिड बारेको बुझाई र यसलाई प्रतिरोध गर्ने संयन्त्र तथा प्रविधिको कमीको कारण लामो समय देशलाई लकडाउन अर्थात बन्दाबन्दिमा राख्नुले पनि ठूलै समस्याको सुरुवात हुनगयो भने अर्कोतिर विश्व नै यसबाट आक्रान्त भएर मानव परिचालन कम भएकोले नेपाल जस्तो मुलुक जसको एउटा मुख्य आयश्रोत रेमिटेन्स रहेको छ, त्यसमा असर परेको कारण पनि समस्याले थप जटिल परिस्थितीको सिर्जना हुनगयो । यसको प्रत्यक्ष असर गाउँघरबाट रोजगारीको खोजिमा बजार र शहर आइपुगेका तथा सजिलै तरिकाले पाउने कामहरू मध्येका पनि होटल तथा अतिथि सत्कार सेवामा कामको अवसर पाउनेहरूले पनि बन्दाबन्दिको कारण काम नपाउने अवस्था बन्यो । जसबाट मानिसहरूको दैनिक गुजारामा बन्देज खडा भयो र हातमुख जोड्ने टड्कारो समस्या आइलाग्यो ।

अझै अर्को पाटोलाई हेर्ने हो भने कोभिडको कारण बन्द भएको होटल तथा मनोरन्जन क्षेत्रमा काम गर्ने श्रमिकहरूले रोजगार गुमाउन पऱ्यो । यसबाट निरपेक्ष गरिबीको संख्या झन् बढ्यो । मर्नुभन्दा बौहुलाउनु निको भनेझै मानिसहरूले बाच्नको लागी विभिन्न विकल्पहरू खोजि गरिरहे । जुन विकल्पहरूबाट सजहरूपमा नै अनुमान लगाउन सकिन्छ कि कोभिडले मानव बेचबिखन कति बढायो भनेर ।

पहिलो घटना : दैनिक गुजार गर्न दैनिक ज्याला गर्नुपर्ने भूमिहिन सुकुम्बासी तथा रोजागारविहिन मानिसहरू कोभिडबाट बढी प्रभावित भएका घटनाहरू सुनिएको थियो । झापा जिल्ला निवासी, वैदेशिक रोजगारबाट फर्किएकी एकजना महिलाको अनुसार उनी बन्दाबन्दीको समयमा एम्बुलेन्स चढेर बिरामी भएको बहाना बनाएर सिलगुडीबाट भारतको कलकत्ता हुँदै कुबेत पुगेकी थिइन् र २ वर्ष कुबेतमा घरेलु श्रम गरेर नेपाल फर्किइन् । सानै उमेरमा बिवाह भएको उनका ३ जना सन्तानहरू भएपछि श्रीमान वैदेशिक रोजगारीमा गएको र अर्कै महिलासँग उतै विवाह गरेर घर नआएकोले ३ जना सन्तानहरू पाल्नका लागि उनीपनि बन्दाबन्दी (लकडाउन) को समयमा चियाबगान लगायतका काम गरिखाने सबै विकल्प नेपालमा बन्द भएपछि दलालाई आफैले भेटेर जसरी भएपनि विदेश पठाइदिन अनुनय विनय गरेको र दलालले भनेअनुसार नै बिरामी भएको बहाना बनाएर उनी विदेश गएको उनी बताउँछिन् । यो घटना त एउटा प्रतिनिधि मात्र हो यस्ता अप्ठ्यारो जीवन भोग्नेहरूको कहानी हाम्रो समाजमा धेरै छन् ।

कोभिडको शुरुवाती चरण बन्दाबन्दीको कम प्रभाव परेको अवस्थामा त यस्ता घटनाहरू छन् भने कोभिड पश्चातका घटनाहरू कति होलान् !

**दोस्रो घटना :**
सलिना (नाम परिवर्तन) काठमाण्डौको डान्सबारमा काम गर्थिन् । कोभिडले गर्दा काम बन्द भयो । उनी बन्दाबन्दीमा गाउँ गएर बस्न थालिन् । घरमा आमा बाबा नभएकोले उनी दाजु भाउजुसँग उनी बसेकी थिइन् । काठमाण्डौबाट काम गरेको पैसा पठाइदिइरहने गरेको कारण शुरु शुरुमा त सबैले सलिनालाई माया नै गरे । तर दुई महिना पछि घरमा बस्न नदिने, नमिठो बचन सुनाउने, खान नदिने र गालीगलौज गर्न थाले । सलिनाले बाध्य भएर घर छाडिन् तर उनले काम गर्ने व्यवसाय अझै नखोलेको कारण आफू यौन पेशा गर्न बाध्य भएको र त्यसबाट नै दैनिक गुजारा चलिरहेको उनको अनुभव छ ।

प्रस्तुत घटनाहरूबाट अनुमान लगाउन सकिन्छ कि कोभिडले मानव बेचबिखनको परिमाणलाई कसरी बढाएको छ ।

शुरुवाती चरणमा कोभिड एक स्वास्थ्यसँग सम्बन्धित महामारी हो भन्ने बुझाई अनुसार मात्रै सम्बोधन भयो । यसलाई स्वास्थ्य समस्यासँग मात्र जोडेर हेरियो त्यो नै एक त्रुटि थियो । यसको एउटैमात्र उदाहरण कोभिडको समयमा सेवा प्रदायकहरूको सकृयतालाई लिन सकिन्छ जस्तो स्वास्थ्य र सुरक्षाको संयन्त्रहरू

मात्र चलायमान थियो अन्य सरोकारवाला ईकाइहरू त लगभग बन्द नै जस्तो थियो यसबाट पनि सहजै अनुमान लगाउन सकिन्छ कि कोभिडलाई स्वास्थ्य सवालसँग मात्रै जोडेर हेरियो तर यो त महामारी थियो हरेक महामारीहरूले विपदको सिर्जजा गर्दछ । विपदले कमजोर मानिसहरूलाई बढी प्रभाव पार्दछ र कोभिडले पनि त्यसै गऱ्यो । कमजोर सामाजिक, आर्थिक स्तर र हैसियत भएका मानिसहरूको दैनिक गुजारा खोस्यो, बालबालिकाहरूको शिक्षा खोस्यो, बिरामी मानिसहरूको औषधि खोस्यो र पीडा नै पीडा दिएर गयो तर त्यसमा सरोकारवालाहरूको ध्यान कम पुग्यो । यहाँ दैनिक हातमुख जोड्न लडाई लड्ने मानिसहरूको बारेमा ख्याल गरिएन तसर्थ महामारीमा यसलाई एउटा मात्रै पक्षको रुपमा हेर्नु भन्दा यसबाट सिर्जना हुन गएको सामाजिक तथा आर्थिक प्रभावलाई बढी ध्यान दिनु जरुरी हुन्छ । महामारीले मानव बेचबिखनको जोखिम बढाएको छ र बेचबिखन पत्ता लगाउन अझ गाह्रो बनाएको छ भने पीडितहरूलाई न्यायमा पहुँच प्राप्त गर्न पनि कठिन भएको छ र न्यायको लागि संघर्ष गरिरहेका मानिसहरूका जीविकोपार्जनमा मद्दत पनि गर्न सकेको छैन किनभने देशको प्राथमिकता अन्यत्र नै केन्द्रित छ ।

विश्व बैकको तथ्यांक २०२० अनुसार कोभिडको कारण विश्वका सबै देशहरूमा बेरोजगारहरूको संख्या ७० प्रतिशतले वृद्धि भयो। त्यसैगरि ८८ लाख मानिसहरूलाई चरम गरिबीमा धकेल्यो र दक्षिण एशियामा त नयाँ गरिबहरूको सिर्जना गर्यो। नेपाल राष्ट्र बैक अनुसन्धान विभागको २०७७ को सर्वेक्षणमा सबैभन्दा बढि प्रभावित भएको क्षेत्र भनेर होटल तथा रेष्टुरेन्ट क्षेत्रलाई पहिचान गरिएको छ भने कोभिडको कारण रोजगारी कटौती गर्ने क्षेत्र पनि यही रहेको उल्लेख गरिएको छ ।

कोभिड-१९ महामारीले विश्वभरिका देश र मानिसहरूलाई असर गरेको छ। यसले विद्यमान अभाव, गरिबी र कमजोर सामाजिक संरक्षण प्रणालीलाई झनै बढाएको छ । विपद तथा संकटलाई नियन्त्रण गर्ने प्रारम्भिक उपायहरूले सबैभन्दा कमजोर, हिंसा र शोषणबाट प्रभावितहरूलाई मानेको नै छैन । तसर्थ महामारीको समयमा बेचबिखन विरुद्धका प्रयासहरूमा एकिकृत सम्बोधन प्रणाली जरुरी हुन्छ। जोखिम सन्मुख व्यक्ति र समुदायलाई प्राथमिकतामा राखिनु पर्छ । कसैलाई पनि पछि नछाड्ने प्रतिवद्धता अनुसारको नीति तथा व्यवहारहरू लागू हुनु पर्दछ ।

*(लेखक गैरसरकारी संस्था महासंघ नेपालका केन्द्रिय कोषाध्यक्ष हुनुहुन्छ)*



## बधाई ज्ञापन !

एटविनका सदस्य संस्था **सामाजिक सेवा केन्द्र (सोसेक)** नेपाल, दैलेखलाई मानव बेचबिखन तथा ओसारपसार, रोकथाम र नियन्त्रणको क्षेत्रमा सचेतना, पीडित/प्रभावितहरूलाई उद्धार, पुनर्स्थापना र व्यवस्थापनमा पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्धारा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १६औं राष्ट्रिय दिवस- २०७९ को अवसरमा सम्मानित भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**सीता पौड्याल**
**अध्यक्ष तथा एटविन परिवार**



# कोभिड जस्तो विश्वमहामारीबाट बालबालिकालाई जोगाउनुपर्ने आवश्यकता



प्रकाश खतिवडा

विश्वभर फैलिएको कोरोना भाईरसबाट नेपाल पनि अछुतो हुन सकेन । यस संक्रमणलाई विश्व स्वास्थ्य संगठनले कोभिड-१९ नामाकरण गरी विश्वव्यापी महामारीको रुपमा घोषणा गऱ्यो । सन् २०१९ को डिसेम्बर महिनामा चीनको हुबेई प्रान्तबाट शुरु भएको नयाँ प्रजातिको भाईरसको रुपमा कोभिड-१९ को संक्रमणबाट लाखौं मानिसको ज्यानै गएको अवस्था रह्यो । यस महामारिको रोकथामका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका वैज्ञानिक र विज्ञहरूबाट स्वःस्फुर्त औषधि र उपचार पद्धतिमा कृयाशिल भए अनुरुप खोप बन्नुले ठूलो राहत मिलेको अनुभूति मिलेको छ । अहिले पनि कोभिडको प्रभाव नरहेको भन्न सकिने अवस्था छैन । जनस्वास्थ्यका मापदण्ड पालन गर्दै खोपको मात्रा पूरा गर्दै विश्वका मानव झै नेपाली जन समुदाय पनि कोभिड-१९ पछिको प्रभावबाट उठ्न कृयाशिल रहेका छन् ।

नेपाल सरकार मन्त्रिपरिषदको २०७६ फागुन १८ को निर्णय कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिती गठन गरी कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष मार्फत काम गरिएको थियो । विश्वका अन्य मुलुकहरूमा झैं नेपालमा पनि कोभिड-१९ का कारण २०७६ चैत्र ११ गतेबाट बन्दाबन्दिको भएको थियो । देश कोभिडको महामारी पार गरेर अहिले डेंगुको संक्रमणबाट बालबालिकालाई जोगाउनु र संक्रमित बालबालिकाहरूलाई बेलैमा उपचार गर्नु सरकारको दायित्व हो । यसमा नागरिक समाजको सहकार्यको आवश्यकता रहेको छ ।

नेपालको संविधान (२०७२) को धारा ३९ मा बालसंरक्षण, बाल सहभागिता, बालविकाश र बालबचाऊ तथा बालबालिकाका अन्य अधिकारसँग सम्बन्धित अधिकारहरू उल्लेख गरिएका छन् । सुन्दर, समुन्नत र सभ्य समाजको निर्माणका लागि बालअधिकारको संरक्षण र प्रर्वद्धनमा राज्य लगायत सबैको सक्रियता अत्यन्त आवश्यक हुन्छ । भावी चुनौतिहरूको सामना गर्दै समाज र देशलाई विकासको पथमा अगाडि बढाउन सक्ने नागरिक भनेको आजका बालबालिकाहरू नै हुन् । तिनै बालबालिका विरुद्ध हुने सबै प्रकारका हानि वा जोखिमहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा भन्नुपर्दा बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिका विरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, यौन, श्रम) बेवास्ता र उपेक्षा वा हेलचेक्र्याँइ, अपहरण तथा अन्य हानिकारक अभ्यासहरूले बालबालिकामा तत्कालीन र दीर्घकालीन हानि पुग्दछ । तसर्थ कोभिड, डेंगु लगायतका संक्रमण तथा विपदबाट बालबालिकाहरूलाई प्राथमिकतामा राखी संरक्षण गरिनु पर्दछ ।

कुनै बालबालिका माथि बाल संरक्षण सम्बन्धी कुनै समस्या उत्पन्न भएमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्दै सम्बन्धित बालबालिका तथा परिवारलाई विशिष्टिकृत सेवा तथा घटनाको व्यवस्थापन जस्ता समग्र कार्यहरू गरिनु पर्दछ । अतः बालबालिकाहरूको संरक्षणका लागि महामारी वा सम्भावित विपदको कारण उनीहरूलाई हानि पुग्न सक्ने सम्भावित जोखिम के के हुन सक्छन्, ती जोखिम कसरी आइपर्छन्, विभिन्न उमेर समूह, लिङ्ग तथा विभिन्न सामाजिक अवस्था वा परिस्थितिमा रहेका बालबालिकाहरूलाई कस्तो असर पार्दछ भन्नेबारे सचेत रही त्यस्ता अवस्थाको रोकथाम गर्न, जोखिमलाई न्यूनीकरण गर्न र सम्बन्धित बालबालिका तथा परिवारलाई सहयोग गर्नको लागि प्रदेश र स्थानीय सरकारको विशेष भूमिका रहन्छ ।

बालबालिका माथि उसका बाबुआमा, अभिभावकको वा परिवारको आर्थिक वा सामाजिक हैसियत, वर्ग, जातजाति, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा अन्य विचारहरू, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत लगायतका आधारमा भिन्न तथा फरक फरक प्रकारको असमान व्यवहार गर्नु भेदभाव हो । त्यस्तै, बालबालिका माथि निजको रुप, शारीरिक वा मानसिक अवस्था, लिङ्ग, रङ्ग वा वर्ण, जाति, धर्म, विचार वा आस्था, भौगोलिक प्रतिनिधित्व (तराई वा पहाड) आदिका आधारमा पनि भेदभाव भएको पाइन्छ । कोभिडका कारण बा कुनै पनी विपदमा रहेका बालबालिकालाई भेदभाब हुनु हुदैन ।

कोभिड-१९ को महामारिबाट धेरै बालबालिकाहरू नियमित विद्यालय शिक्षाको अवसरबाट बन्चित हुनपरेको, यौन दुर्व्यवहारको शिकार हुनपरेको, आफ्नै घरमा हिंसा लगायतका समस्याबाट गुज्रिनु परेको जस्ता घटना हामी सबैमा विदितै छ । चेतनशिल समाजमा महामारिको समयमा बालबाालिकामाथि दुर्व्यवहार गरिदैन । बरु बालबालिका, शारिरीक चुनौति भएका, महिला तथा ज्येष्ठ नागरिकहरूको हेरचाहलाई उच्च प्राथमिकता राखेर योजना तर्जुमा गरिन्छ ।

कोभिडका कारण बालश्रमका घटनाहरू सार्वजनिक भएको पनि पाइन्छ । वास्तवमा बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो । नेपालमा कानुनले बालबालिकालाई उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ । अर्थात १४ वर्ष उमेर नपुगेका बालबालिकालाई कुनै पनि श्रममा लगाउन नपाइने तथा १६ वर्ष पूरा गरेका बालबालिकालाई प्रकृया पुऱ्याएर बालश्रम निषेध र नियमित गर्ने ऐनले तोकेको काममा लगाउन पाउने प्रावधान रहेको छ । कानुनले तोकेको भन्दा कम उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनुलाई बालश्रमशोषण भनिन्छ । यो एक अपराध पनि हो । नेपालको सन्दर्भमा १८ वर्ष मुनिका बालबालिकाहरूले उनीहरूको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने काम बालश्रम हो । बालबालिकालाई सामाजिकीकरण गर्न, सीपहरू सिक्न, सिकाउनका लागि तथा उनीहरूको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्यालय वा समाजमा गरिने काम जसले उनीहरूको शारीरिक, मानसिक विकासमा नकारात्मक असर गर्दैन भने त्यसलाई बालश्रम भनिदैन । कोभिडको समयमा धेरै बालबालिकाहरूले विद्यालय छाडी बाल श्रममा लागेको भन्ने समाचारहरू सार्वजनिक भएको थियो । यस विषयलाई गम्भिरतापूर्वक लिंदै नेपाल सरकारले कोभिडको संक्रमणबाट बालबालिकालाई जोगाउने उद्धेश्यले राष्ट्रिय बाल दिवश २०७८ को नारा 'सामान्य अवस्था वा कोभिड महामारीः बाल अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी' राखेको थियो जसबाट विपदका समयमा बालबालिकाहरूमाथि हुने हिंसा वा श्रमप्रति सरकार जिम्मेवार भएको महशुस गर्न सकिन्छ ।

नेपाललाई नै बालश्रम मुक्त राष्ट्र घोषण गर्ने अभियानमा 'राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपाल' क्रियाशिल छ । यसले आफ्नो विषयगत क्षेत्र पहिचान गरी बालश्रमको अन्त्य, विपदमा बालबालिका र बाल संरक्षण प्रणालिको सुदृढिकरणका लागि संघीय मन्त्रालय, प्रादेशिक सामाजिक विकाश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद, स्थानीय सरकार र सरोकारवाला निकायहरूसंग समेत सहकार्य गर्दै अघि बढिरहेको छ । राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपाल देशको संविधान २०७२ को धारा ३९, दिगो विकाश लक्ष्य, १५ औ योजना, राष्ट्रिय कार्ययोजना, बालश्रम निवारण गुरु योजना २०७५ देखि २०८५, नेपालको श्रम ऐन २०७४ र उक्त ऐनको नियमावलि २०७५, बाल श्रम निषेध र नियमित गर्ने ऐन २०५६ र आईएलओ महासन्धी २९, १३८ र १८२ को मूल भावना र मर्म अनुरुप कार्य गर्दैछ । विशेष गरी स्थानीय स्तरको नीति तर्जुमामा पैरवि गर्ने, सहयोग र सहकार्य गर्दै टोल, वडा र पालिकास्तरमा बाल श्रम अन्त्यको घोषणा गर्दै, सिगों देशलाई नै बाल श्रम मुक्त राष्ट्र घोषणा गर्ने कार्यमा यस संस्था दृढताकासाथ लागिरहेको पाइन्छ ।

बालबालिकामा खर्च होइन लगानी गर्नुपर्दछ भन्ने बारेमा सरोकारवाला सबै निकाय एवं व्यक्ति सचेत हुनु पर्दछ । राज्यको तिनै तहमा बालबालिकाहरूको क्षेत्रमा लगानि गर्ने योजना हुनुपर्दछ । सबै स्थानीय तहको बाल संरक्षण नीति निर्माण हुनु जरुरी छ । हरेक गाउँपालिका र नगरपालिका बाल मैत्री हुनुपर्दछ जसको

लागि योजनावद्ध रुपमा लक्ष र कार्ययोजना निर्माण हुनु जरुरी छ । आवाज विहिन बालबालिकाका आवाजहरू बुलन्द गर्न सकिएको छैन । कानुनको कार्यान्वयनको अभावले कानुनको पालना निरिह बन्दै गइरहेको अनुभूति हुनथालेको छ । बालबालिकाहरूको आवाज उठाउने नागरिक अगुवाहरूलाई राज्यले बालअधिकारको संरक्षणको सबालमा कार्यगत एकता, समन्वय र सहकार्य गर्दै के गर्दा बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्न सकिन्छ, छलफल चलाउनु पर्नेमा खासै आशा गरेजस्तो उपलब्धि हासिल हुन सकेको पाईदैन । नागरिक समाजले बाल सहभागिताको सुनिश्चितता गर्दै बालअधिकारको संरक्षण र सम्बर्द्धनको सबालमा राज्यको भूमिका दरिलो भएको हेर्ने अभिलाषा बोकेको पाइन्छ ।

बन्दाबन्दी (लकडाउन) को अवस्थामा बालबालिकाहरू आफ्ना अभिभावकसँग सुरक्षित रहन्छन् भन्ने अनुमान केहीहदसम्म गलत पनि सावित भयो । किनकी कतिपय बालबालिकाहरू यौन दुर्व्यवहार, शोषण, हिंसामा पर्न गएको तथ्य सार्वजनिक भएको थियो ।

महामारीको बेला बालबालिकाहरू संरक्षणविहिन नरहुन भन्ने उद्देश्यले राष्ट्रिय बालअधिकार परिषद, १० ९८, १०४, राष्ट्रिय बाल संरक्षण सञ्जाल, स्वतन्त्रता अभियान, नेपास पिनान, चाईल्ड नेपाल, कन्सोर्टियम नेपाल, सिविन नेपाल, लुनिभा, एटविन, सिजोप, माईती नेपाल, बाल कल्याण समाज, जेसिबाईसिएन, मानव अधिकार संरक्षण तथा एटविन, एनएसिजीमा आवद्ध संजालहरू लगायतका सस्थाहरूले सातै प्रदेशमा बालबालिकाहरूलाई राहत सेवा उपलब्ध गराउनुका साथै उनीहरूको मनोसामाजिक विश्लेषण गर्नुका साथै स्वास्थ्यमा प्राथमिकता र पोषणको अवस्थाको पहिचान गरेका थिए ।

राष्ट्रिय बाल संरक्षण संजाल, स्वतन्त्रता अभियान, नेपास पिनान, लुनिभा, बाल कल्याण समाज, जेसिबाईसिएन लगायतका स्थानीय सस्थाहरूको सहकार्यमा नेपालको सातै प्रदेशका बालबालिकाहरूको मनोसामाजिक अवस्था र स्वास्थ्यको अवस्थाको आधारभूत छलफल र अवस्था विश्लेषण गरी सरकारलाई ध्यानाकर्षण गरेको कारणबाट नै नेपाल सरकारले बालबालिकालाई लक्षित गरी २० प्रतिशत बेडको वयवस्थापन गरेको, बाल मैत्री आईसोलेसन वार्ड र स्वास्थ्य केन्द्रहरूमा बालमैत्री वार्डको व्यवस्थापन हुनसकेकोले कोभिडको व्यवस्थापनमा सामाजिक संस्थाहरूको सकारात्मक भूमिका रहेको देखिन्छ । कोभिडको समयमा विकासका साझेदार सस्थाहरू र गैससहरूको सरकारसँग राम्रो समन्वय र सहकार्य भएको यसले प्रमाणित गर्दछ । यस्तो सहकार्य आगामि दिनहरूमा हुनसक्ने सम्भावित विपदको अवस्थामा हुनु जरुरी छ ।

विद्यालयहरू बन्द भएपछि बालबालिकाहरूको दिउँसोको खाजा पनि प्रभाावित भएकोले बालबालिकाहरूको पोषणमा प्रत्यक्ष असर देखिएको छ । लकडाउनको समयमा बालविवाहको घटना बढनुका साथै गर्भवती किशोरीहरूको संख्यामा वृद्धि भएको र परिवार भित्रको हिंसा सहन नसकेर बालबालिकाहरूले आत्महत्या गरेको घटना सार्वजनिक भएको पाइएको छ । वैकल्पिक सिकाई अनलाइन कक्षाको राम्रो ज्ञान नभएका कारण कतिपय शिक्षकहरू अन्यौल र तनावमा परेको पाइएको थियो । निरक्षर, सीमित शैक्षिक योग्यता भएका र सामान्य जीवन बाँचिरहेका अभिभावकहरूलाई अनलाइनमा घरमै पढाउने व्यवस्थापन मिलाउन हम्मे परेको थियो ।

राष्ट्रिय मानब अधिकार आयोगले पनि कोभिड-१९ को सन्दर्भमा मानव अधिकारको अवस्थाको अनुगमन गर्न कार्यविधि (२०७६) बनाई कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार संघीय, प्रदेश र स्थानीय तहहरूबाट भइरहेको कामको अनुगमन गरेको, लकडाउनमा क्वारेन्टाइन तथा आइसोलेसनमा हुनसक्ने महिला हिंसाको विषयमा स्थलगत अनुगमन गरेको, नागरिकको न्याय प्रशासनमा पहुँचको समस्या एवं सीमा नाकामा आइपुगेका नेपालीको समस्याको अध्ययन गरेको थियो । साथै, संचार माध्यमको भूमिका, सामाजिक संजालको प्रयोग, नागरिक सचेतना, साथै मानव अधिकारकर्मीहरूको भूमिकाको बारेमा अनुगमन समेत गरी सरकारलाई सुझाव तथा सिफारिस दिएको देखिन्छ ।

बालबालिकाहरूमा कोभिडको असर न्यूनीकरण गर्न अभिभावकहरूको महत्वपूर्ण भूमिका हुन्छ । जसको लागि सरकार र विकासका साझेदार सस्थाहरूले अभिभावक शिक्षा संचालनमा पहल गर्नु पर्दछ । अभिभावकले बालबालिकाहरूसँग खेल्ने, उनीहरूको मनोभावना बमोजिम कथा सुनाउने, अभिरुचिको आधारमा

गीत तथा कविता भन्न लगाउने, बाल-मैत्री तवरले आफ्नो पारिवारिक पृष्ठभूमि र विरगाथाहरू सुनाउने, उनीहरूसँग सम्बन्ध सुमधुर बनाउदै लैजाने र उनीहरूका कुरा ध्यान दिएर सुन्ने गर्नु पर्दछ । यसो गर्दा बालबालिकाहरूले आफूलाई परेको समस्या भन्न सक्छन् र आफूलाई सुरक्षित महशुस गर्न सक्दछन् । अभिभावकहरूले बालबालिकाहरूलाई बालबालिका राष्ट्रिय गौरब हुन् । तसर्थ सरकारले बालबालिका सम्बन्धी राष्ट्रिय गौरबका आयोजनाहरू तर्जुमा गर्दै महामारीका कारण विषेशत बालिका, शारिरीक चुनौति भएका बालबालिका, सडक बालबालिका, अभिभावक विहिन बालबालिका, बेचबिखनमा परेका, अलपत्रमा परेमा, यात्रामा रहेका बालबालिका, यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका बालबालिकालाई हुनसक्ने जोखिम अन्त्य गर्न बाल संरक्षणको एकिकृत नीति र कार्यकम ल्याउन आवश्यक देखिन्छ । विशेष गरि गरिब एवं सिमान्तकृत समुदाय, महामारीको कारण रोजगारी गुमाउन बाध्य भएका अभिभावकका बालबालिकाहरूलाई संरक्षण योजनाको माध्यमबाट मूलधारमा ल्याउन सक्नु पर्दछ । बालबालिकालाई संरक्षित वातावरणमा हुर्काउन उनीहरूलाई सामाजिक सञ्जाल, इन्टरनेटको पहुँचबाट हुने फाइदा र बेफाइदाका बारेमा बुझाउन सक्नुपर्दछ । बालबालिकाहरूलाइ सहयोगी र सकरात्मक हुन अभिप्रेरित गरिनु पर्दछ । अभिभावकले बालबालिकाहरूको पढाई, खेलकुद, अतिरिक्त कृयाकलाप, मनोरञ्जनको लागि स्वयं बालबालिकाहरूबाटै कार्यतालिका बनाउन सहजीकरण गरी त्यसलाई लागू गर्न अभिप्रेरित गर्नु पर्दछ । बालबालिकाहरूलाई कोभिड लगायतका महामारिको बारेमा बाल मैत्री भाषामा सूचना दिने, महामारीसँग भयभित नहुन र सम्भावित महामारीको पूर्व तयारीका बारेमा परामर्श दिने गरिनु पर्दछ । समुदाय र विद्यालयहरूमा बालबालिकाहरूका लागि मनोविमर्श सेवाका साथै सुरक्षित वातावरण सृजना गरी उनीहरूको संरक्षण र सृजनशिलताको विकाशका लागि पूर्वाधारको विकाश गर्ने, कोभिड लगायतका महामारीलाई जित्न सकिन्छ भन्ने अवधारणा विकास गर्दै संकटबाट भाग्ने होइन बरु त्यसका विरुद्ध जुध्ने र सुरक्षित रहन बालबालिकाहरूलाई सिकाउनु जरुरी छ । विपदको अवस्थामा राष्ट्रिय बाल अधिकार परिषदलाई विशेष अधिकार सम्पन्न बनाई अन्तर मन्त्रालय र तिनै तहको सरकार बीच समन्वय र सहकार्य गरी काम गर्न अख्तियारी दिनुपर्ने हुन्छ । बालबालिकालाई कोभिड र भैपरिआउने महामारीबाट जोगाउन खोपको व्यवस्थापन गर्दै बालबालिका सुरक्षित भएनभएको सुनिश्चित गर्नुपर्दछ । सरकारले बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिंदै बालबालिकाको संरक्षण गर्दै कोभिडको संक्रमणबाट जोगाउन सबै बालबालिकालाई खोपको मात्रा सुनिश्चित गरिनु पर्दछ ।

महामारीको सिकाइलाई हेरेर नेपाल सरकारले अनलाइन शिक्षा प्रविधिको वैकल्पिक व्यवस्था तयारी हालतमा राख्नु जरुरी छ । साथै, सार्वजनिक शिक्षाको सुदृढिकरण गर्दै शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत विनियोजन गर्न सक्नु पर्दछ । बालबालिकाको बाल अधिकारको सुनिश्चितता बिना सुखी नेपाली र समृद्ध नेपालको सपना साकार हुन सम्भव छैन तसर्थ सदैव जोखिमको परिस्थितीमा बाँचेका बालबालिकाहरूको सर्वोत्तम हितको कार्य गर्नु सबैको कर्तव्य हो । आज पूरा विश्व कोभिडको प्रभावबाट जुर्मुराउन खोजिरहेको छ । यस परिस्थितीमा जोखिममा रहेका बालबालिकाहरूको आत्मसम्मान सहितको संरक्षणको प्रत्याभूति तिनै तहको सरकार र नागरिक समाजबाट पाउनु पर्दछ ।

विपदमा अर्थात महामारिमा बालबालिकालाई पहिलो प्राथमिकताको आधारमा संरक्षण गरिनु पर्दछ र उनीहरूको आवाज सुनिनु पर्दछ भन्ने आवाज बुलन्द भएको छ । वास्तवमा बालअधिकार सुनिश्चित हुनु नै देश विकाशको प्रारुप देखिनु हो भनेर भन्न सकिन्छ ।

बालअधिकार सुनिश्चित भई उनीहरूको संरक्षण र सम्वर्द्धन हुँदै बाल संरक्षण प्रणालीको सुदृढिकरण हुनु आजको आवश्यकता हो । यस अवसरमा सबैलाई बालअधिकारको संरक्षण कार्यमा सरिक भई विपद र महामारीमा उनीहरूको आवाज सुन्ने र बुझ्ने कार्य गर्न बालअधिकार अभियन्ताको नाताले आग्रह गर्न चाहन्छु ।

*(खतिवडा राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपाल (एनसिपिए) का अध्यक्ष हुन् ।)*

# मानव बेचबिखन अनुसन्धान ब्यूरोसँग अन्तरवार्ता



**अन्तर्वार्ता**

प्रहरी वरिष्ठ उपरिक्षक (एसएसपी) जीवन कुमार श्रेष्ठ मानव बेचबिखन अनुसन्धान ब्यूरोको प्रमुख हुनुहुन्छ । ओसारपसारका लागि अनिल अधिकारीले श्री श्रेष्ठसँग मानव बेचबिखनको विषयमा ब्यूरोले खेल्दै आइरहेको भूमिका, चुनौति र हालसम्म हासिल गरेका उपलब्धिहरूका विषयमा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।

**१. मानव बेचबिखन अनुसन्धान ब्यूरोको परिचय दिनुस् न !**

मिति २०७५ साल जेठ २७ गतेको नेपाल सरकार (मन्त्रीपरिषद) को निर्णयानुसार मानव बेचबिखन अनुसन्धान ब्यूरो स्थापना गरिएको हो । ब्यूरोले मिति २०७६ साल वैशाख २९ गतेबाट बबरमहल काठमाण्डौमा कार्यालय स्थापना गरी कार्यारम्भ गरेको छ । ब्यूरोको कामलाई विशिष्टिकृत गर्दै मिति २०७६ भदौ ४ गतेको नेपाल सरकार (मन्त्रीपरिषद) को निर्णय भई प्रहरी नियमावली २०७१ मा सातौ संशोधनबाट यस ब्यूरोको लागि कार्यादेश प्राप्त भएको हो ।

**यस ब्यूरोमा ४ वटा पिल्लरहरू रहेका छन् जस अन्तर्गतः**

- Pillar 1 - नेपाल, भारत देश र मानव अंग तस्करी सम्बन्धी हेर्ने
- Pillar 2 - मध्यपूर्वी, दक्षिणपूर्वी र पूर्वी एसियाली देशहरू हेर्ने ।
- Pillar 3 - अमेररिका, क्यानडा, अष्ट्रेलिया र यूरोपका देशहरू हेर्ने ।
- Pillar 4ः-अफ्रिकाका देशहरू हेर्ने ।

**२. मानव बेचबिखन अनुसन्धान ब्यूरोको मुख्य जिम्मेवारी तथा भूमिका के छ ?**

- मानव बेचबिखन तथा ओसारपसार मुद्दा प्रभावकारी अनुसन्धान
- बेचबिखनमा परेका नागरिकको उद्धार
- चेतनामूलक कार्यक्रमहरू संचालन
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय एवं सहकार्य
- मानव बेचबिखन तथा ओसारपसार मुद्दा अनुसन्धान खटिने प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि

**३. पीडित तथा प्रभावितले मानव बेचबिखन अनुसन्धान ब्यूरोमा मुद्दा दिन सक्छन् ? काठमाडौं बाहिरबाट मुद्दा दिने प्रक्रिया के छ ?**

**क) पीडित तथा प्रभावितले मानव बेचबिखन अनुसन्धान ब्यूरोमा कसरी मुद्दा दिन सक्छन् ?**

१. पीडित आफै उपस्थित भएर लिखित उजुरी दिने
२. पीडितको आफन्तले उजुरी दिने
३. विभिन्न संघ संस्थाहरूको सहयोगबाट
४. विद्युतीय माध्यमबाट उजुरी दिने
५. हुलाकबाट उजुरी दिने

**ख) काठमाडौं बाहिर कसरी मुद्दा दिने प्रक्रिया के छ ?**

१. नजिकको प्रहरी कार्यालयमा गई उजुर गर्ने ।
२. अन्य प्रहरी कार्यालयले यस ब्यूरो संग परामर्श, समन्वय गरि कतिपय मुद्दा सोही कार्यालयमा दर्ता गर्ने ।
३. केहि जाहेरीहरू उपत्यका बाहिरका प्रहरी कार्यालयमा दर्ता भई अदालतबाट पीडितको बयान प्रमाणित गरि यस कार्यालयमा पठाउने ।
४. कतिपय जाहेरीहरू यस कार्यालयमा दर्ता गरी अदालतबाट पीडितको बयान प्रमाणीत गरी अन्य प्रहरी कार्यालयहरूमा पठाउने ।

**४. हाल मानव बेचबिखन विरुद्धको तथ्याङ्क र अवस्था कस्तो छ ?**

**नेपाल भरिको तथ्याङ्क-मुद्दा दर्ता**

| आ.व | मुद्दा संख्या | पीडित | | अभियुक्त | | पक्राउ | | फरार | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ०७५।०७६ | २५८ | ७१ | ३१६ | ४०७ | ११७ | २४९ | ८४ | १५८ | ३४ |
| ०७६।०७७ | १३६ | १४ | १९० | २३३ | १०७ | १२७ | ७१ | १०६ | ३६ |
| ०७७।०७८ | १३४ | ४ | १८३ | २०२ | ९५ | १११ | ५१ | ९१ | ४४ |
| ०७८।०७९ | १४५ | ११ | २०० | २१५ | ७६ | १३५ | ४५ | ८० | ३१ |
| ०७९।०८० | ९६ | ११ | ११८ | १२५ | ७२ | ८२ | ४४ | ४३ | २८ |
| **जम्मा** | **७६९** | **१११** | **१००७** | **११८२** | **४६७** | **७०४** | **२९५** | **४७८** | **१७३** |
| | | **१११८** | | **१६४९** | | **९९९** | | **६५१** | |

**बालबालिकाहरूको मुद्दाको तथ्यांक**

| आ.व | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| २०७३/०७४ | ० | ८९ | ८९ |
| २०७४/०७५ | ५० | १३० | १८० |
| २०७५/०७६ | ११ | १३९ | १५० |
| २०७६/०७७ | ४ | ७१ | ७५ |
| २०७७/०७८ | १ | ७९ | ८० |
| २०७८/०७९ | १ | ८२ | ८३ |
| २०७९/०८० | १ | ४६ | ४७ |
| **जम्मा** | **६८** | **६३६** | **७०४** |

**५. कस्ता कस्ता प्रकारका र कुन कुन देशमा हुने मानव बेचबिखनका मुद्दाहरू आउँछन्?**

| **२०७९-०८० को मुद्दा दर्ता भएको पीडितको संख्या** | |
|---|---|
| बेश्यावृत्ति (३५) | भारत (४२) |
| श्रम शोषण/बैदेशिक रोजगार (१७) | नेपाल (६३) |
| विदेश पठाउने बहाना (३०) | कुवेत (१०) |
| अंग झिक्ने (१) | ओमन (३) |
| वैवाहिक प्रयोजन (२) | दुबई (१) |
| यौनशोषण/जक (१९) | थाईल्याण्ड (८) |
| पिआर दिलाउने भनी (५) | टर्की (१) |
| बेचबिखन (१९) | |

**६. मानव बेचबिखन संगठित अपराध हुनाले अहिले सम्म मानव बेचबिखनमा संलग्न संजाल वा संगठनलाई कार्यवाही गरिएको छ ?**

- ललितपुरस्थित निदान अस्पतालले गरेको अवैध मृगौला प्रत्यारोपण अपराधमा संलग्न व्यक्तिहरूलाई कार्यवाही

**७. मुद्दा दर्ता र पक्रियामा कस्ता कस्ता चुनौती र समस्याहरू आउँछन् ?**

१. धेरै जसो पीडितसँग विदेश जाँदा र फर्किदाको कागजातहरू नहुने ।

२. पिडीतलाई एजेन्टहरूले आफ्नो वास्तविक नाम थर वतन नदिई बनावट नाम दिने गरेकोले समस्या पर्ने गरेको अभियुक्तको पूर्ण विवरण पिडितसँग नहुने । चिनजान गराई दिएको मान्छेको भरमा विदेश जाने गरेको ।

३. मुख्य अभियुक्त विदेशमा बसेर मानव तस्करी गर्ने गरेको ।

४. विदेशमा लुकिछिपी बसेका अभियुक्तलाई नेपाल ल्याउन कानुनी समस्या ।

५. पीडितको उद्धारमा जटिलता ।

६. विदेश जाँदा ठूलै रकम समेत (अमेरिका, क्यानाडा जाँदा) खर्च हुने तर क्षतिपुर्ति रकम कम हुने हुँदा वैदेशिक रोजगारीमा गई मानव बेचबिखनमा परेको मुद्दामा जाहेरी दर्ता गरे पश्चात पीडित सम्पर्कमा आउन नचाहने ।

७. उद्धार गरे पश्चात जाहेरी दर्ता गरेतापनि बकपत्र गराउन समस्या, पिडीत होस्टाईल हुने ।

८. मानव बेचबिखनको मुद्दा दर्ता भए पश्चात मुद्दा नटुंगिदै रोजगारीका लागि विदेश जाने, बकपत्रमा उपस्थित नहुने ।

९. भिजिट भिसाको दुरुपयोग गरी रोजगारीमा जाने र बेचिएको भनी मुद्दा दर्ता गराउने, अधिकांश मुद्दामा जाहेरवालाको चेतनास्तर न्यून हुने हुँदा अरुको प्रभावमा परी बेचिने र ठगिने गरेको ।

१०. मौजुदा मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ ले मानव तस्करी, जबरजस्ती श्रममा लगाउने कार्यलाई नसमेट्दा चुनौती थपिएको ।

११. सामाजिक लान्छना, पीडकबाट डर, धम्की, जस्ता कारणले उजुरी गर्न डराउने अवस्था ।

१२. मानव बेचबिखनको मुद्दालाई वैदेशिक रोजगार प्रवृत्ति ठगिमा परिणत गरी सजाय कम गर्न वा उन्मुक्ति लिन खोज्ने प्रवृति ।

१३. अपराधमा संलग्न व्यक्तिहरूले प्रविधिको प्रयोग गर्ने गरेको, प्रायजसो ह्वावट्सएपबाट संचार आदान प्रदान हुने गरेकोले प्रमाण संकलनमा कठिनाई ।

**८. मुद्दाको सफलताका लागि पीडित तथा प्रभावितहरूबाट के अपेक्षा गर्नुहुन्छ ?**

१. पीडितले आफ्नो समस्या, पीडित भएको कुरा नलुकाई उजुरी दिने, आफन्तबाट पीडित भएको भए पनि उजुरी गरिदिनुपर्ने ।

२. भएका प्रमाणहरू संकलनमा सहयोगको अपेक्षा ।

३. उजुरी दिए पश्चात कानुनी प्रकृयाको लागि आवश्यक परेको बेलामा उपस्थित हुने र सम्पर्कमा रहने ।

४. कसैको डर त्रास आर्थिक प्रलोभनमा परी होस्टाईल नहुने, असुरक्षित महसुस भएमा प्रहरीलाई खबर गर्ने ।

५. अनुसन्धानको विभिन्न चरणहरूमा सहयोग गर्ने, आफ्नो मुद्दा सम्बन्धमा चासो राख्ने ।

**९. संघ संस्थाबाट कस्तो अपेक्षा राख्नु भएको छ ?**

१. पीडित तथा प्रभावितको उद्धारमा सहयोग ।

२. प्रभावितको तर्फबाट जाहेरी दरखास्त तथा कानुनी प्रक्रियामा सहयोग ।

३. प्रभावितलाई मनोसामाजिक परामर्श सेवा ।

४. कानुनी प्रकृया चलिरहँदा र आवश्यकता अनुसार पछि समेत आश्रयस्थल तथा पुनर्स्थापनामा सहयोग तथा सहकार्य ।

**१०. अन्य कुन कुन सरोकारवालासँग कस्तो प्रकारको भूमिकाको अपेक्षा गर्नु भएको छ ?**

१. आवश्यकता अनुसार समस्यामा परेका पीडित तथा प्रभावितहरूको पहिचान र उद्धारमा सहयोग ।

२. मनोसामाजिक परामर्शका साथै आवश्यकता अनुसार वासस्थान र कानुनी परामर्श प्रदान ।

३. न्याय प्राप्तिमा निरन्तर सहयोग र संरक्षण ।

**११. मानव बेचबिखन विरुद्धको अनुसन्धानलाई प्रभावकारी पार्नका लागि ब्यूरोलाई थप के कस्तो प्रकारको सहयोगको आवश्यकता रहेको छ ?**

१. भिजिट भिसाको दुरुपयोग गरी विदेश जाने तथा गिरोहले पठाउने प्रवृत्तिलाई रोक्न प्रहरीको एकल प्रयास मात्र पर्याप्त नहुने भएकोले यसमा जिम्मेवार निकायहरूले प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्ने ।

२. विदेश गएको र फर्केको अभिलेख दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्ने ।

३. मानव तस्करीलाई स्पष्ट रुपमा परिभाषित गरी कानुनी दायरामा ल्याउनुपर्ने ।

४. मौजुदा तस्करीलाई स्पष्ट रुपमा परिभाषित गरी कानुनी दायरामा ल्याउनुपर्ने ।

५. थप दक्ष जनशक्ति र स्रोत साधन हुनुपर्ने ।

६. अन्तरदेशीय समन्वय र सहकार्य गर्नुपर्ने ।

७. खुला सिमानामा सुरक्षा निगरानी बढाउने ।

८. संगठित अपराधिक समूहको संलग्नता हुने हुँदा उत्पत्तिको राष्ट्र र गन्तव्यको राष्ट्रवीच नियन्त्रणको लागि पारस्परिक सहयोगको आदान प्रदान गर्ने ।

९. ब्यूरोको आफ्नै पीडित मैत्री तथा प्रविधि मैत्री भवन तथा थुनुवा कक्षा हुनुपर्ने ।

१०. वैदेशिक रोजगारको सिलसिलामा हुने बेचबिखनमा अवधारणागत स्पष्टता हुनुपर्ने ।

**१२. पीडित तथा प्रभावितको न्यायमा पहुँचलाई वृद्धि गर्नका लागि के गर्नु पर्दछ ?**

१. पीडितमैत्री कानुनी व्यवस्था ।

२. प्रतिवादिले लोभलालचमा पार्न सक्ने देखिएकोले पीडितको सुरक्षाको पूर्ण प्रत्याभुति ।

३. पीडितको लागि निशुल्क कानुनी मनोसामाजिक परामर्श ।

४. निरन्तर सुनुवाईको व्यवस्था ।

५. अन्तरिम क्षतिपुर्ति सहित स-सम्मान पुनस्थापना ।

# "लकडाउनले एचआईभी/एड्स संक्रमितले खाने औषधि प्रभावित भएको थियो"



**हाल शक्तिमिलन समाजमा मानव बेचबिखन र एचआईभी संक्रमणबाट प्रभावित दिदीबहिनीहरू कतिजना हुनुहुन्छ ?**
हाल एचआईभी संक्रमित १२५ जना र मानव बेचबिखनबाट प्रभावित १२ जना महिलाहरू शक्ति मिलन समाजमा हुनुहुन्छ ।

**कोभिड-१९ ले तपाईंको संस्थालाई पारेको प्रभावहरू के के थिए ?**
जब कोभिडले सारा विश्व प्रभावित बनिरहेको थियो, शक्ति मिलन समाज पनि त्यसबाट अछुत रहने कुरै भएन । त्यस अवधिमा हिंडडुलमा प्रतिबन्धमा थियो । दैनिक कार्यालय र कार्यक्रम सञ्चालन गर्न हामी पनि संघर्षरत् थियौं । त्यस अवधिमा संस्थालाई प्राप्त हुने कोषको पनि अभाव थियो जसले कार्यक्रमलाई प्रभाव पारिरहेको थियो । खासगरि एचआईभी/एड्स प्रभावितहरूलाई औषधोपचार गरिरहेको एउटा कार्यक्रम पनि प्रभावित बनिरहेको थियो । जब कार्यक्रमको नियमित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने दायित्व थियो र यथेष्ट आर्थिक सहयोग गर्न दाताले सकिरहेको थिएन । लकडाउनको कारण एचआईभी/एड्स संक्रमितलाई नियमित दिनुपर्ने 'एन्टीरिट्रोभाइरल' औषधीको सप्लाई समेत प्रभावित भइरहेको थियो ।

**कोभिडको कहरमा शक्तिमिलन समाजको आश्रयमा रहनु भएका वा आवद्द सदस्य एवं दिदिबहिनीहरुले के कस्ता अप्ठेरो भोग्नु परेको थियो ?**
यस संस्थाका एचआईभी/एड्सबाट प्रभावित अधिकाशं महिलाहरू अनौपचारिक क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्न बाध्य छन् । कोभिडको कारण सबैतिर बन्द भएकोले यो वर्ग निकै मारमा पऱ्यो । उनीहरूले आफ्नो काम गुमाए र कोभिड पछि कामको लागि संघर्ष गरिरहनु पऱ्यो र काममा फर्किन निकै चुनौति देखियो । उनीहरूको घरमा खाने अन्न समेत भएन र शक्ति मिलन समाजले घरदैलोमा पुगेर खानेकुरा र पोषणयुक्त खाद्य सामग्री वितरण गर्नुपरेको थियो । साथै, एचआईभी/एड्ससँग लड्ने एआरभी औषधीको पनि अभाव झेल्नु पऱ्यो जसले थुप्रै साइड इफेक्टहरू हुनथाल्यो जसका कारण एचआइभी/एड्स प्रभावित यस संस्थाका सदस्यहरूमा मानसिक तनावको अवस्थाहरू देखियो ।

**सो अप्ठेरो परिस्थितिको सामना कसरी गर्नुभयो ?**
एचआईभी/एड्स र मानव बेचबिखनबाट प्रभावित हाम्रा १०० जना सदस्यहरूलाई हामीले खाद्यान्न र घर भाडा रकम दिन हामी समर्थ्य भयौं । साथै, वहाँहरूलाई मनोवैज्ञानिक परामर्श र एआरभी औषधीको नियमित पहुँच पुऱ्याउन हामी सक्षम भयौं ।

**स्थानीय सरकारबाट प्रभावित दिदीबहिनीहरुलाई वैकल्पिक आय आर्जन वा आर्थिक सहयोग गर्ने कुनै कार्यक्रम भए ?**
सो समयमा शक्ति मिलन समाजले स्थानीय सरकारसँग अन्तरकृया कार्यक्रम गऱ्यो । संस्थाका सेवाग्राहीहरूले कोभिडको मारबाट भोगेको पीडाहरूको जानकारी दिन, स्थानीय सरकारको ध्यानाकर्षण गर्न र समाधानका उपायहरू निकाल्नका लागि । तर कोभिडको असर नियमित भइरहेको कारण समाधानको कुनै उपाय निस्कन सकेन ।

**त्यस्तो अवस्था फेरि दोहरिएमा त्यसलाई कसरी सामना गर्ने योजना बनाउनु भएको छ ?**
एचआईभी/एड्स र मानव बेचबिखनबाट प्रभावित दिदीबहिनहरूको क्षमता विकाश गरिरहेका छौं जसले वहाँहरूलाई यस्तो परिस्थितिमा जीवनयापन गर्न सहज गर्दछ ।

**कोभिड जस्तो विश्वव्यापी विपत्तिमा प्रभावितहरूको हक हितका लागि सरकारले के के गर्नुपर्दछ ?**
सरकारले एचआईभी/एड्स र मानव बेचबिखनबाट प्रभावितहरूको क्षमता विकास गरी औपचारिक क्षेत्र वा सरकारी सेवामा उनीहरूलाई काम गर्ने अवसरहरू सिर्जना गरिदियो भने यस्ता विश्वव्यापी विपत्तिहरूमा प्रभावितहरूले भोग्नुपर्ने पीडाको दिर्घकालिन समाधान हुनसक्छ । त्यसले उनीहरूको जीविकोपार्जन सहज बन्दछ ।

**शक्तिमिलन समाजले कोभिडको समस्यालाई अवसरको रुपमा सदुपयोग गरेको उदाहरण पनि छ कि ?**
हामीले बुझ्यौं कि यस्तो विपद घडिमा हरेक संघसंस्थाहरू र व्यक्तिका लागि आपत्कालिन कोष अति आवश्यक रहेछ । यस्तो कोष निर्माणप्रति हामी गम्भिर छौं ।

*नातिसरा राई*
*शक्ति मिलन समाज, संस्थापक र कार्यकारी निर्देशक*

बालबालिका सम्बन्धी नियमावली, २०७८ मा बालबालिका बेचबिखनको रोकथाम तथा संरक्षण सम्बन्धी रहेका केही मुख्य प्रावधानहरूलाई मात्र सरोकारवालाको जानकारीको लागि यहाँ राखिएको छ ।

## परिच्छेद -५

### बालबालिकाको विशेष संरक्षण

**५०. विशेष संरक्षण :** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा ऐनको दफा ७ को उपदफा (४) मा उल्लिखित बालबालिका र ऐनको दफा ४८ को उपदफा (१) मा उल्लिखित विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई ऐनको दफा ४८ को उपदफा (२) मा उल्लिखित सेवाका अतिरिक्त देहाय बमोजिमको सेवा उपलब्ध गराई विशेष संरक्षणको व्यवस्था गर्नु पर्नेछ :-

(क) आपतकालीन उद्धार तथा राहत,
(ख) मनोसामाजिक परामर्श,
(ग) पारिवारिक परामर्श,
(घ) कानुनी परमर्श तथा सहायता,
(ङ) शैक्षिक सहायता,
(च) सीपमूलक तालीम,
(छ) सामाजिक संरक्षण,
(ज) बाल हेल्पलाइन सेवा सञ्चालन,
(झ) खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलापको सञ्चालन,
(ञ) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका विशेष संरक्षणका अन्य उपाय ।

**५१. विशेष संरक्षणको आवश्यकता सम्बन्धी प्रतिवेदनः** (१) स्थानीय तहले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्न ऐनको दफ ६२को उपदफा ६२ को उपदफा (२) बमोजिवम समाजसेवीलाई लगाउन सक्नेछ ।

## परिच्छेद - ६

### बालबालिकाकको वैकल्पिक हेरचाह

**५३. वैकल्पिक हेरचाहको व्यवस्था :** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई निजको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा बालबालिकाको उच्चतम हित सुनिश्चित हुने गरी बालकल्याण अधिकारीको सिफारिसका सम्बन्धित स्थानीय बाल अधिकार समितिले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

**५४. बाल कल्याण अधिकारी समाजसेवीको राय लिनु पर्ने :** (१) बालकल्याण अधिकारीले बालबालिकालाई वैकल्पिक हेरचाहमा राख्ने निर्णय गर्नुपूर्व ऐनको दफा ६२ को उपदफा (२) बमोजिम नियुक्त समाजसेवीको राय लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समाजसेवीले राय दिँदा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको उच्चतम हित हुने गरी राय दिनु पर्नेछ ।

**५६. संरक्षकलाई हस्तान्तरण गर्ने :** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई अदालतले संरक्षक तोकेमा अदालतले तोकेको संरक्षकलाई बालकल्याण अधिकारीले बालबालिका हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बालबालिका हस्तान्तरण गर्दा निज बालबालिकासँग सम्बन्धित नियम ५५ बमोजिमका कागजात तथा विवरण एकप्रति सोही उपनियम बमोजिम तोकिएको संरक्षकलाई दिनु पर्नेछ ।

**६०. बसाईसराई गरेमा बालबालिकाको व्यक्तिगत विवरण समेत पठाइ दिनुपर्ने** (१) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा परिवार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा बसाईसराई गरी जाने भएमा सम्बन्धित स्थानीय तहले बालबालिकाको व्यक्तिगत फाइल बसाई सरी जाने स्थानीय तहमा पठाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फाइल पठाएको अभिलेख सम्बन्धित स्थानीय तहले राख्नु पर्नेछ ।

**६१. वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको स्थितिको जानकारी :** (१) स्थानीय बाल अधिकार समितिले वर्षको कम्तीमा एकपटक स्थानीय तहभित्र वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको स्थितिको बारेमा जानकारी लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त जानकारीको आधारमा बालबालिकालाई उचित हेरचाह नगरेको पाइएमा स्थानीय बाल अधिकार समितिले वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सचेत गराउन वा ऐन बमोजिमको कारबाहीका लागि सम्बन्धित निकायमा

निवेदन दिन वा संरक्षक परिवर्तनका लागि सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

## परिच्छेद -७

### बाल गृहको स्थापना तथा सञ्चालन

**६२. बाल गृहको स्थापना तथा सञ्चालन :** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले बाल गृहको स्थापना गर्न सक्नेछ ।

(२) कसैले प्रचलित कानुन बमोजिम संस्था दर्ता गरी परिषदबाट अनुमति लिएर बाल गृह सञ्चालन गर्न सक्नेछ ।

**६५. बालबालिकाको सामाजिक पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन :** (१) बाल गृहले बालबालिका अठार वर्ष उमेर पूरा भइसकेपछि स्वतन्त्र रूपमा बस्न सक्ने गरी त्यस्ता बालबालिकालाई सामाजिक पुनर्स्थापना वा पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ ।

(२) बाल गृहले बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा देहाय बमोजिमको आधारमा समाजसेवी तथा बाल मनोविज्ञानले दिएको प्रतिवेदनको आधारमा पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ :-

(क) बालबालिकाको पारिवारिक संरचनामको लेखाजोखा,
(ख) बालबालिकाको स्वास्थ्य, शिक्षा, मनोसामाजिक अवस्था, बालबालिकासँग भएका सीप तथा क्षमता,
(ग) बालबालिकाको इच्छा तथा तयारीको अवस्था,
(घ) अभिभावक वा नजिकका नातेदारको विवरण संकलन तथा पहिचान,
(च) बालबालिका र परिवारबीचको सम्बन्ध,
(छ) बालबालिका परिवारमा रहँदाको सम्भावित जोखिम,
(ज) बालबालिकाको संरक्षणको सुनिश्चितता,
(झ) बालबालिकाको पारिवारिक पुनर्मिलन गर्दा आवश्यक सहायताको विवरण ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको आधारमा बालगृहले पारिवारिक पुनर्मिलन गर्दा सम्बन्धित स्थानीय तहको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

**६७. बाल गृहको अनुगमन तथा निरिक्षण :** (१) स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्र रहेका बालगृहको नियमित अनुगमन तथा निरिक्षण गर्नेछ ।

## परिच्छेद-८

### अस्थायी संरक्षण सेवा तथा पुनर्स्थापना केन्द्र

**६८. अस्थायी संरक्षण सेवाः** (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आपसी समन्वयमा अस्थायी संरक्षण सेवाको व्यवस्था गर्नेछ ।

(२) परिषद्ले बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्न देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन परिषदबाट अनुमति लिएका अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्थामा अस्थायी संरक्षण सेवा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) अस्थायी संरक्षण सेवाभित्र सुरक्षित बसोबासका अतिरिक्त आवश्यकता अनुसार देहायबमोजिमको सेवा उपलब्ध हुन सक्नेछ :-

(क) बाल मनोविमर्श तथा कानुनी परामर्श सेवा,
(ख) बालबालिकाको सुरक्षा, संरक्षण तथा नगद वा जिन्सी राहत सेवा,
(ग) स्वास्थ्य उपचार सेवा,
(घ) लागू पदार्थ दुर्व्यसनी उपचार तथा पुनर्स्थापना सेवा,
(ङ) परिवारको खोजी,
(च) पारिवारिक परामर्श सेवा,
(छ) सामाजिकीकरण सेवा,
(ज) रोजगारमूलक प्राविधिक तथा व्यावसायिक सीप र क्षमता अभिवृद्धि तालिम,
(झ) पारिवारिक आर्थिक विकास सहयोग (आय-आर्जन अभिवृद्धि तथा स-साना व्यवसाय सञ्चालनका लागि),
(ञ) पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सेवा,
(ट) सेवा प्राप्त गरेका बालबालिकाको नियमित अनुगमन, सहजीकरण तथा पृष्टपोषण ।

(४) आफ्नो क्षेत्रभित्र फेला परेका बालबालिका जनसुकै स्थानको भए तापनि सम्बन्धित स्थानीय तहले अस्थायी संरक्षण प्रदान गर्नु पर्नेछ ।

**६९. पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने :** (१) कुनै संस्थाले पुनर्स्थापना केन्द्र स्थापना गर्न चाहेमा अनुसूची-५ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात संलग्न गरी परिषदमा निवेदन दिनु पर्नेछ ।

**७०. प्रदेश सरकार वा स्थानीय तहले पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने :** (१) प्रदेश सरकार वा स्थानीय तहले ऐन वा यस नियमावलीको अधीनमा रही पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) नेपाल सरकारले आफूले स्थापना र सञ्चालन गरेका पुनर्स्थापना केन्द्र प्रदेश सरकारले सञ्चालन गर्न चाहेमा हस्तान्तरण गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले सञ्चालन गरेका पुनर्स्थापना केन्द्रमा भौतिक क्षमताका आधारमा अन्य प्रदेशबाट पठाइएका बालबालिकालाई समेत राख्नु पर्नेछ ।

**७१. पुनर्स्थापना केन्द्रमा हुनु पर्ने सुविधा :** (१) बालबालिका विरूद्धको कसूरबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक पुनर्स्थापनाका लागि पुनर्स्थापना केन्द्रले देहाय बमोजिमका सेवाहरू उपलब्ध गराउनु पर्नेछ :-

(क) आवधिक आवास, खाना तथा कपडा र तत्कालीन राहत,
(ख) स्वास्थ्य उपचार,
(ग) मनोविमर्श तथा मनोसामाजिक विमर्श,
(घ) औपचारिक तथा अनौपचारिक शिक्षा तथा व्यावसायिक तालीम,
(ङ) परिवार तथा अभिभावकको खोजतलास,
(च) पारिवारिक परामर्श,
(छ) कानुनी परामर्श तथा सहायता,
(ज) पारिवारिक पुनर्मिलन तथा पुन एकीकरण,
(झ) सामाजिक दीर्घकालीन पुनर्स्थापना ।
(२) बालबालिका विरूद्को कसूरबाट पीडित बालबालिकालाई सामाजिक तथा पारिवारिक पुनर्स्थार्पना केन्द्रमा राख्न सकिनेछ ।

**७३. मापदण्डको पालना गर्नुपर्ने :** पुनर्स्थापना केन्द्रले अनुसूची-८ बमोजिमको मापदण्डको पालना गर्नु पर्नेछ।

**७४. पुनर्स्थापना केन्द्रको अनुगमन तथा निरीक्षण :** (१) स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्र रहेका पुनर्स्थापना केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्नेछ ।

## परिच्छेद-९

## राष्ट्रिय बाल अधिकार परिषद्

**७६. परिषदको काम, कतथव्य र अधिकार :** (१) यस नियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषदको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

ढ) मुलुक बाहिर ओसारपसार, बेचबिखन, हिंसा, शोषणको शिकार भएका नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती, परिवार पहिचान तथा पुनर्मिलन र पुनर्स्थापनाको कार्य गर्ने ।

## परिच्छेद-१०

## बालकल्याण अधिकारी, समाजसेवी र बालमनोविज्ञ

**८१. बालकल्याण अधिकारी :** (१) प्रत्येक स्थानीय तहले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा बाल संरक्षणको कार्य गर्नको लागि एकजना बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

## परिच्छेद-१२

## विविध

**८९. बालबालिकाको खोजतलास सेवा :** (१) नेपाल सरकारले आवश्यकता अनुसारको सङ्ख्या र स्थानमा देहाय बमोजिमको काम गर्न बालबालिका खोजतलास सेवा सञ्चालन गर्नेछ :-

(क) हराएका बालबालिकाको खोजी गर्न,
(ख) फेला परेका बालबालिकाको परिवारको खोजी र पहिचान गरी परिवारमा पुनर्मिलन गराउन,
(ग) जोखिमपूण श्रममा संलग्न, बेचबिखन तथा ओसार पसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न ।

(२) उपनियम (१) बमोजिमको काम नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहको आपसी समन्वयमा गर्नु पर्नेछ ।

**९०. बाल हेल्पलाइन सेवा :** (१) बालबालिका विरूद्धको हिंसाबाट पीडित तथा जोखिममा रहेका बालबालिकाको उद्धार तथा संरक्षण र सहायताका लागि मन्त्रालयले आवश्यकता अनुसारको सङ्ख्या र स्थानमा बाल हेल्पलाइन सेवा सञ्चालन तथा विस्तार गर्नेछ ।

(२) परिषदले गैर सरकारी संस्थाको समन्वयमा उपनियम (१) बमोजिम बाल हेल्पलाइन सेवा सञ्चालन गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम बाल हेल्पलाइन सेवा सञ्चालनका लागि परिषदले गैर सरकारी संस्थासँग सम्झौता गर्न सक्नेछ ।

(४) बाल हेल्पलाइन सेवा सञ्चालन गर्ने संस्थालाई नेपाल सरकारले परिषद मार्फत आवश्यकता अनुसार कार्यक्रम अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ ।

*स्रोतः बालबालिका सम्बन्धी नियमावली, २०७८*

# महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) संक्षिप्त प्रगति प्रतिवेदन

**आ.व. २०७८/७९**

| क. स. | मिति | कियाकलाप | स्थान/ सहभागी संख्या |
|---|---|---|---|
| | | संस्थागत | |
| १ | २०७८ असोज ७७ | **१८ औं वार्षिक साधारण सभा र नवौं अधिवेशन**<br>साधारण सभा र अधिवेशनको अध्यक्षता अध्यक्ष नातीसरा राईले गर्नुभएको थियो । सभाबाट आ.व. २०७७-७८ को कार्यक्रमिक र आर्थिक प्रगति प्रतिवेदनको प्रस्तुति तथा अनुमोदन, अनुगमन तथा मुल्याङ्कन नीति, २०७८, आपत्कालिन राहत कोष परिचालन कार्यविधि, २०७८ अनुमोदन, एटविनको आगामी वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुति र अनुमोदन गरिएको थियो । आ.व. २०७८/७९ को लेखा परिक्षक नियुक्ति गरिएको थियो । नवौं अधिवेशनमा आगामी दुई वर्षकालागि बाल समाज, मोरङका अध्यक्ष सीता पौड्यालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको थियो । अधिवेशनको संचालन महासचिव बालकुमारी दर्लामीले गर्नु भएको थियो । अधिवेशनको उद्घाटन सत्रमा एटविनका सल्लाहकारहरू, पूर्व अध्यक्षहरू, मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रमुख एसएसपी दुर्गा सिंह, राष्ट्रिय महिला आयोगका सदस्य मा. कृष्णकुमारी खतिवडाको उपस्थिति रहेको थियो । | काठमाडौं |
| २ | २०७८ असोज ७ | **सामाजिक लेखा परिक्षण**<br>एटविनले आ.व. २०७७-७८ मा सम्पन्न गरेको विभिन्न गतिविधिहरूसँग सम्बन्धित सामाजिक लेखा परिक्षण अध्यक्ष नातीसरा राईको अध्यक्षतामा भएको थियो । कार्यक्रममा सामाजिक लेखा परिक्षक तथा सहजकर्त्ता बालमुकुन्द आचार्यले एटविनको कार्यक्रमिक, आर्थिक तथा संस्थागत संरचना तथा कार्यपद्धति लगायतका विषयवस्तु प्रस्तुत गर्नु भएको थियो । | काठमाडौं |
| ३ | २०७८ भदौ १५ - २०७९ असार | **नियमित त्रैमासिक बैठक - ३ पटक**<br>पहिलो बैठक अध्यक्ष नातीसरा राईको अध्यक्षता भएको थियो । बैठकमा प्रगति प्रतिवेदनको प्रस्तुति र छलफल भएको थियो । संस्थाहरू शुभ अवसर ग्राम नेपाल, काठमाडौं र थ्री एन्जल्स, कास्कीको संस्थागत प्रस्तुति रहेको थियो । एटविनको 'आपत्कालिन राहत कोष परिचालन कार्यविधि'मा छलफल गरी अन्तिम रुप दिइएको थियो ।<br>दोस्रो बैठक उपाध्यक्ष तारा भण्डारीको अध्यक्षता भएको थियो । बैठकमा प्रगति प्रतिवेदनको प्रस्तुति र छलफल भएको थियो । साथै, काठमाण्डौ स्थित दुईवटा सदस्य संस्थाहरू शक्ति मिलन समाज र चाइल्ड नेपालको संस्थागत प्रस्तुति रहेको थियो ।<br>तेस्रो बैठकमा प्रतिवेदनको प्रस्तुति र सदस्य संस्थाहरू आफन्त नेपाल र सीविनले आफ्नो संस्थाका बारे प्रस्तुति गरेका थिए । | बुढुनगर, काठमाडौं |
| ४ | २०७८ साउन १३ | **प्रदेश न. १ मा ज्ञापन पत्र हस्तान्तरण**<br>मानव बेचबिखन विरूद्धको विश्व दिवसको अवसरमा एटविनले तयार गरेको मानव बेचबिखन विरूद्धको नमुना प्रादेशिक नीति हस्तान्तरण गर्न र मानव बेचबिखन नियन्त्रणका लागि प्रदेश स्तरीय सरकारको पहलको वकालत गर्न एटविनले प्रदेश १ का सामाजिक विकास मन्त्री मा. उषाकला राई र प्रदेश योजना आयोगका उपाध्यक्ष मा. सुबोधराज प्याकुरेललाई ज्ञापन पत्र बुझाएको थियो । | बिराटनगर, मोरङ |

| | | | |
|---|---|---|---|
| ५ | २०७८ असोज १४ मंसिर २ र मंसिर ९ गते | **लुम्बिनी प्रदेश, प्रदेश १ र गण्डकी प्रदेशमा मानव बेचबिखनविरूद्धको नमूना नीति हस्तान्तरण**<br>एटविनले लुम्बिनी प्रदेश, प्रदेश १ र गण्डकी प्रदेशमा मानव बेचबिखन नियन्त्रणका लागि प्रदेशस्तरीय सरकारको पहलको वकालत गर्न र मानव बेचबिखनविरूद्धको नमूना प्रदेश नीति र मानव बेचबिखनबाट पीडित/पीडितहरूको उद्धार तथा फिर्तिको नमूना SOP हस्तान्तरण गरेको थियो ।<br>लुम्बिनी प्रदेशका मुख्यमन्त्री मा. कुलप्रसाद केसी, लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष मा. बामदेव क्षेत्री घिमिरे र सामाजिक विकास महाशाखा प्रमुख श्री शारदा बस्याललाई मानव बेचबिखनविरूद्धको नमूना प्रदेश नीति, नमूना SOP तथा ज्ञापनपत्र हस्तान्तरण गरेको थियो ।<br>प्रदेश नं. १ का मुख्यमन्त्री मा. राजेन्द्र कुमार राई र आन्तरिक मामिला तथा कानून मन्त्री मा. केदार कार्कीलाई भेटी नमूना नीति र क्इए हस्तान्तरण गरेको थियो ।<br>गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव श्री विनोदबहादुर कुँवरलाई मानव बेचबिखनविरूद्धको प्रादेशिक नमुना नीति हस्तान्तरण गरेको थियो । | बुटवल, रुपन्देही, विराटनगर, मोरङ, पोखरा, कास्की |
| ६ | २०७८ साउन १५ | **मानव बेचबिखनविरुद्धको विश्व दिवस, २०२१**<br>“Victims’ Voices Lead the Way” सन्देश सहित मानव बेचबिखनविरुद्धको विश्व दिवस, ३० जुलाई २०२१ को सन्दर्भमा प्रेस विज्ञप्ति जारी गरिएको थियो । विज्ञप्तिमा श्रीलंकाबाट समस्यामा परेका २५ जना महिलाहरूलाई उद्धार गरी स्वदेश ल्याएका घटनासँग सम्बन्धित लगायतका विभिन्न घटनाहरूमा पीडित तथा प्रभाववितहरूको गोपनीयता भंग गरिएकोमा ध्यानाकर्षण गरिएको थियो । | काठमाडौं |
| ७ | २२ बैशाख २०७९ | **गण्डकी प्रदेशको शिक्षा, संस्कृति, विज्ञाान प्रविधि तथा सामाजिक विकास मन्त्रालयसँग बैठक**<br>एटविनले गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव देवेन्द्र लामिछानेसँग मानव बेचबिखनविरूद्ध प्रदेशको पहल सम्बन्धी छलफल गरेको थियो । मानव बेचबिखन विरूद्धको नीतिको मस्यौदाको प्रगतिकाबारे सचिव लामिछानेबाट जानकारी लिने र मानव बेचबिखन विरूद्धको कार्यक्रम, बजेट र नीतिका लागि पैरवी गरेको थियो । | पोखरा, कास्की / |
| ८ | २०७९ जेठ ५-६ र १२ | **कर्णाली तथा सुदुरपश्चिम प्रदेशमा मानव बेचबिखनविरूद्ध प्रादेशिक नीति तथा ज्ञापन-पत्र हस्तान्तरण**<br>एटविनले तयार गरेको मानव बेचबिखन विरूद्धको नमुना प्रादेशिक नीति कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा हस्तान्तरण गरेको थियो । कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव कृष्णप्रसाद काप्रीलाई ज्ञापन-पत्र र नमूना नीति हस्तान्तरण गरेको थियो । कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव श्री राजकुमार श्रेष्ठ र मुख्यमन्त्री मा. जीवनबहादुर शाहीलाई मानव बेचबिखन विरूद्धको प्रादेशिक नीति तथा कार्यक्रम तर्जुमा गरी आगामी आ.व. मा मानव बेचबिखन विरूद्धको बजेट विनियोजन गर्न अनुरोध गरिएको थियो । यसै विषयमा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टसँग र सामाजिक विकास मन्त्रालयका सचिव दीपक लामिछानेलाई एटविनले ज्ञापनपत्र हस्तान्तरण गरेको थियो । | सुर्खेत र कैलाली |
| | **परियोजना तथा साझेदारको नामः संरक्षण कार्यक्रम (ProTEcT Program)/ प्लान ईन्टरनेशनल नेपाल** | | |
| ९ | २०७८ साउन ४ | **“मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि नयाँ राष्ट्रिय कार्ययोजनामा सम्बोधन गर्नुपर्ने विषयवस्तुहरू” विषयक परामर्श बैठक**<br>मानव बेचबिखन विरूद्धको नयाँ राष्ट्रिय कार्ययोजनाको मस्यौदामा छलफलका लागि मानव बेचबिखनविरूद्ध कार्यरत संस्थाहरूसँग परामर्श बैठकका आयोजना गरिएको थियो । बैठकको उद्देश्य महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले तयार पारेको मानव बेचबिखनविरूद्धको नयाँ राष्ट्रिय कार्ययोजनाको समीक्षा प्रतिवेदनको मस्यौदामाथि छलफल गरी त्यसलाई थप प्रभावकारी र पीडितमैत्री बनाउन प्रतिक्रिया, सुझाव संकलन गर्ने रहेको थियो ।<br>मन्त्रालयले समीक्षा प्रतिवेदनमाथि सुझाव र सिफारिसहरूको लागि एटविनलाई अनुरोध गरिएको थियो । एटविन नयाँ कार्ययोजना तर्जुमा कार्यदलको सदस्य पनि हो । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| १० | २०७८ साउन १४ | **"मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्तीका लागि आवश्यक कार्यविधि" प्रादेशिक तहको परामर्श बैठक**<br>परामर्श बैठकको उद्देश्य मानव बेचबिखन पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना, र पुनर्एकीकरणका लागि नमुना कार्य सञ्चालन प्रक्रिया सम्बन्धी मापदण्डको लागि प्रदेश स्तरका सरोकारवालाहरूसँग छलफल र पैरवी गर्नु थियो । एटविनद्वारा तयार गरिएको नमूनाको प्रस्तुति र छलफल गरिएको थियो । सहभागीहरूले बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार, फिर्ति, पुनर्स्थापना र पुनर्एकीकरणका नमूना दस्तावेज सान्दर्भिक, जानकारीमूलक र उपयोगी भएको भन्नु भयो । | बिराटनगर, मोरङ |
| ११ | २०७८ साउन २२-२३ | **"मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्तीका लागि कार्यसञ्चालन प्रक्रिया सम्बन्धी मापदण्डको आवश्यकता" अभ्यास तथा अभिमुखिकरण कार्यक्रम**<br>कार्यक्रममा उद्धार र स्वदेश फिर्तिमा संलग्न तीन वटा संस्थाहरू आफन्त नेपाल, शक्ति समूह र माइती नेपालले सीमापार मानव बेचबिखनबाट पीडितहरूको उद्धार र स्वदेश फिर्ती प्रक्रिया, विधिहरूबारे आ-आफ्नो अनुभवहरू प्रस्तुत गरेका थिए । प्रत्येक संस्थाले गर्ने विभिन्न विधिहरू, उद्धार र स्वदेश फिर्ती गर्ने मुख्य सरोकारवालाहरू, तिनीहरूको कार्य प्रणालीमा भिन्नता र कार्य प्रणालीमा एकरूपता कायम राख्न गर्नु पर्ने विषयमा पनि छलफल गरिएको थियो । | धुलिखेल, काभ्रे |
| १२ | २०७८ भदौ १ | **"मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्तीका लागि आवश्यक कार्यविधि" अन्तरक्रिया कार्यक्रम**<br>१५औं मानव बेचबिखन विरूद्धका राष्ट्रिय दिवसको सन्दर्भमा सीमापार मानव बेचबिखनविरूद्ध अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बाँके र छिमेकी भारतीय जिल्लामा हुने सीमापार मानव बेचबिखन तथा ओसारपसार र त्यसको विरूद्धमा कार्यरत नेपाली निकाय, सरोकारवालाहरू र भारतीय समकक्षी निकायहरू बीच छलफल गरिएको थियो । कार्यक्रममा बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी, सशस्त्र प्रहरी बलबाट इन्स्पेक्टर, नेपालगन्ज उप-महानगरपालिकाका उप-प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, सामाजिक विकास मन्त्रालयका प्रतिनिधि तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सहभागिता रहेको थियो । | नेपालगञ्ज, बाँके जिल्ला |
| १३ | २०७८ भदौ १८ | **राष्ट्रिय मानव अधिकार आयोगलाई ज्ञापन पत्र हस्तान्तरण**<br>मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित महत्वपूर्ण विषयवस्तुमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट आवश्यक पहल गर्नका लागि अनुरोध गर्दै ज्ञापन पत्र हस्तान्तरण गरिएको थियो ।<br>आयोगका अध्यक्ष मा.टोप बहादुर मगर, तथा सदस्यकहरू मा. डा सूर्यप्रसाद शर्मा ढुंगेल, मा. मिहिर ठाकुर, र मा. लिली थापालाई ज्ञापन पत्र हस्तान्तरण गरिएको थियो । मा. लिली थापाले आयोगको रणनीतिक योजनामा मानव बेचबिखनको विषयलाई प्राथमिकतामा राखेको बताउनु भयो । वहाँले आयोगले पार्लेमो प्रोटोकललाई कसरी घरेलुकरण गर्नेमा पनि काम गरिरहेको बताउनु भयो । मा. टोपबहादुर मगरले नेपाल सरकारले मानव बेचबिखन नियन्त्रणका लागि हालसम्म गरेको पहलको प्रशंसा गर्दै आगामी दिनमा जोखिम न्यूनीकरणका लागि सरकारको ध्यानाकर्षण गराउने प्रतिवद्धता व्यक्त गर्नु भयो । | पुल्चोक, ललितपुर |
| १४ | २०७८ असोज १३ | **"मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्ति" समन्वय बैठक**<br>मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूका उद्धार तथा फिर्तिका लागि निर्देशिकाको महत्वबारे छलफल गर्न सरकारी सरोकारवालाहरूसँग पैरवी र समन्वय बैठक आयोजना गरिएको थियो । उद्धार, फिर्ति, पुनर्स्थापना र पुनर्एकीकरणमा तीनवटै तहका सरकारको महत्वपूर्ण भूमिका हुन्छन् र यसमा सरकारी निकायहरूको भूमिका, उद्धार, पुनर्स्थापना र पुनर्एकीकरणका विषयमा छलफल र राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता विभिन्न आयोगहरूले समन्वय र सहजीकरण गर्न र पीडित/प्रभावितहरूको अधिकार सुनिश्चित गर्न, न्यायमा पहुँच बढाउने विषयमा छलफल भएको थियो ।<br>राष्ट्रिय महिला आयोगकी अध्यक्ष मा. कमला पराजुलीले उद्धार र स्वदेश फिर्तिको निर्देशिका अत्यन्तै महत्वपूर्ण विषय रहेको र वहाँले मानव बेचबिखनबाट पीडितको उद्धार र स्वदेश फिर्ति गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वयका लागि नीति र निर्देशिकाहरू तर्जुमा गर्न सम्बन्धित मन्त्रालय, संस्था र नागरिक समाजसँग मिलेर काम गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| १५ | २०७८ असोज १५ | **“मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्तीका लागि आवश्यक कार्यविधि” प्रादेशिक परामर्श बैठक**<br>“मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्तीका लागि कार्यसञ्चाल सम्बन्धी मापदण्ड”- नमूना सहयोगी दस्तावेजको मस्यौदामा लुम्बिनी प्रदेशको रुपन्देहीमा प्रदेशस्तरीय परामर्श बैठक आयोजना गरेको थियो । लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रमुख महिला विकास अधिकृत श्री शारदा बस्यालले लुम्बिनी प्रदेश मानव बेचबिखनका मुद्दामा गम्भीर रहेको र त्यसलाई सम्बोधन गर्न नीति तर्जुमा गर्ने आश्वासन दिनुभयो । लुम्बिनी प्रदेश सरकारले मानव बेचबिखनबाट पीडित/प्रभावितहरूका लागि पुनर्स्थापना कोष स्थापना र सञ्चालन गर्न विधेयकको मस्यौदा तयार गरिसकेको छ । बस्याललले लुम्बिनी प्रदेश अन्य प्रदेशभन्दा अगाडि रहेको भन्दै बेचबिखन, घरेलु तथा लैङ्गिक हिंसा पीडितका लागि पुनर्स्थापना तथा सेवा केन्द्र स्थापना र सञ्चालनका लागि ऐन बनाएको बताउनु भयो । | भैरहवा, रुपन्देही |
| १६ | २०७८ मंसिर ४ | **“मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्ती” अन्तरक्रिया कार्यक्रम**<br>सरोकारवालाहरूसँग मानव बेचबिखनबाट पीडित/प्रभावितको उद्धार, फिर्ती, पुनर्स्थापना र पुनर्एकीकरणका लागि नमुना SOP बारे जानकारी गराउनका साथै सीमा क्षेत्र, विराटनगर र प्रदेश नं. १ मा मानव बेचबिखन विरुद्धको पहल तथा अभ्यासबारे कार्यक्रमको आयोजना गरेको थियो । सीमावर्ती जिल्लामा यस सम्बन्धी प्रत्यक्ष रुपमा काम गर्नेहरूको विषयवस्तुको पहिचान गर्नु रहेको थियो | विराटनगर, मोरङ जिल्ला |
| १७ | २०७८ मंसिर २२ | **राष्ट्रिय बालअधिकार परिषद्लाई ज्ञापन पत्र हस्तान्तरण**<br>बालबालिकाको बेचबिखन नियन्त्रण, उद्धार र स्वदेश फिर्ती विषय सम्बोधन गर्न अनुरोध गर्दे राष्ट्रिय बालअधिकार परिषद्लाई ज्ञापनपत्र हस्तान्तरण गरेको थियो। राज्यलाई उद्धार र फिर्ती सम्बन्धी दस्तावेजको मस्यौदा निर्माणमा सहयोग उपलब्ध गराउने उद्देश्यले मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार र स्वदेश फिर्ती सम्बन्धी एटविनको नमूना सहयोगी दस्तावेज परिषद्का कार्यकारी निर्देशक मिलन धरेललाई हस्तान्तरण गरिएको थियो। परिषद्लाई नमूना दस्तावेजलाई रिफरेन्स दस्तावेजको रूपमा लिन र आगामी वर्षको बजेट र कार्यक्रमहरूमा बेचबिखनको मुद्दालाई प्राथमिकता दिन आग्रह गरिएको थियो। | पुल्चोक, ललितपुर |
| १८ | २०७८ मंसिर २५ | **मानव बेचबिखनबाट पीडित/प्रभावितहरूलाई आकस्मिक सहयोग**<br>कोभिड-१९ महामारीले सबै तहका व्यक्तिहरूलाई असर गरेको थियो र विशेष गरी न्यून आय वा गरिबीको रेखामा रहेका व्यक्तिहरू, सिमान्कृत वर्ग, लैंगिक हिंसा र मानव बेचबिखनबाट पीडित/प्रभावितहरू, मनोरञ्जन क्षेत्रका कामदार, आप्रवासी कामदार र दैनिक ज्यालादारी गर्ने मजदुरहरू सबैभन्दा बढी मारमा परेको थिए । एटविनले शक्ति समुहसँग समन्वय गरी मानव बेचबिखनबाट पीडित/प्रभावितहरूलाई खाद्यान्न र स्वास्थ्य सामग्री सहितको राहत वितरण गरेको थियो । | काठमाडौं |
| १९ | २०७८ मंसिर २७ | **“मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्ती” अन्तरक्रिया कार्यक्रम**<br>नेपाल-भारत सीमामा मानव बेचबिखन तथा ओसारपसारको अवस्था, उद्धार, स्वदेश फिर्ती, मानव बेचबिखनका समस्या र चुनौतीका बारेमा सरोकारवालाहरूसँग कार्यक्रम गरेको थियो । एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङले एटविनले नेपाल-भारत सीमा जिल्लामा आयोजना गरेका विभिन्न मानव बेचबिखनविरूद्ध, पीडित/प्रभावितको उद्धार र फिर्ती सम्बन्धी गरेको अन्तरक्रिया र परामर्श कार्यक्रमहरूबाट सङ्कलन गरिएका जानकारी र सुझावहरूमाथि आधारित प्रस्तुति गर्नुभएको थियो । | काठमाडौं |
| २० | २०७८ पुस ८ | **राष्ट्रिय महिला आयोगलाई ज्ञापन पत्र हस्तान्तरण**<br>एटविनले राष्ट्रिय महिला आयोगका अध्यक्ष मा. कमला पराजुली तथा अन्य चारै जना आयुक्तहरूलाई मानव बेचबिखनलाई प्राथमिकतामा राखेर न्यूनीकरणका लागि आवश्यक पहल गर्न ज्ञापनपत्र हस्तान्तरण गरेको थियो । | काठमाडौं |
| | **परियोजना तथा साझेदारको नामः मानव बेचबिखन विरुद्धको आगामी राष्ट्रिय कार्ययोजनाकालागि वकालत/ शुभ अवसर ग्राम नेपाल, Good Shepherd International Foundation** | | |
| २१ | २०७८ मंसिर ९ | **“मानव बेचबिखन विरुद्धको आगामी राष्ट्रिय कार्ययोजना” प्रादेशिक परामर्श कार्यशाला**<br>एटविनले प्रदेश स्तरमा कार्ययोजनामा सुझावकालागि गण्डकी प्रदेशमा प्रदेशस्तरीय परामर्श कार्यशालाको आयोजना गरेको थियो । गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास | कास्की जिल्ला |

| | | | |
|---|---|---|---|
| | | मन्त्रालयका सचिव विनोदबहादुर कुँवरले संघीयता अघि केन्द्रिय तहमा सरकार एवं सरकारको आफ्नै संयन्त्र, नीति रहेको, स्थानीय तहमा पनि केही संरचना रहेको तर प्रदेश पूर्णतया नयाँ संयन्त्र र प्रणाली भएकाले, प्रदेशस्तरीय कानुनी संयन्त्र, नीति निर्माण गर्न केही समय लागेको भनी बताउनु भएको थियो । | |
| २२ | २०७८ मंसिर १२ | **"मानव बेचबिखन विरूद्धको आगामी राष्ट्रिय कार्ययोजना" प्रादेशिक परामर्श कार्यशाला**<br>लुम्बिनी प्रदेशको भारतसँग खुलासीमाना भएकोले दैनिक हजारौं नेपाली काम, अध्ययन, व्यवसाय र उपचारका लागि भारत जाने गर्छन् । सीमानामा औपचारिक नाकाका साथै अनौपचारिक नाका र बाटाहरू थुप्रै रहेका छन् । सीमा निगरानी, उद्धार र स्वदेश फिर्ती तथा अरु निरोध, संरक्षण र अभियोजन यस प्रदेशका महत्वपूर्ण मानव बेचबिखन नियन्त्रण गर्ने महत्वपूर्ण गतिविधिहरू हुन् र मानव बेचबिखनविरूद्धका नीति तथा कार्ययोजनाले पनि त्यसलाई प्रतिबिम्बित गर्नुपर्दछ भनेर कार्यक्रममा छलफल भएको थियो । | भैरहवा, रुपन्देही |
| २३ | २०७८ पुस ५ | **"मानव बेचबिखन विरूद्धको आगामी राष्ट्रिय कार्ययोजना" राष्ट्रिय परामर्श कार्यशाला**<br>राष्ट्रिय स्तरको परामर्श कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यामकुमारी खतिवडाको प्रमुख आतिथ्यतामा काठमाडौंमा आयोजना गरिएको थियो । वहाँले एटविनलाई परामर्श कार्यक्रम मार्फत संकलन गरेको सुझाव मन्त्रालयलाई बुझाउन अनुरोध गर्नुका साथै आगामी कार्य योजनामा सकेसम्म समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । | ललितपुर |
| | **परियोजना तथा साझेदारको नामः Amplifying Voices for Dignified Life and Decent Work/ विमेन फण्ड एसिया** | | |
| २४ | २०७८ पुस २८ | **मानव बेचबिखन अनुसन्धान ब्यूरोसँग बैठक**<br>मानव बेचबिखनविरूद्ध प्रभावकारी, पीडितमैत्री अनुसन्धानका लागि र पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न, मानव बेचबिखन अनुसन्धान ब्यूरो र नागरिक समाजका संघसंस्था बीच समन्वय अभिवृद्धि गर्न एटविनले ब्यूरो र एटविन सदस्य संस्थाहरूसँग बैठक आयोजना गरेको थियो । | काठमाडौं |
| २५ | २०७८ फागुन २७-२८ | **"मानव बेचबिखनबाट प्रभावितहरूको मुद्दा पहिचान" बन्द कार्यशाला गोष्ठी**<br>मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको दृष्टिकोण, उनीहरूको उद्धार, फिर्तिका प्रक्रिया, समस्या, पुनर्स्थापना र पुनर्एकीकरणका समस्या, चुनौति पहिचान र उनीहरूको सशक्तिकरण गर्न के गर्न सकिन्छ भन्ने विषयमा एटविनले बेचबिखनबाट प्रभावित महिलाहरूसँग बन्द कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । एटविनले यस कार्यक्रमबाट उठेका मुद्दाहरूको सम्बन्धित सरोकारवालाहरूसँग पैरवी गर्नेछ । उद्धार र स्वदेश फिर्ता गर्दा सामना गर्नुपर्ने प्रक्रिया र चुनौतीहरू, पुनर्स्थापनाका क्रममा सामना गर्नुपर्ने समस्या तथा चुनौतीहरू, पुनःएकीकरण पछि सामना गर्नु पर्ने प्रमुख समस्या र चुनौतीहरूबारे छलफल गर्न सामूहिक अन्तरक्रिया गरिएको थियो । त्यसैगरी, दिगो तथा प्रभावकारी पुनःएकीकरणका लागि सरकार, परिवार र समुदाय, संस्थाहरू, स्वयम् पीडितहरूसँग गरिने अपेक्षाबारे सुझावहरू संकलन गरिएको थियो । | गोदावरी, ललितपुर |
| २६ | २०७८ चैत १० | **"मानव बेचबिखन तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको अवस्था" अन्तरक्रिया कार्यक्रम**<br>मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरू तथा मानव बेचबिखनबाट प्रभावित व्यक्तिहरूसँग बन्द सत्र कार्यशालाको बारेमा जानकारी दिन, बन्द सत्र कार्यशालाको लागि प्रभावित र अधिकारवालाहरूसँग काम गर्ने संस्थाहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । एटविनले सन् २०११ देखि मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरूसँग बन्द सत्र गर्दै र उनीहरूका समस्याहरू उठाउँदै आएको छ । | काठमाडौं जिल्ला |
| २७ | २०७८ चैत ३० | **"नयाँ कानुनहरूमा मानव बेचबिखनसँग सम्बन्धित प्रावधान तथा अवस्था" अभिमूखिकरण कार्यक्रम**<br>संस्थाहरूको कानुनी क्षमता अभिवृद्धि गर्न मानव बेचबिखन सम्बन्धी नयाँ कानुनबारे अभिमूखिकरण कार्यक्रम आयोजना गरिएको थियो । यसले कानुनको प्रभावकारी कार्यान्वयन र पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि थप सहयोगी हुनेछ । यस विषयमा ज्ञान, जानकारीको खोजको सुरुवात मात्र गरेको छ र सहभागीहरूलाई त्यसमा पुग्न मार्गदर्शन गरेको छ । | काठमाडौं जिल्ला |

| | | | |
|---|---|---|---|
| २८ | २०७९ वैशाख ६-७ | **"मनोरञ्नज क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको अवस्था" बन्द कार्यशाला गोष्ठी**<br>मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूसँग उनीहरूको कार्य क्षेत्रको अवस्था, समस्या, यस क्षेत्रमा प्रवेश गर्नुको कारण र कोभिड-१९ को महामारीले उनीहरू र कार्यक्षेत्रमा पारेको प्रभाव भन्ने विषयमा जानकारी लिन कार्यशालाको आयोजना गरेको थियो । कार्यक्रमको उद्देश्य मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र मर्यादित कार्यक्षेत्रको रूपमा स्थापना गर्न, वकालतका लागि एजेन्डाहरू संकलन गर्न र सरोकारवालाहरूसँग पैरवी गर्ने रहेको थियो । कार्यक्रममा दोहोरी रेस्टुरेन्ट, डान्सबार, क्याबिन रेस्टुरेन्ट, खाजा घर, क्याटरिङ र क्याफेजस्ता मनोरञ्जन तथा सत्कार क्षेत्रका श्रमिकहरूको सहभागिता थियो । | ललितपुर जिल्ला |
| २९ | २०७९ वैशाख १९ | **टिभी कार्यक्रम**<br>अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा एटविनले मनोरञ्जन क्षेत्रका महिला श्रमिकका विषयमा छलफल गर्न टेलिभिजन कार्यक्रम प्रसारण गरेको थियो । कार्यक्रम हिमालयन टिभीबाट २०२२ मे २ गते सोमबार राति ८ बजे प्रशारण गरिएको थियो । कार्यक्रम सञ्चालक पत्रकार विजय पौडेल र कार्यक्रमका वक्ताहरू: महिलाका निम्ति महिला मञ्चका संस्थापक तथा कार्यकारी निर्देशक सिर्जना पुन, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको श्रम तथा पेशागत सुरक्षा विभागका महानिर्देशक उमाकान्त आचार्य र रेस्टुरेण्ट व्यवसायी संघ नेपालका केन्द्रिय अध्यक्ष विजय नगरकोटी रहेका थिए । | काठमाडौं जिल्ला |
| ३० | २०७९ वैशाख २२-२४ | **अध्ययन भ्रमण**<br>यस अध्ययन भ्रमणको उद्देश्य आन्तरिक बेचबिखनको अवस्था र एटविनका सदस्य संस्थाहरूले मानव बेचबिखनविरूद्धको कामहरूकाबारे तथा सरकारी र गैरसरकारी सरोकारवालाहरू बिचको समन्वयबारे जानकारी लिने थियो । कास्कीमा कार्यरत सदस्य संस्थाहरू जस्तै शक्ति समूहको स्रोत केन्द्र र आवास गृह, श्री एन्जेलसको कार्यालय, शुभ अवसर ग्राम नेपालको पोखरास्थित परियोजना कार्यालय, बाल गृह, इन्सेकको प्रादेशीक कार्यालय र सीविन हेल्पलाइन कार्यालयको भ्रमण गरेको थियो । साथै, अध्ययन टोलीले कोपिला नेपाल र गण्डकी प्रदेशको शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयसँग पनि अन्तरक्रिया गरेको थियो । पोखराको मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूको अवस्था जान्न, अनुगमन र मानव बेचबिखन तथा शोषण विरूद्धको वकालतका एजेन्डाहरू संकलन गर्न पोखराको मनोरञ्जन क्षेत्र (दोहोरी रेस्टुरेण्ट) को अनुगमन भ्रमण गरेको थियो । | कास्की जिल्ला |
| ३१ | २०७९ वैशाख २५ | **"मनोञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको सवाल पहिचान" छलफल बैठक**<br>पोखरा आन्तरिक तथा बाह्य पर्यटकका लागि सबैभन्दा लोकप्रिय गन्तव्य भएकोले पोखरामा मनोरञ्जन क्षेत्रको उल्लेख्य उपस्थिति रहेको छ । पोखराको मनोरञ्जन क्षेत्र र महिला श्रमिकको अवस्था, तिनका समस्या र चुनौतिहरू बुझ्ने, थप वकालतका लागि एजेण्डाहरू पहिचान गरी संकलन गर्नु बैठकको उद्देश्य थियो । कार्यक्रममा दोहोरी रेस्टुरेण्ट तथा डान्सबारका वेटर, डान्सर, गायक, कप्तान, होटलमा हाउसकिपिङ र स्पा मा काम गर्ने किशोरी तथा महिलाहरूको सहभागिता रहेको थियो । मनोरञ्जन क्षेत्रका समस्याहरू पहिचान गरी त्यसको विश्लेषण गरेपछि श्रमिकहरू संगठित भएर सामूहिक वकालतमा लाग्नुपर्ने आवश्यकता महसुस भयो । एटविनले विश्वास नेपाललाई गण्डकी प्रदेशमा मनोरञ्जन क्षेत्रका श्रमिकहरूको प्रदेशस्तरीय संजाल गठन गर्न र प्रदेशस्तरीय वकालतलाई राष्ट्रिय स्तरमा जोड्न सहजीकरण गरेको थियो । | पोखरा, कास्की जिल्ला |
| ३२ | २०७९ जेठ ३ | **"मानव बेचबिखनबाट प्रभावितहरूको सवाल पहिचान" छलफल बैठक**<br>कर्णाली प्रदेशका मानव बेचबिखनबाट प्रभावितहरूका मुद्दा, समस्या पहिचान गर्न शक्ति समूहको समन्वयमा मानव बेचबिखन प्रभावितहरूको प्रादेशिक सञ्जालसँग बैठक आयोजना गरिएको थियो । एटविनले यी मुद्दाहरूलाई सम्बन्धित मञ्चमा, सम्बन्धित सरोकारवालाहरूसँग राख्नेछ र यसको सम्बोधनको लागि पहल गर्नेछ । सहभागीहरूले लैङ्गिक हिंसा, नागरिकताको अभाव र प्रभावकारी पुनर्स्थापना र सामाजिक एकीकरणमा कठिनाई मुख्य समस्या रहेको बताए । नागरिकता नहुँदा पीडितहरूले आफूले पाउने क्षतिपूर्ति दाबी गर्न सकेका छैनन् । कोभिड-१९ को महामारीको समयमा राहत सामग्री, उच्च शिक्षा र राम्रो जागिर, वैदेशिक रोजगारीमा जान, आफ्नो सन्तानका नागरिकता बनाउनबाट वञ्चित भएका छन् । | वीरेन्द्रनगर, सुर्खेत जिल्ला |

| | | | |
|---|---|---|---|
| ३३ | २०७९ जेठ १५ | **"मानव बेचबिखनबाट प्रभावित र मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूका समस्या तथा समाधानका उपायहरू" अन्तरक्रिया कार्यक्रम**<br>मानव बेचबिखनबाट प्रभावित र मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूसँग गरिएको बन्द सत्रहरूको निष्कर्ष र परिणामहरू सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउन र उठेका मुद्दाहरूमा छलफल गर्न र ती समस्याहरूलाई सम्बोधन गरी अगाडि बढ्न मार्गनिर्देशका लागि अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा मनोरञ्जन क्षेत्रका महिला श्रमिकहरूसँगको बन्दसत्र र मानव बेचबिखन प्रभावितहरूसँग गरिएको बन्द सत्रको निष्कर्ष विषयमा रहेको थियो । | ललितपुर जिल्ला |
| ३४ | २०७९ जेठ २३ | **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई ज्ञापन-पत्र हस्तान्तरण**<br>मानव बेचबिखन न्यूनीकरणका लागि सरकारले नीति, कानुन, राष्ट्रिय कार्ययोजना तथा कार्यक्रम तर्जुमा गरिरहेको छ । कानुनहरूलाई मानव अधिकारको दृष्टिकोणबाट वर्तमान परिस्थितिअनुसार परिमार्जन गर्न आवश्यक छ, अनि मात्र मानव बेचबिखन न्यूनीकरण र पीडित/पीडितलाई न्याय पाउने सम्भावना हुन्छ । यस सम्बन्धमा एटविनले ज्ञापनपत्र बुझाएर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई मानव बेचबिखन सम्बन्धी निम्न महत्वपूर्ण विषयमा आवश्यक पहल गर्न आग्रह गरेको थियो । | सिंहदरबार, काठमाडौं जिल्ला |
| ३५ | २०७९ असार ३ | **"मानव बेचबिखन नियन्त्रण तथा मनोरञ्जन क्षेत्रलाई व्यवस्थित बनाउन निजी क्षेत्रको भूमिका" विषयमा संवाद कार्यक्रम**<br>मानव बेचबिखन, मनोरञ्जन क्षेत्र र यहाँ हुने शोषण तथा उत्पीडन विषयमा निजी क्षेत्र र मनोरञ्जन क्षेत्रका व्यवसायीहरूलाई सचेत गराउन र मानव बेचबिखन नियन्त्रण र मनोरञ्जन क्षेत्रलाई सुरक्षित, मयार्दित कार्यस्थल बनाउन निजी क्षेत्रको भूमिकाबारे छलफल गर्न निजी क्षेत्रसँग संवाद आयोजना गरेको थियो । कार्यक्रममा मनोरञ्जन क्षेत्रका व्यवसायीहरूले आफ्ना समस्या र चुनौतिहरूको बारेमा जानकारी गराएका थिए । | काठमाडौं जिल्ला |
| ३६ | २०७९ असार २२-२४ | **नेतृत्व विकास प्रशिक्षण**<br>मनोरञ्जन क्षेत्रका श्रमिक महिला तथा मानव बेचबिखनबाट प्रभावित महिलाहरूको क्षमता र नेतृत्व विकास गर्ने उद्देश्यले तीनदिने प्रशिक्षण आयोजना गरिएको थियो । नेतृत्व र वकालतको लागि उनीहरूको सीप विकास गर्न प्रशिक्षण आयोजना गरेको थियो । प्रभावित र श्रमिकहरूको जीवनका अनुभवहरूले सहभागीहरूलाई आफ्नो लक्ष्यमा काम गर्न र आफ्नो अधिकारको लागि लड्न उत्प्रेरित गर्‍यो । | ललितपुर जिल्ला |
| ३७ | २०७९ असार २७ | **"मानव बेचबिखन न्यूनीकरण : विश्वव्यापी आवधिक समीक्षा (UPR) र दिगो विकासका लक्ष्यहरू (SDGs)" समन्वय बैठक**<br>मानव बेचबिखन सम्बन्धी नेपालको तेस्रो चक्र यूपीआर प्रतिवेदनका सिफारिसहरूको कार्यान्वयनमा सरोकारवालाको भूमिकाबारे छलफल गर्न र दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरू प्राप्त गर्न समन्वय कार्यक्रम आयोजना गरिएको थियो । एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङले मानव बेचबिखन, लैङ्गिक हिंसा र बाल अकिारसम्बन्धी तेस्रो साइकल यूपीआरका सिफारिसहरू र मानव बेचबिखनसँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूबारे प्रस्तुति गर्नुभएको थियो । | काठमाडौं जिल्ला |
| ३८ | २०७८ साउन - २०७९ असार | **एटविन सूचना तथा स्रोत केन्द्र**<br>प्रयोग कर्ता : ६१<br>विविध प्रकाशनहरू प्राप्त : १,६५५<br>विविध प्रकाशनहरू वितरण : ६,१७८ | काठमाडौं विभिन्न जिल्लाहरू |

| | | सह आयोजक | |
|---|---|---|---|
| १ | २०७८ श्रावण- भदौ | **राष्ट्रिय बाल अधिकार परिषद्सँग समन्वय**<br>बैठकमा परिषद्ले भारतमा बेचबिखनमा परेका, अलपत्र परेका वा बालश्रममा परेका बालबालिकाको उद्धार र स्वदेश फिर्तिका लागि निदेर्शिका तयार गरिरहेको बताए । सीमा क्षेत्रमा अलपत्र परेका नेपाली बालबालिकाको सुरक्षित फिर्ती र संरक्षणमा सहजीकरण गर्न निर्देशिका तयार गर्न गठन गरिएको कार्यदलमा एटविन, शक्ति समुह, राष्ट्रिय बाल संरक्षण संजाल (NCPA) र मानव बेचबिखन अनुसन्धान ब्यूरो सदस्य रहेका रुपमा रहेका थिए । छलफलमा एटविनद्वारा उद्धार, फिर्ती, पुनर्स्थापना र पुनर्मिलनका लागि तयार गरिएका SOP र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार पारेको पीडित पहिचान तथा स्वदेश फिर्ती सम्बन्धी निर्देशिका जस्ता यससँग सम्बन्धित दस्तावेजहरूको अध्ययन र समीक्षा गर्ने छलफल भएको थियो । | ललितपुर जिल्ला |
| २ | २०७८ भदौ २० | **१५ औं मानव बेचबिखनविरूद्धको राष्ट्रिय दिवस, २०७८**<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवसको अवसरमा भर्चुअल कार्यक्रम आयोजना गरेको थियो । एटविनले दिवस समारोहको व्यवस्थापन समितिको सदस्य र सम्मान र पुरस्कार सिफारिस उपसमितिको संयोजकको भूमिका निर्वाह गरेको थियो । कार्यक्रममा एटविनले नागरिक समाज संघसंस्थाको तर्फबाट मन्तव्य दिने अवसर पाएको थियो । एटविनका अध्यक्ष नातिसरा राईले मानव बेचबिखन, उद्धार र स्वदेश फिर्तिका महत्वपूर्ण मुद्दाहरू उठाउनु भएको थियो । | काठमाडौं जिल्ला |
| ३ | २०७८ मंसिर ९-२४ | **लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान, २०२१**<br>एटविनले नोभेम्बर २५ मा गण्डकी प्रदेशले पोखरामा आयोजना गरेको ऱ्याली र १० डिसम्बरमा गैरसरकारी संस्था महासंघ नेपालले काठमाडौंमा आयोजना गरेको ऱ्यालीमा समेत सहभागी भइ क्रमशः महिला हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस र अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको मनाएको थियो । | कास्की र काठमाडौं |
| ४ | २०७८ फागुन २४ | **११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, २०२२**<br>११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालले आयोजना गरेको ऱ्यालीमा एटविनले सहभागिता जनाएको थियो । "Gender Equality Today for a Sustainable Tomorrow" अन्तर्राष्ट्रिय नारा र "सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता" राष्ट्रिय नाराको साथ सम्मानीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले आयोजना गरेको कार्यक्रममा पनि एटविनले सहभागिता जनाएको थियो । | काठमाडौं जिल्ला |
| ५ | २०७८ फागुन २९-३० | **मानव बेचबिखन प्रभावितहरूको पाँचौ राष्ट्रिय भेला**<br>शक्ति समूह र एटविनको सह-आयोजनामा मानव बेचबिखन नियन्त्रणका लागि बेचबिखन प्रभावितहरूको पाँचौं राष्ट्रिय भेला आयोजना गरिएको थियो । भेलामा शक्ति समूहका अध्यक्ष तथा राष्ट्रिय संजालकी संयोजक चरिमाया तामाङको अध्यक्षता र राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष मा. तप बहादुर मगरको प्रमुख आतिथ्यता रहेको थियो । भेलामा ९७ जना प्रभावित सहित २०५ जनाको सहभागिता रहेको थियो । भेलाबाट आएका मुद्दाहरूलाई समेट्दै २९ बुँदे घोषणा पत्र तयार गरिएको थियो । भेलाको समापनपछि राष्ट्रिय सञ्जालका सदस्यहरूले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीसँग शीतल निवासमा विशेष बैठक गरेका थिए । बैठकमा उक्त घोषणा पत्र राष्ट्रपतिलाई हस्तान्तरण गरिएको थियो । | जोरपाटि, काठमाडौं |
| ६ | २०७८/७९ | **NACG नेपाससँग समन्वय र सहकार्य** | काठमाडौं |
| ७ | २०७९ बैशाख ३ | **स्थानीय तह निर्वाचन, २०७९ को अनुगमन** | काठमाडौं |
| ८ | २०७९ असार २०-२१ | **मनोरञ्जन तथा सत्कार सेवामा कार्यरत श्रमिकहरूको दोस्रो राष्ट्रिय भेला**<br>मनोरञ्जन तथा सत्कार सेवामा कार्यरत श्रमिकहरूको दोस्रो राष्ट्रिय भेला विश्वास नेपालले आयोजना गरेको थियो । भेलामा एटविनले प्राविधिक सहयोग गरेको थियो । सम्मेलनले शोषण र भेदभाव रहित कार्यस्थलमा मैत्रीपूर्ण वातावरण बनाउन आह्वान गर्दै १४ बुँदे घोषणापत्र जारी गरेको थियो । एटविनले उद्घाटन, समापन सत्रमा कार्यक्रम सञ्चालनका साथै समानान्तर सत्रको सहजीकरण र रिपोर्टिङ लगायत सम्मेलन आयोजना गर्न प्राविधिक सहयोग प्रदान गरेको थियो । | काठमाडौं जिल्ला |

**उपलब्धि**

- यूएनको ECOSOC Consultative Status प्राप्त ।
- पालेर्मो प्रोटोकलको अनुमोदन पछि यसको घरेलु कारणका लागि कार्यदिशाको तयारीको खाका तयार र वकालत ।
- मानव बेचबिखन विरुद्धको नमूना राष्ट्रिय, प्रादेशिक तथा स्थानीय नीति तयार गरी कोशी, लुम्बिनी, गण्डकी, वाग्मति, कर्णाली तथा सुदुरपश्चिम प्रदेशहरूमा हस्तारन्तरण तथा बागमती प्रदेशमा कोष खडा गरेको तथा गण्डकी प्रदेशको नीति तथा कार्यक्रममा राखी सम्बोधनको क्रममा रहेको छ ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रस्तावित संशोधनको मस्यौदा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा बुझाई त्यसको सुझावहरू पनि प्रस्तावित संशोधनमा समावेश गरिएको जानकारी ।
- मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा फिर्तिका लागि कार्यसञ्चालन प्रक्रिया सम्बन्धी मापदण्ड सम्बन्धी वकालत ।
- मानव बेचबिखन विरुद्धको नयाँ राष्ट्रिय कार्ययोजनामा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई सुझाव हस्तान्तरण र वकालत ।
- मानव बेचबिखन विरुद्धको अवधारणागत स्पष्टता प्रशिक्षण, "नयाँ कानुनहरूमा मानव बेचबिखनसँग सम्बन्धित प्रावधान सम्बन्धी अभिमूखिकरण कार्यक्रम मार्फत सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट "मानव बेचबिखन तथा ओसारपसार पीडित पहिचान तथा स्वदेश फिर्ती सम्बन्धी मार्गनिर्देशन, २०७७" मस्यौदा तयार गरिएको ।
- बालबालिका सम्बन्धी नियमावली, २०७८ मा बालबालिकाहरूको उद्धार, स्वदेश फिर्ती तथा पारिवारिक पुनर्मिलन सम्बन्धी प्रावधान समावेश ।
- मानव बेचबिखन विरुद्धमा सरकारी निकाय, निजी क्षेत्र तथा संचारसँग सहकार्य तथा समन्वयमा वृद्धि ।
- टिभी कार्यक्रम तथा संचार मार्फत पहँचमा वृद्धि ।
- एटविनको अभियानलाई विभिन्न दिवसहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान र मुद्दा राख्ने अवसर । (MoWCSC, NCRC, NACG)
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा एटविनले पाएको जिम्मेवारीअनुसार सिफारिश गरेकोमा बेचबिखन प्रभाभितहरूको संस्था एंव एटविनका सदस्य संस्था शक्ति समूहलाई पन्धौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस- २०७८ भदौ २० को अवसरमा पुरस्कार प्रदन गरिएको ।
- मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस मनाउन लागेको पन्ध्र वर्षपछि निरन्तरको प्रयासले राष्ट्रिय स्तरमा प्रकासन हुने पात्रोमा राख्न सफल ।
- बेचबिखन प्रभावितहरूको पाँचौ राष्ट्रिय भेलाको संयुक्त आयोजना ।
- मनोरञ्जन तथा सत्कार सेवामा कार्यरत श्रमिकहरूको दोस्रो राष्ट्रिय भेला, २०७७ तथा गण्डकी प्रदेशमा सञ्जाल बिस्तारमा सहयोग ।
- संस्थागत विकासः अनुगमन तथा मूल्याङ्कन नीति, २०७८, आपत्कालिन राहत कोष परिचालन कार्यविधि, २०७८ को निर्माण ।
- विभिन्न जिल्लाहरूमा रहेका सदस्य संस्थाहरूमा पोखरामा भेटघाट र त्रैमासिक बैठक मार्फत सदस्य संस्थाहरूको कार्यक्रम, संस्थागत जानकारी र सिकाई । सहकार्यमा कार्यक्रम गरिएको ।
- निजी क्षेत्रको प्रभु म्यानेजमेन्ट तथा अन्तर्राष्ट्रिय विकास संस्था फ्रि द स्लेभ्स, यूएससँग आर्थिक स्रोत बिना साझेदारीको शुरुवात ।
- एटविन सदस्यताको रुपमा आवद्धताका लागि चासोमा वृद्धि ।
- विभिन्न कार्यक्रमहरू मार्फत जम्मा ९९० जनासँग प्रत्यक्ष पहुँच ।
- आपत्कालिन् राहत कोषबाट २ जनालाई सहयोग ।
- अन्तर्राष्ट्रिय स्तरमा सहभागिता तथा विषयको उठान ।
- एटविनको सूचना तथा श्रोत केन्द्रको प्रभावकारी परिचालनका मार्फत ६१ जना प्रयोगकर्तालाई सूचना दिइएको, १,६५५ प्रकाशनहरू प्राप्त भएको तथा ६,१७८ प्रकाशनहरू वितरण गरिएको थियो जसमा ५४ वटा कलेजहरू र १४ विद्यालयहरू रहेका थिए । साथै, सामाजिक सञ्जाल फेसबुक मार्फत ५६,९०२ व्यक्तिहरूमा सूचनाको पहुँच भएको थियो ।

# मकवानपुर महिला समूह, मकवानपुर




**सदस्य संस्थाको नाम :** मकवानपुर महिला समूह
**एटविनमा आवद्ध भएको वर्ष/मिति :** वि.सं. २०६३
**दर्ता भएको जिल्ला र वर्ष :** मकवानपुर
**कार्यक्षेत्र जिल्ला :** मकवानपुर
**सम्पर्क नं :** ०५७-५२२८१४
**ईमेल तथा वेभसाइट :** mwg_htd@ntc.net.np

**परिकल्पना**

भेदभाव रहित स्वस्थ समाजको निर्माण, जहाँ सबैको अधिकार सुनिश्चित र सुरक्षित भएको हुनेछ ।

**लक्ष्य**

समाजमा रहेको अशिक्षा, कुसंस्कार, अन्धविश्वास र त्यसले जन्माएको समस्याहरू निर्मुल पार्दै समुन्नत समाजको निर्माण, एच.आई.भी संक्रमित, प्रभावित, हिंसामा परेका महिला र अन्य जोखिममा रहेका महिला तथा बालबालिकाको उत्थान गर्ने ।

**उद्देश्य**

- आयआर्जनमा पहुँच वृद्धि गरी एच.आई.भी. संक्रमित तथा प्रभावित र हिंसामा परेका महिलाहरूको आर्थिक सशक्तीकरण गर्ने ।
- एच.आई.भी. संक्रमित, प्रभावित र हिंसा र बेचबिखनमा परेका महिला र सीमान्तकृत महिलाहरूलाई समाजमा सम्मानपूर्वक बाँच्न पाउने वातावरणको सृजना गर्न उनीहरूको अधिकार प्राप्तिको लागि हातेमालो गर्दै पितृसत्तात्मक सोंचमा परिवर्तन ल्याउने ।
- स्थानीय स्तरका सरोकारवालाहरू, सरकार र नागरिक समाज बीच समन्वय, सहकार्य र साझेदारिता बढाउने ।
- एच.आई.भी. संक्रमित तथा प्रभावित बालबालिका र महिलाहरू र अन्य जोखिममा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच बढाउने ।
- एचआईभी संक्रमित तथा प्रभावित हिंसामा परेका महिला तथा बालबालिकाहरूको उत्थान र विकासका लागि कार्य गर्ने ।
- जल, जमिन, जंगल तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन, प्राकृतिक श्रोतमा महिलाको पहुँच वृद्धि गर्दै जलवायु अनुकूलनमा उनीहरूको सहभागीता र भूमिकालाई प्रभावकारी बनाउन योगदान गर्ने ।
- बालबालिकाहरूको अधिकार सुनिश्चिचताका लागि दासत्व (बालश्रम) तथा जोखिममा परेका बालबालिकाहरूको उद्धार, सुरक्षा, परामर्श गरी उनीहरूलाई छात्रवृत्तिमा सहयोग गरी तिनका अविभावकलाई सचेतना गर्दै आवश्यक सहयोग गर्ने ।
- सवाल मिल्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी, गैरसरकारी संजाल तथा संस्थाहरूसँग बिषयगत साझेदारिताका लागी सहकार्य र समन्वय बिस्तार गर्दै लैजाने ।
- आप्रवासीहरूको अवस्था अध्ययन गरी उनीहरूको हक अधिकार तथा उत्थान र विकासका लागि कार्य गर्ने ।
- पैतृक सम्पत्ति माथि महिलाहरूको अधिकार स्थापित गर्ने, पुरुष समूहहरूको परिचालन साथै कामको बाँडफाँड गर्दै व्यवहार परिवर्तनका लागि कार्य गर्ने ।

**प्रमुख सवाल तथा कार्यक्रम तथा सेवाहरूः**

- महिला अधिकार, महिला सशक्तिरण र एचआईभीको सवालमा केन्द्रित भएर कार्यक्रमहरू संचालन गरिरहेको छ ।

संस्थाले २०७३ सम्म प्राप्त गरेको राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको पुरस्कार वा सम्मान
Awarded as a Aware Women Award 2013 by Radio Makwanpur, effectively working for HIV infected and affected women and children for their rights in Makawanpur.

**संस्थाले गरेको कुनै ३ मुख्य उपलब्धि**

- महिलाहरू आर्थिक रुपले सशक्त भएको, लैंगिक हिंसाको सवालमा रहेर कार्यक्रम पश्चात महिलाहरू कानुनी रुपमा मुद्दा दर्ताका लागि अघि बढेको ।
- पुरुष समूह बनाई परिचालन गर्दा महिलाको कार्यबोझ न्युनीकरण गर्न पुरुषहरूले सहयोग गरेको ।
- एचआईभि संक्रमितहरूको सवाल वकालत गर्न सकेको ।

# आवाज, सुर्खेत




**सदस्य संस्थाको नाम :** आवाज
**एटविनमा आवद्ध भएको वर्ष/मिति :** वि.सं. २०६६
**दर्ता भएको जिल्ला र वर्ष :** सुर्खेत
**कार्यक्षेत्र जिल्लाहरू :** सुर्खेत, दैलेख, बर्दिया, काठमाडौं तथा कर्णाली प्रदेशका १० वटा जिल्लाहरू
(अन्यत्र जिल्लाबाट अलपत्र तथा जोखिममा परेका जुनसुकै जिल्ला)
**सम्पर्क नं :** ९८५१०६२१२४/०८३-५२३६३५
**ईमेल तथा वेभसाइट :** skt@aawaaj.org.np; ktm@aawaaj.org.np

**संस्थागत परिचय**

समुदायस्तरमै महिला तथा बालबालिका विरुद्ध हुने यौनशोषण, दुर्व्यवहार, घरेलु हिंसा, मानव बेचबिखनलाई रोक्न र व्यवस्थापन गर्ने उद्देश्यले २०५६ सालमा आवाज संस्थाको स्थापना भएको हो ।

स्थानीय देखि राष्ट्रिय स्तरसम्म आम रुपमा रहेको महिला तथा बालबालिका माथि यौनशोषण, दुर्व्यवहार र घरेलु हिंसा जस्ता मुख्य समस्याहरूलाई सामाजिक मान-प्रतिष्ठा, इज्जत, लाज, डरको रुपमा लिने हुँदा बाहिर नआउने र आइहालेपनि त्यस्ता घटनामा कार्वाही नहुँदा पीडितले झनै पीडा खेप्नु पर्ने र पीडकले बारम्बार त्यस्ता घटनाहरू दोहाऱ्याउदै जान सक्ने अवस्था रहेको छ । अतः आवाजले त्यस्ता दबिएका मौन आवाजलाई बुलन्द गर्दै महिला र बालबालिकालाई सशक्तिकरणका माध्यमबाट अपराधीलाई सजाय दिलाउनको लागि सम्बन्धित निकायमा विशेष पहल गर्नुका साथै पीडितलाई विभिन्न आवश्यक सहयोग पुऱ्याउनको लागि सम्पूर्ण सरोकारवालाहरूको जिम्मेवारीमा वृद्धि गर्ने प्रयास गर्दै आएको छ । संस्थाले स्थापनाकालदेखि नै हिंसा रहित समानतामूलक समाजको निर्माणमा पुरुषको सहभागिता आवश्यकत्ता हो भन्ने कुरालाई मध्यनजर राख्दै आवाजले सेतो रिबन अभियानको थालनी गर्दै आएको छ । यस अभियानले पुरुष र युवाहरू हिंसा ल्याउने कारण मात्र नभई पुरुषहरूले सबै प्रकारका हिंसा विरुद्धमा सामेल भई समाधानको लागि पूर्ण प्रतिवद्धता र पहल गर्न सक्छन् भन्ने कुरामा विश्वास राख्दै पुरुषहरूलाई हिंसा विरुद्धको अभियानमा सहभागिता गराउँदै आएको छ । यस संस्थाले आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि विभिन्न गैर सरकारी तथा सरकारी निकायहरूसँग साझेदारी, सहकार्य र समन्वय गर्दै महिला तथा बालबालिकाहरूलाई जनचेतना, निःशुल्क मुद्दा तथा निवेदन लेखन, विद्यालयलाई शैक्षिक तथा आर्थिक सहयोग, सिपमूलक तालिम तथा रोजगारको व्यवस्थापन, समस्या प्रभावितका लागि परामर्श, मनोविमर्श, मध्यस्थता र आपतकालिन गृहको सेवा प्रदान गर्दै आइरहेको छ ।

**लक्ष्य :**
हिंसा रहित समानतामूलक समाजको निर्माण गर्ने ।

**उद्देश्य :**
महिला तथा बालबालिका माथि हुने यौन तथा घरेलु हिंसा, बेचबिखन सम्बन्धी जनचेतना फैलाउने ।

- समस्याबाट प्रभावित व्यक्तिको मौनता तोड्न मद्दत गर्ने, नैतिक समर्थन दिने, आत्मबल बढाउने र समाजमा सम्मानपूर्वक आत्म सम्मानका साथ खुसीसँग जीवनयापन गर्न सक्षम बनाउने ।
- महिला तथा बालबालिकाको अधिकारका लागि वकालत गर्ने, उनीहरू विरुद्ध गरिने दुर्व्यवहार र भेदभावको परिणामबारे समाजलाई सचेत गराउने र आफ्नो सुरक्षाका उपायहरू अपनाउन सक्षम बनाउने ।
- महिला तथा बालबालिका माथि हुने यौन तथा घरेलु हिंसा विरुद्ध जिल्लास्तरीय सञ्जाल निर्माण गर्ने र राष्ट्रिय स्तरको सञ्जालसँग समन्वय, सम्पर्क बिस्तार गर्ने ।
- पीडितहरूलाई नैतिक समर्थन दिने र समाजमा पुनर्स्थापना गर्न मद्दत गर्ने ।
- देशव्यापी रुपमा हुने महिला तथा बालबालिकाहरूको यौन शोषण, दुर्व्यवहार, चेलीबेटी बेचबिखन तथा घरेलु हिंसा विरुद्धमा आवाज उठाउने नेटवर्क बनाउने ।

**प्रमुख सवाल, कार्यक्रम तथा सेवाहरू :**
आश्रय सेवा, मनोविमर्श तथा पारिवारिक परामर्श सेवा, शैक्षिक सेवा, कानुनी परामर्श तथा कानुनी सेवा, पारिवारिक पुनर्स्थापना, गाडी भाडा, स्वास्थ्य सेवा, राहत वितरण लत्ताकपडा वितरण, आर्थिक सहयोग सिपमूलक तालिम सरकारी तथा गैरसरकारी निकायमा सिफारिस ।

**संस्थाले गरेको कुनै ३ मुख्य उपलब्धि**

- हिंसा प्रभावित महिला तथा बालबालिकाको लागि आपतकालिन अल्पकालीन आवास गृह ।
- हिंसा प्रभावित महिला तथा बालबालिकाको लागि आवश्यकता अनुसारको कानुनी, स्वास्थ्य, शैक्षिक सहयोग, मनोविमर्श, आश्रय, तथा राहत वितरण ।
- १०९८ बाल हेल्पलाइन संचालन, उद्धार, राहत पारिवारिक पुनर्स्थापना, सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य, विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन तथा पैरवी, सिपमूलक तालिम ।

# संचारमा एटविन

## 'तीनै तहका सरकार मानवबेचबिखन का मुद्धामा संवेदनशिल हुनुपर्छ'

१४ मंसिर २०७८, मंगलवार



बुटवल। तीनै तहका सरकार मानवबेचबि...
मुद्धामा संवेदनशिल हुनुपर्नेमा जोड दिइएक...

## वैदेशिक रोजगारका नाममा मौलाएको मानव बेचविखन

महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह (एट...
पीडितको अवस्थाबारे अनुसन्धान गर्दै गर्दा बर्दियाकी एकजना ...
वैदेशिक रोजगारको क्रममा विछिया नाकाको बाटो भारत हुँदै वि...
बेचिएकी ती महिलाले त्यहाँ बिताएको नारकीय जीवन र श्रीमती...
नसक्दा यता घरमा श्रीमान्ले आत्महत्या गरेको यो घटना देख्रे सु...
मुस्किलले दैनिकी चलाएका बेला विदेशमा घरेलु काम ...
दलाल थिए। ...

## एटविनद्वारा लुम्बिनी प्रदेश सरकारलाई नागरिक सुझाव पत्र हस्तान्तरण



## मानव बचावखन विरूद्धको राष्ट्रिय कार्ययोजना परिमार्जन हुनुपर्छ




## बेचबिखनमा परेकाको उद्धारमा कठिनाइ

गोरखापत्र समाचारदाता

काठमाडौं, असोज १३ गते । मानव बेचबिखनबाट प्रभावितको उद्धार सम्बन्धमा ठोस नीति/निर्देशिका बनाउने ...

स्वदेश ल्याउन राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा समन्वयका लागि नीति/निर्देशिका बनाउन आयोगले ...




## महिला तथा बालबालिका बेचबिखनविरुद्ध एटविनले नमुना नीति तयार गर्ने

काठमाडौं, ९ पौष । महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन) ले मानव मानव बेचविखन न्युनिकरणमा सहयोगका लागि स्थानिय, प्रादेशिक तथा राष्ट्रिय तहको नमुना नीति तयार गर्ने भएको छ ।

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्वन्धी स्थानीय नीति तथा कार्यान्वयन निर्देशिका २०७७ को नमुना बारे स्थानिय तहका जनप्रतिनिधी र सरोकारवाला सङ्घ संस्थाका पदाधिकारीबीच व्यापक छलफल गरेको थियो ।

एटविनका कार्यकारी निर्देशक बेनुमाया गुरुङले मानव बेचविखन विरुद्धको नीति, कानुन ३० औं वर्ष पुरानो भईस... नीतिमा अहिलेको सन्दर्भमा व्यापक परिवर्तन गर्नुपर्ने आवश्यकता छ, भन्नुभयो ।

एटविनले मानव बेचबिखन विरुद्ध नीतिगत तहमा राष्ट्रिय÷अन्तराष्ट्रिय परिवेशमा आएको परिवर्तन अनुसार नीति कार्यान्वयन कार्यशैलीमा परिवर्तन गराउन अभियानहरू संचालन गर्दै आइरहेको जानकारी दिनुहुँदै कार्यकारी निर्देशक... नीति बनाएर सरकारलाई सहयोग गर्ने लक्ष्य रहेको बताउनुभयो ।

नेपालको संविधान २०७२ अनुसार नेपाल संघिय संरचनामा ... कानुनहरुको निर्माण, पुराना ...

## 'स्वदेश फर्किन चाहने श्रमिकलाई अविलम्ब त्यसको व्यवस्था मिलाउ'

सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कार्यरत संघसंस्थाहरुले विभिन्न गन्तव्य मुलुकमा रहेका र स्वदेश फर्किन चाहने नेपालीलाई स्वदेश फर्काउन र तत्कालिन व्यवस्थापनको प्रवन्ध गर्न सरकारसँग माग गरेका छन् । कोभिड १९ को दोश्रो लहरका बीच विदेशबाट फर्किनेहरुको तत्कालिन व्यवस्थापन कहाँ गर्ने, खर्चको ...व्यवस्थापन, कानुनी परामर्श, परिवारमा सहज पुनःस्थापना, गोपनीयता र आर्थिक तथा सामाजिक ...र्एकीकरणमा कसरी जोड्ने भन्ने विषयमा आवश्यक कदम चाल्न पनि सवै सरकारी निकायलाई ति ...स्थाहरुले आग्रह गरेका हुन् ।

...रक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल, महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह नेपाल ...टविन), श्रम रोजगार पत्रकार समूह, वैदेशिक रोजगार पत्रकार समाज, नेशनल नेटवर्क अगेन्स्ट गर्ल्स ... एक विज्ञप्ती प्रकाशित गर्दै सरकारलाई यस्तो आग्रह

## मानव बेचविखनबाट प्रभावितहरुको उद्धारका लागि एकिकृत मापदण्ड बनाउनुपर्नेमा जोड

काठमाडौं ,माघ १३ । विश्वमा हुने संगठित अपराध मध्येको एक मानव बेचविखनबाट प्रभावितहरुको उद्धारका ... एकिकृत मापदण्ड बनाउनुपर्नेमा जोड दिएको छ ।

मानव बेचविखनको क्षेत्रमा लामो समयदेखि क्रियासिल संस्था एटविनले रोजगारीको नाममा हने यस साङ्गठनिक ... लागि उद्धा... ...रेको हो । ...नब बेचविख...

## मानव बेचविखन हुनै नदिन रोजगारीमा अभिवृद्धि ल्याउनुपर्ने

काठमाडौं – राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला कुमारी पराजुलीले मानव बेचविखन हु... नदिनेतर्फ सचेतना तथा रोजगारीमा अभिवृद्धि ल्याउनुपर्नेमा जोड दिनुभएको छ ।

6/15/23, 2:00 PM

मानव बेचविखन विरुद्धको ... मङ्गलवार आयोजित 'मानव बेचविखन ...विषयक छलफल कार्यक्रममा अध्यक्ष ...




...ारी रोजगारीकै नाममा बेचविखनमा ...लगायतका विभिन्न प्रक्रिया ज्यादै ...गि राज्य र सरोकारवाला संस्थाले

...दिने अभ्यास र बढ्दै गएको ... महिला बढि समस्यामा परेको

... सदस्य विष्णुमाया ओझाले यस समस्यामा परेका व्यक्तिहरू र ...को लागि काम गर्ने संस्थाका लागि आवश्यक सहयोग गर्न आयोग सदैव तयार रहेको बताउनुभयो ।

## मानव बेचविखनबाट प्रभावितको उद्धार सम्वन्धमा ठोस नीति बनाउन माग

काठमाण्डौ ,असोज १४।

मानव बेचविखनबाट प्रभावितको उद्धार सम्वन्धमा ठोस नीति/निर्देशिका बनाउने बन्नुपर्ने माग गरिएको छ । मानव बेचविखनबाट प्रभावितको उद्धार सम्वन्धमा ठोस नीति/निर्देशिका बनाउने बन्नुपर्ने माग गरिएको छ । महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन) द्वारा बुधवार राजधानीमा आयोजित कार्यक्रममा मानव बेचबिखनमा परेका महिला÷बालबालिका नीतिको अभावमा उद्धार गर्न कठिनाई भइरहेको भन्दै त्यस्तो नीति/निर्देशिका बनाउन सरोकारवाला, अधिकारकर्मी तथा अभियन्ताले माग गरेका हुन् । कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले आफुले महिला हिंसा बिरूद्ध अभियानमा लागेको तीन दशकको अनुभवमा मानव बेचविखनको स्वरूप बदलिरहेको बताइन । उहाँले मानव बेचविखनमा परेकालाई उद्धार गरेर स्वदेश ल्याउन राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा समन्वयको लागि नीति÷निर्देशिका बनाउन आयोगले सरोकारवाला मन्त्रालय,संस्था र नागरिक समाजसँग सहकार्य गर्ने प्रतिवद्धता जनाएकी थिइन ।

# समाचारमा मानव बेचबिखन



## Porous border, poor checks and new tactics help human trafficking thrive

Trafficking of Nepali girls and women remains a huge problem as ... border, not only to take them to India, but also to smuggle them

CHANDAN KUMAR MANDAL
KATHMANDU, JULY 29

Two years ago, when her husband landed in Qatar for a job, she thought that they were in for better days. But misfortune struck quickly. Within three months of reaching the Gulf state, her husband was suddenly jobless. The company he was contracted to work for shut down. He had no option than to return. The couple with two kids was buried under a loan of Rs 200,000.

She then decided to take matters into her own hands. She told her husband that instead of him, she would go on foreign employment.

"I knew a woman earning enough in the United Arab Emirates to support

## Woman trafficker held after 28 years

...IMANDU: The Anti-Human ...cking Bureau of Nepal Police has ...ted a suspect of human traffick- ...3 years after the crime he alleg- ...committed. According to police, Sharan Pandit, 68, of Changu-

## अंग बेच्न हत्या, ६ आरोपित पक्राउ

## गाउँले जाग्दैथे, सुनबहादुर छुटेपछि हच्किए

## देशभित्रै बेचिन्छन् महिला–बालिका

चाँडै विश्वास जित्न, प्रलोभनमा पार्न र डर देखाई अपराध ढाकछोप गर्न सजिलो हुने भएकाले गरिब तथा विपन्न परिवारका महिला–बालिका बेचबिखनको उच्च जोखिममा

## कहाँ होलान् छोरीहरू !

गाउँलेले छोरीबुहारीलाई जागिर मिलाइदिन्छौं भनेर लाने र उतै बेपत्ता पार्नेहरूको चित्र मनभित्र राखेका छन् तर भन्न डराउँछन्

बिनु सुवेदी (थ्याङफेदी, नुवाकोट)

एक दुब्लोश्वर गाउँपालिका–१ थ्याङफेदीका ६८ वर्षीय श्याम तामाङकी २४ वर्षीया जेठी छोरीको पोहोर मृत्यु भयो।

## जब श्रीमान्‌ले नै देहव्यापारमा लगाउन खोजे

## मिर्गौला तस्करीमा प्रहरी नै

भक्तपुरका एक युवकलाई लाखौं रकमको प्रलोभन देखाएर नक्कली कागजात बनाई मिर्गौला तस्करी गरेको आरोपमा डाक्टर, प्रहरी, सरकारी कर्मचारी, जनप्रतिनिधिसहित १२ जना पक्राउ

## Two held for trafficking woman, her daughter to Turkey

Himalayan News Service
*Kathmandu, February 26*

The Anti-Human Trafficking Bureau of Nepal Police has arrested two persons, including a woman, for their alleged in-

Basnet had lured the mother and daughter into going to Turkey with the assurance of jobs, which will earn them Rs 80,000 a month.

The mother and daughter sold a plot of land and provided ...000 to Bhatta and Basnet ... Subsequently, the victims reached to Turkey via Tribhuvan International Airport on ...ber 8. The mother and daughter were accompanied ...

there for the past few years. "In Turkey, Basnet's father took the mother hostage and the daughter was sold to someone else 2,000 Turkish Lira (around 31,363)," the AHTB said. After the case of human trafficking was reported, the government authorities directed the ... key-based Nepali mission ... their rescue and repatriation.

The daughter and mother were brought home on November 23 and January 10, respectively. Upon their return, the victims had filed an FIR against Bhatta and Basnet at the AHTB.

They have been charged with human trafficking. The AHTB ... and other countries by producing fake marriage certificates

## Human trafficking laws need to be amended

Ram Kumar Kamat
*Kathmandu, February 6*

The government needs to amend human trafficking laws ... human trafficking as a form of organised crime.

Adviser of People's Forum for Human Rights-Nepal Som Prasad Luitel said ratification of ...

## Women hit by pandemic, domestic violence at high risk of trafficking

Traffickers have been using the Jamunaha border in Banke to smuggle girls and women to India on the pretext of sending them abroad for jobs, anti-trafficking officials say.

According to the Nepalgunj branch of Maiti Nepal, as many as 14 women who were heading to the Gulf country through India have been rescued from ...

According to Maiti Nepal, as many as 14 women who were heading to the Gulf country through India have been rescued from Jamunaha border point in the past two week

MADHU SHAHI
BANKE, JAN 8

A woman from Sindhupalchok district was rescued by the officials of Maiti Nepal, an social organisation working in the field of anti-human trafficking, in Nepalgunj, Banke on January 1.

The woman in her early forties was on her way to the Gulf country, as assured by her agent, through India. She learned that she was being sent abroad illegally only after she was

## दिनहुँ हराउँछन् २२ महिला–बालिका

लकडाउन र निषेधाज्ञाका बेला ५११ जना हराएकामा ११३ जना मात्रै भेटिए

कति हराए, कति भेटिए ?

| | |
|---|---|
| महिला | हराएका- ११,९४८ भेटिएका- ५,९४४ |
| बालिका | हराएका- ८,२८५ भेटिएका- ५,०९८ |
| पुरुष | हराएका- ८,०३९ भेटिएका- २,४३ |
| बालक | हराएका- ३,६०३ भेटिएका- २,२४३ |

## Trafficker arrested

KATHMANDU: The Anti-Human Trafficking Bureau of Nepal Police arrested a person for his alleged involvement in trafficking 12 women to Sri Lanka on the pretext of getting them decent jobs in Dubai. According to the AHTB, Ram Kumar Chaudhary, 35, of Morang had lured the victims into going to Sri Lanka via New Delhi in 2015. After landing in Sri Lanka, the women were taken hostage for two

# एटविन सूचना तथा स्रोत केन्द्र

यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरु निम्न रहेका छन् :

| मानव बेचबिखन | मानव अधिकार | महिला अधिकार | बाल अधिकार |
|---|---|---|---|



**मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार, बाल अधिकार तथा महिला विरुद्धको हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू, अनुसन्धान, प्रतिवेदन, जर्नल, बुलेटिन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह, सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC सामाग्रीहरू उपलब्ध छन् ।**

---

## सूचना तथा स्रोत केन्द्र खुल्ने समयः

दिन : हरेक हप्ता सोमबार देखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

*एटविन सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं ।*